# वार्षिक गतिविधि प्रतिवेदन

## आ.व. २०८१/०८२

जीवन, मर्यादा समानता, स्वतन्त्राको अधिकार : दिगो शान्ति र समृद्धिको आधार

# राष्ट्रिय मानव अधिकार आयोग

## कर्णाली प्रदेश कार्यालय, सुर्खेत

"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र समृद्धिको आधार"

# वार्षिक गतिविधि प्रतिवेदन

## (आ.व.२०८१/०८२)

**राष्ट्रिय मानव अधिकार आयोग**

**कर्णाली प्रदेश कार्यालय, सुर्खेत**

## आयोगका पदाधिकारीहरु

**अध्यक्ष**

**माननीय श्री तप बहादुर मगर**

**सदस्य**

**माननीय श्री डा. सूर्य प्रसाद शर्मा ढुङ्गेल**

**माननीय श्री मिहिर ठाकुर**

**माननीय श्री मनोज दुवाडी**

**माननीय श्री लीली थापा**

**सचिव**

**श्री मुरारि प्रसाद खरेल**

**लेखन/सम्पादन समिति**

| | | |
|---|---|---|
| **सल्लाहकार** | : | श्री रमेश कुमार थापा, उपसचिव |
| **संयोजक** | : | श्री मान बहादुर कार्की, मानव अधिकार अधिकृत |
| **सदस्य** | : | श्री नरेन्द्र खत्री, मानव अधिकार अधिकृत |
| **सदस्य** | : | श्री राम प्रसाद उपाध्याय, मानव अधिकार अधिकृत |
| **सदस्य** | : | श्री सिर्जना श्रेष्ठ, मानव अधिकार अधिकृत |
| **सदस्य** | : | श्री देव राज परियार, मानव अधिकार अधिकृत |
| **सदस्य** | : | श्री कविता नेपाली, सहायक प्रथम |

| | | |
|---|---|---|
| **प्रकाशक** | : | राष्ट्रिय मानव अधिकार आयोग<br>कर्णाली प्रदेश कार्यालय, सुर्खेत |
| **प्रकाशन मिति** | : | २०८२, असार |
| **संस्करण** | : | दोस्रो |
| **प्रति** | : | २०० |
| **मुद्रण** | : | म्याक्सवेल प्रिन्ट्स प्रा.लि. नेपालगंज-१, बाँके |

**©सर्वाधिकार :** राष्ट्रिय मानव अधिकार आयोग
कर्णाली प्रदेश कार्यालय, सुर्खेत

©आयोगको यस कार्यालयको पूर्व स्वीकृती विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी संग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। तर बौद्धिक वा शैक्षिक प्रयोजनको लागि श्रोत खुलाइ आवश्यक अंशहरु साभार गरी प्रयोग गर्न सकिनेछ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

# मन्तव्य

आयोगको कर्णाली प्रदेश कार्यालय, सुर्खेतले आ.व.२०८१/०८२ को मानव अधिकारको समग्र अवस्थालाई समेटी वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ।

नेपालको संविधान, कानून तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुमा निहित हक-अधिकारहरु नागरिकले स्वतन्त्ररुपमा उपभोग गर्न पाउनु पर्दछ भन्नेमा आयोग दृढ रहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरु हुँन नदिन, राज्यका संयन्त्रहरुलाई मानव अधिकारको सुनिश्चितताका लागि जवाफदेही बनाउन तथा मानव अधिकार संस्कृतिको निर्माण गर्न यस क्षेत्रमा कार्यरत सबैको हातेमालो अपरिहार्य छ।

आयोगको कर्णाली प्रदेश कार्यालय, सुर्खेतले कर्णाली प्रदेशका १० जिल्लामा यस आ.व.को मानव अधिकारको समग्र अवस्थालाई मुखरित गरी तयार गरेको प्रस्तुत प्रतिवेदनले कर्णाली प्रदेशको मानव अधिकारको सर्वाङ्गिण पक्षलाई चित्रण गर्न र मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न योगदान गर्ने मेरो विश्वास छ।

अन्त्यमा यो प्रतिवेदन तयारी एवम् प्रकाशनको कार्यमा संलग्न कार्णाली प्रदेश कार्यालय, सुर्खेतका प्रमुख श्री रमेश कुमार थापासहित त्यस कार्यालयका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको म हार्दिक सराहना गर्दछु।

( तप बहादुर मगर )
अध्यक्ष

असार २०८२

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

नेपाल मानव अधिकार सम्बन्धी विभिन्न अन्तराष्ट्रिय महासन्धिहरुको पक्ष राष्ट्र बनेको छ । नेपालको संविधान २०७२ मा मानव अधिकारका थुप्रै प्रावधानहरुलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । अतः मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व हो ।

मानव अधिकारको सुनिश्चितताको लागि नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक तथा कानुनी दायित्व सुम्पेको छ । आयोगलाई मानव अधिकार उल्लंघन तथा दुरुत्साहनका उजूरी ग्रहण गरी उजूरीउपर अनुसन्धान र सिफारिस गर्ने अधिकार दिएको छ । त्यस्तै मानव अधिकार अवस्थाको निरन्तर अनुगमन गर्ने, कानुन पुनरावलोकन गर्ने,मानव अधिकार शिक्षाको प्रवर्धन गर्ने साथै नेपाल सरकारको मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दायित्वहरुको सम्बन्धमा प्रतिवेदनमाथि सुझाव तथा सिफारिस गर्ने अभिभारा समेत सुम्पेको छ ।

नेपाल संघीय संरचनामा गइसकेको अवस्थामा मानव अधिकार सुनिश्चतताका लागि तिन तहका सरकारहरुलाई थप जवाफदेही बनाउन आयोगले रणनीति योजना(२०२१-२०२६) ले तय गरेको निर्दिष्ट लक्ष्यहरु र उद्देश्यहरु प्राप्त गर्न आफ्ना कार्यालयहरु मार्फत बार्षिक कार्ययोजना बनाई कार्य गरिरहेको छ । यसै सन्दर्भमा आयोगको कर्णाली प्रदेश कार्यालयले आ.ब २०८१/०८२ मा मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान, मानव अधिकार अवस्थाको अनुगमन र प्रवर्धनात्मक कार्यहरु सहितका गतिविधिहरुलाई समेटेर आफ्नो बार्षिक गतिविधि प्रतिवेदन तयार गरेकोमा खुशी प्रकट गर्दछु । यस गतिविधि प्रतिवेदनमा हासिल गरेका महत्वपुर्ण उपलब्धि र चुनौतिहरु समेत समावेश गरी प्रकाशन भएको हुँदा कर्णाली प्रदेशको समग्र मानव अधिकार अवस्था र कार्यालयको कामको समेत मुल्यांकन गर्न सरोकारवाला सबैलाई सहज हुनेछ भन्ने मैले आशा एवम् विश्वास लिएको छु ।

वार्षिक गतिविधि प्रतिवेदनमा समावेश भएका विषयवस्तु कार्यालयको कामको समग्र प्रतिफल हो । कार्यालयको कामको प्रभावकारिता मापन गर्ने प्रमुख सूचक पनि हो । कार्यालयको गतिविधिहरु बारे जानकारी राख्न चाहने जोसुकैलाई पनि उपयोगी हुने देखिन्छ । कर्णाली प्रदेश कार्यालय सुर्खेतको आ.ब.२०८१/०८२ को बार्षिक गतिविधि प्रतिवेदनमा त्यस क्षेत्रको मानव अधिकार अवस्था सम्बन्धि सूचना समावेस समेत भएकाले प्रतिवेदनले प्रदेशको मानव अधिकार अवस्थाबारे बुझ्न सजिलो बनाएको छ । प्रतिवेदनलाई यस अस्थामा पुर्याइ दस्तावेजीकरण गर्ने/गराउने प्रदेश कार्यालयका प्रमुख श्री रमेश कुमार थापा सहित लेखन एवम् अन्य कार्यमा सहयोग पुर्याउने हुने सम्पुर्ण कर्मचारीलाई विशेष धन्यवाद् दिन चाहन्छु ।

३१ असार २०८२

मुरारिप्रसाद खरेल
सचिव

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
Karnali Province Office, Birendranagar, Surkhet

## मन्तव्य

मानव अधिकार वास्तवमा एक व्यापक अधिकार हो । मानव भएकै कारण सबै मानिसहरुलाई विना भेदभाव समानरुपमा प्राप्त हुने विषय हो । मानव अधिकारको प्रभावकारी कार्यान्वयन विना सभ्य समाज र मर्यादित जीवनको परिकल्पना गर्न सकिदैन । मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने राज्यको दायित्व हुन्छ । राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भए नभएको संवैधानिक दायित्व पुरा गर्दै अईरहेको छ । आयोगले आफ्ना प्रदेश कार्यालयहरु मार्फत आफ्नो पहुँच विस्तार गरी ग्रामिण क्षेत्र र पछाडी पारिएका बर्ग समुदायका नागरिक समक्ष पुग्ने प्रयास गरि रहेको छ । यसै क्रममा कर्णाली प्रदेशमा २०७९ साल असोज महिनादेखी प्रदेश कार्यालयको विधिवत स्थापना गरि निरन्तररुपमा मानव अधिकारको संरक्षण र सम्वर्धन सम्वन्धी कार्य गर्दै आईरहेको छ ।

कर्णाली प्रदेश प्राकृतिक सुन्दरता, पर्यटन, जडीबुटी, कृषी र व्यापार व्यावसायको क्षेत्रमा विशाल सम्भावना बोकेको प्रदेश हुनुका साथै भौगोलिक विकटता लगायत शिक्षा, स्वास्थ्य,रोजगारी र मानव अधिकार उपभोगका दृष्टिकोणले त्यतिनै जटिलता रहेको छ । शिक्षा, स्वास्थ्य र विकासको दृष्टिकोणले अन्य प्रदेशको तुलनामा यो प्रदेश पछाडी रहेको छ । महिला हिंसा, बालबिवाह, जातिय विभेद, शिक्षा र स्वास्थ्य यस प्रदेशको मानव अधिकारका मुख्य सवालहरु भएपनि यहाँको भौगोलिक जटिलता, प्रतिकुल मौसम र उपलब्ध सिमित भौतिक एवम् मानव श्रोतसाधनका कारण अपेक्षाकृत उपलब्धी हाँसिल गर्न सकिएको छैन । भौगोलिक जटिलताका कारण मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान,अनुगमन एवम् मानव अधिकार प्रवधर्नात्मक कार्यका लागि खटिने टोलीले कष्टप्रद पैदल यात्रा समेत गर्नुपर्ने रहि अएको छ ।

अतः यी सबै खाले कठिनाइ, जटिलता र प्रतिकुलताका बाबजुद पनि आर्थिक प्रगति ९९.२० प्रतिशत र भौतिक प्रगति १६० प्रतिशत हासिल गर्नु निकै उत्साहजनक कुरा हो । यसले आगामी वर्ष थप उत्साहका साथ काम गर्न हौसला प्रदान गरेको छ । यस उपलब्धि हासिल गर्ने कार्यमा समन्वय र सहकार्य मार्फत आआफ्नो क्षेत्रबाट भुमिका खेल्नुहुने सरकारी निकाय, मानव अधिकारको क्षेत्रमा क्रियाशिल संघसंस्था, मानव अधिकारकर्मी, कानुनव्यसायी, संञ्चारकर्मी लगायत सम्पूर्ण सरोकारवाला निकाय र त्यसका प्रतिनिधिहरुलाई धन्यवाद् दिन चाहान्छु।

प्रस्तुत प्रतिवेदन तयार गर्ने क्रममा संयोजक भइ पुर्णरुपमा खटिनुहुने मानव अधिकार अधिकृत श्री मान बहादुरर कार्की, त्यस्तै सदस्य मानव अधिकार अधिकृत श्री नरेन्द्र खत्री, श्री रामप्रसाद उपाध्याय, श्री सिर्जना श्रेष्ठ, श्री देबराज परियार र सहायक प्रथम श्री कविता नेपालीलाई विशेष धन्यवाद् दिन चाहन्छु । त्यस्तै गरी कार्य सम्पदनका क्रममा सहयोग पुर्याउनुहुने कार्यालयका अन्य कर्मचारीहरु सवारी चालक श्री रेशम बहादुर थापा, कार्यालय सहयोगी श्री बलसिंह सुनार, सुरक्षागार्डद्धय श्री सिता चौधरी र श्री नन्द बुढा धन्यवाद्का पात्र रहेका छन् । कार्य सम्पादन गर्ने सम्बन्धमा नियमित रुपमा आवश्यक निर्देशन, सल्लाह र सुझाव प्रदान गर्नुहुने आयोगका माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरु र सचिव श्री मुरारि प्रसाद खरेलज्यू प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

३१ असार २०८२

रमेश कुमार थापा
कार्यालय प्रमुख/ उपसचिव

**Phone:** 083-590224, **Email:** nhrcskt@nhrcnepal.org, **Website:** www.karnali.nhrcnepal.org

# संक्षिप्त रुप

| संक्षिप्त स्वरुप | पुर्ण स्वरुप |
|---|---|
| आइयससिआर | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ |
| आइसिसिपिआर | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय  प्रतिज्ञापत्र १९६६ |
| आइसिएमडव्ल्यू | आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९० |
| आ.व. | आर्थिक वर्ष |
| क्र.स. | क्रम संख्या |
| के.का. | केन्द्रीय कार्यालय |
| क्याट | यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४ |
| गापा | गाउँपालिका |
| नपा | नगरपालिका |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| मा.अ.अ. | मानव अधिकार अधिकृत |
| सर्ड | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ |
| सिडअ | महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ |
| सिआरसी | बाल अधिकार अधिकार सम्बन्धी महासन्धि १९८९ |
| सिआरपिडी | अपागंता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि |

## विषय सूचि

**बिषय** **पेज नं.**

### परिच्छेद एक : प्रारम्भिक


१.१. पृष्ठभुमी........................................................................................ १
१.२. प्रतिवेदनको उद्देश्य............................................................................ २
१.३. प्रतिवेदनको सिमा.............................................................................. ३


### परिच्छेद दुई: आयोगको काम, कर्तव्य र अधिकार


२.१. आयोगको काम, कर्तव्य र अधिकार.......................................................... ४
२.२. आयोगको कर्तव्य.............................................................................. ४
२.३. आयोगको काम................................................................................. ४
२.३.१. संरक्षण सम्बन्धी............................................................................ ५
२.३.२. मानव अधिकार संवर्धन...................................................................... ६
२.३.३. मानव अधिकार सम्बन्धी कानून पुनरावलोकन.............................................. ६
२.३.४. सिफारिस....................................................................................... ६
२.४. आयोगको अधिकार क्षेत्र....................................................................... ७


### परिच्छेद तिन : कर्णाली प्रदेश कार्यालयको सुर्खेतको जिम्मेवारी


३.१. अख्तियारी....................................................................................... ८
३.२. कार्यक्षेत्र......................................................................................... ८
३.३. कर्मचारीहरुको जिम्मेवारी बाँडफाँड.......................................................... ९


### परिच्छेद चार : आ.व. २०८१/०८२ मा सम्पन्न कार्यक्रम एवम् गतिविधि


४.१. आ.व. ०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम.......................................... ११
४.२. आर्थिक तथा भौतिक प्रगति.................................................................... १२
४.३. अनुगमन सम्बन्धी कार्य........................................................................ १२
४.४. अनुसन्धान सम्बन्धी कार्य ..................................................................... १४
४.४.१. उजूरी विवरण.................................................................................. १५
४.४.२. आ.व. २०८१।०८२ मा मुल कितावमा दर्ता भएका उजूरी विवरण........................ १६
४.४.३. आ.व. २०८१।०८२ मा सामान्य उजूरीको रुपमा दर्ता भएका उजूरी विवरण... १७

४.४.४. आ.व.२०८१।०८२ अनुसन्धान गर्न बाँकी रहेका उजूरी विवरण............... १९
४.४.५. जिल्लागत उजूरी विवरण........................................................ २०
४.४.६. महासन्धीको आधारमा उजूरी विवरण...................................... २१
४.४.७. आ.व. २०८१।०८२ मा अनुसन्धान सम्पन्न उजूरी विवरण.................. २२
४.५. प्रवर्द्धन सम्बन्धी कार्य................................................................ २७
४.५.१. यस कार्यालयले आयोजना गरेका कार्यक्रम................................ २७
४.५.२. अन्य निकायले गरेको कार्यक्रम्म सहभागीता.............................. २९
४.५.३. समन्वय तथा सहकार्यमा सम्पन्न कार्य....................................... २९
४.५.४. श्रोत व्यक्तिको रुपमा.............................................................. ३१
४.५.५. परामर्श तथा बैठकहरुमा सहभागीता........................................ ३१

## परिच्छेद पाँच : प्रमुख गतिवधिहरु

५.१. विश्वव्यापी आवधिक समिक्षा (UPR) बालबालिका सम्बन्धित सिफारिसको कार्यान्वयनका सम्बन्धमा ........................................................................ ३३
५.२. राष्ट्रिय मानव अधिकार आयोगको स्थापना दिवस.................................. ३३
५.३. मानव अधिकार रक्षकको सुरक्षा सम्बन्धमा सरोकारवाला नागरिक समाजसँग छलफल. ३४
५.४. अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन.......................... ३५
५.५. राउटे समुदायको मानव अधिकार अवस्था सम्बन्धमा अन्तरक्रिया कार्यक्रम.......... ३६
५.६. मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपांङ्गता भएका व्यक्तिको अधिकार छलफल कार्यक्रम.................................................................... ३७
५.७. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार अवस्था................. ३८
५.८. अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर)................................ ३९
५.९. सल्यान जिल्ला कारागार अनुगमन................................................... ४०
५.१०. संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को १३२५ र १८२० सम्बन्धी नेपाल सरकार दोस्रो कार्ययोजना.......................................................................... ४०
५.११.अन्तरलिङ्गिहरुको मानव अधिकार अवस्था छलफल कार्यक्रम.................. ४२

## परिच्छेद छ: मानव अधिकार अवस्था


६.१. पृष्ठभूमी .............................................................................. ४५
६.२. नागरिक तथा राजनैतिक अधिकार ................................................ ४५
६.३. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार ................................. ४७
६.४. जातीय भेदभाव विरूद्धको अधिकार .............................................. ५१
६.५. महिला अधिकार ....................................................................... ५२
६.६. बाल अधिकार .......................................................................... ५३
६.७. बलपूर्वक बेपत्ता विरूद्धको अधिकार ............................................. ५५
६.८. यातना विरुद्धको अधिकार ........................................................... ५६
६.९. मानव बेचविखन तथा आप्रवासी कामदारको अधिकार ........................... ५६
६.१०. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार ....................................... ५९
६.११. यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार................................. ५९
६.१२. वातावरणको अधिकार................................................................ ६०


## परिच्छेद सात : उपलब्धि र चुनौति


७.१. उपलब्धि.................................................................................. ६१
    ७.१.१. जिल्लामा उपस्थिति.................................................................. ६१
    ७.१.२. लक्षित सबै कार्यक्रमहरु समयमा नै सम्पन्न................................. ६१
    ७.१.३. आर्थिक तथा भौतिक प्रगति हासिल............................................. ६२
७.२. चुनौति.................................................................................... ६२
    ७.२.१. आन्तरिक चुनौति...................................................................... ६२
    ७.२.२. बाह्य चुनौति........................................................................... ६३
७.३. सुझाव ..................................................................................... ६४

# परिच्छेद-एक
## प्रारम्भिक

### १.१. पृष्ठभुमी

मानव अधिकार यही हो भनी परिभाषा गर्न त्यति सजिलो छैन । तरपनि आमाको गर्भमा मानिसको रुपमा रहन शुरु गरेदेखि मृत्यु भइ अन्तिम संस्कार गर्ने बेलासम्म नै मानव अधिकार प्राप्तिको विषय हुने मानिन्छ । त्यसैले यसलाई गर्भदेखि मृत्यु पर्यन्त मानव भएर बाँच्न आवश्यक सम्पूर्ण अधिकारलाई मानव अधिकारको रुपमा लिन सकिन्छ । मानिस प्राकृतिक प्राणी भएकोले मानव अधिकारलाई प्राकृतिक अधिकार पनि भनिन्छ । मानव अधिकारको विधिशास्त्रीय मान्यता अनुसार यसलाई जे जसरी अथ्र्याए पनि राज्यको संविधान वा कानूनमा त्यसको सुनिश्चितत्ता नगरेसम्म दावी योग्य बन्न सक्दैन । यसलाई अर्को अर्थमा भन्नुपर्दा नागरिकको हक अधिकारलाई संविधान वा प्रचलित कानूनमा ब्यवस्था नगरेसम्म आधिकारिकता प्राप्त गर्न सक्दैन । त्यसैले यसलाई राज्यले संविधान र प्रचलित कानूनमा ब्यवस्था गर्न आवश्यक हुन्छ ।

मानव अधिकारको सर्वमान्य परिभाषा हालसम्म भएको नभएपनि नेपालको हकमा पहिलो पटक राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ मा यसको परिभाषा गरिएको थियो । उक्त ऐनको दफा २(च) ले "मानवको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित अधिकारहरु जो नेपालको संविधान, प्रचलित कानून र नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरुमा निहित अधिकारलाई सम्झनु पर्दछ" भनि परिभाषित गरिएको थियो । हाल राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा २ (च) मा यसको परिभाषा गरिएको छ जस अनुसार "मानव अधिकार भन्नाले व्यक्तीको जीवन, स्वतन्त्रता, समानता, र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्दछ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाइ जनाउँदछ भनी परिभाषा गरेको पाइन्छ ।

नेपालको संविधानको प्रस्तावनादेखी नै मानव अधिकारका विभिन्न विषयहरु समेटिएको पाइन्छ । धेरै मानव अधिकारका विषयलाई मौलिक हकको रुपमा स्थान दिइ नागरिकको अधिकारलाई सुरक्षित गर्ने प्रयास गरेको देखिन्छ । त्यस्तै गरी मानव अधिकारका विविध विषयलाई संबोधन हुने गरी थुप्रै कानुनहरु बनाई लागु गरेको पनि पाइन्छ ।

राज्यले संविधान, पक्ष राष्ट्र भइ सकेको मानव अधिकार संबन्धी अन्तर्राष्ट्रिय महासंधीहरु तथा प्रचलित कानूनले प्रदान गरेको मानव अधिकारको सम्मान, संरक्षण तथा त्यसको प्रबद्र्धन गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गरेको हो । मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम वि.सं. २०५७ साल ज्येष्ठ १३ गते स्थापित भएको यस आयोग प्रारम्भमा कानूनी सन्यन्त्र (Statuary Body) को रुपमा रहेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ देखि संवैधानिक निकाय (Constitutional Body) को रुपमा परिणत भइ हालको संविधानले पनि संवैधानिक हैसियत कायमै

राखेकोछ । मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने संवैधानिक दायित्व रहेको यस आयोगले नागरिकहरुको सहज पहुँचका लागि देशैभरी विभिन्न कार्यालयहरुको स्थापना गरी कार्य गर्दै आइरहेको छ । राज्यको पुनसंरचना भइ देश संघियतामा गएपछि सबै प्रदेशको राजधानीमा प्रदेश कार्यालयको स्थापना गर्ने आयोगको नीति बमोजिम यस कर्णाली प्रदेशको राजधानी सुर्खेतमा पनि मिति २०७९ साल जेठ ३० गते  राष्ट्रिय मानव अधिकार आयोगको सुर्खेत कार्यालय स्थापना भइ कार्य कार्य संचालन हुँदैं आइरहेको छ । देशमा संघियता कार्यान्वयन हुनु पुर्व नेपालगंजस्थित मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको क्षेत्राधिकारभित्र रहेकोमा संघियता कार्यान्वयन पश्चात यस प्रदेश कार्यालयको स्थापना नहुन्जेलसम्म जुम्लास्थित कर्णाली प्रदेश शाखा कार्यालयबाट नै यस प्रदेश अन्तर्गतको कार्य हुँदै आएको थियो ।

आयोगले यस कार्यालय स्थापना गरेदेखि नै आफ्नो क्षेत्राधिकार भित्र रहि तोकिएको कार्य गर्दै आइरहेको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९, राष्ट्रिय मानव अधिकार आयोग उजूरी तथा कारवाही सम्बन्धी निर्देशिका, २०६९ द्वारा आयोगले प्रदान गरेको अख्तियारीभित्र रहि कार्य गर्दै आइरहेको छ । मानव अधिकारको सम्मान, संरक्षण, सम्बद्र्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्ने गराउने सम्बन्धी आयोगको कार्यादेश मुताविक यस कार्यालयले मानव अधिकार अनुगमन, अनुसन्धान र प्रबद्र्धनसम्बन्धी कार्य निरन्तररूपमा गर्दै आइरहेको छ । यस आ.व. मा विनीयोजित बजेट तथा बजेट नभएको सवालमा पनि यस कार्यालयबाट कार्य हुँदै आएको छ । नेपालको संविधानको धारा २९३ को उपधारा ३ मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ भन्ने व्यवस्था समेत भएको सन्दर्भमा यस कार्यालयबाट कर्णाली प्रदेश भरी भए गरेका कार्य तथा सो को प्रगति र यस प्रदेशको मानव अधिकारको अवस्थालाई समेटेर प्रस्तुत प्रतिवेदन तयार पारिएको छ ।

प्रतिवेदनभित्र मूलतः कर्णाली प्रदेशको मानव अधिकार अवस्था, कार्यालयमा रहेका/परेका उजूरी, उजूरीउपर अनुसन्धान, अनुगमन, संवर्धन, आयोगबाट यस प्रदेशका उजूरीउपर भएका निर्णय, सिफारिस आदिसम्बन्धी कार्यहरूको विवरण समावेश गरिएको छ । यसको साथै सरोकारवालाहरूसँग यस कार्यालयको समन्वय तथा सम्बन्ध, उपलब्धि, चुनौती र सुझावहरूको समेत चर्चा छ ।

## १.२. प्रतिवेदनको उद्देश्य

राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक निकायको रुपमा रहेको संवैधानिक दायित्व बमोजिम यसले प्रत्येक वर्ष आफुले गरेका काम कारवाहीहरु सहितको प्रतिवेदन तयार गरी राष्ट्रपतिलाई बुझाउनु पर्ने हुन्छ । त्यस्तै गरी संवैधानिक निकायहरुले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ भन्ने व्यवस्था समेत भएको सन्दर्भमा यस कार्यालयले कर्णाली प्रदेशको काम कारवाहीको सम्बन्धमा यो प्रतिवेदन तयार गरेको हो । साथै यस

कार्यालयले वर्षभरी आफुले गरेको काम कारवाहीको दस्तावेजीकरण गरी अभिलेख राख्ने पनि यस प्रतिवेदनको उद्देश्य हो। यस कार्यालयलाई आ.व. २०८१/०८२ मा प्राप्त वजेट र कार्यक्रमको प्रगति अवस्था के कस्तो रहयो ? मानव अधिकारको अवस्था कस्तो रहयो ? उपलब्धि, समस्या, चुनौति र समाधानका उपायहरु के कस्तो रहेका छन् भन्ने विषयमा जानकारी प्रदान गर्ने र भए गरेको कामको दस्तावेजीकरण गरी आयोगको कर्णाली प्रदेश कार्यालयबारे सरोकारवालाहरुलाई जानकारी दिने र जानकारी लिन चाहने सबै वर्ग वा सर्वसाधारणलाई जानकारी उपब्ध गराउने पनि यस प्रतिवेदनको उद्देश्य हो।

### १.३. प्रतिवेदनको सिमा

यस कार्यालयको लागि आ.व. २०८१/८२ मा स्विकृत बार्षिक बजेट तथा कार्यक्रम बमोजिम सम्पन्न गतिविधिहरु, स्विकृत बार्षिक बजेट तथा कार्यक्रम बाहेकका यस कार्यालयले आवश्यक र उचित ठानी सम्पन्न गरिएका मानव अधिकार संरक्षण, संवर्धन तथा प्रवर्धन सम्बन्धी गतिविधिहरुलाई यस प्रतिवेदनको आधार बनाईएको छ। आ.व. २०८१/८२ मा सम्पन्न गतिविधिहरु मात्रै यस प्रतिवेदनमा समेटिएकाले यो नै यसको समय सिमा हो। यस प्रतिवेदनमा समेटिएका सबै गतिविधिहरु तथा तथ्यहरु यसै आर्थिक वर्षमा आधारित रहेका छन्।

मानव अधिकार अनुगमन सम्बन्धमा स्थलगत र डेष्क मार्फत विभिन्न सञ्चार माध्यममा प्रकासित मानव अधिकार सम्बन्धी समाचार, सूचना एवम् जानकारीलाई पनि मानव अधिकार अवस्था मापनको लागि आधार बनाईएको छ। त्यस्तै यस कार्यालयको कार्यक्षेत्र भित्रका सरकारी कार्यालयहरु जस्तै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय तह लगायत मानव अधिकारको क्षेत्रमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरू, पत्रकार, नागरिक समाजसंग विभिन्न समयमा गरिएका अन्त्रक्रिया एवम् छलफलबाट प्राप्त जानकारीहरूलाई पनि यस प्रतिवेदनमा समेटिएको छ। कर्णाली प्रदेशका डोल्पा, हुम्ला र मुगु बाहेकका ७ वटा जिल्लामा स्थलगत अनुगमन गरेपनि उक्त दुई जिल्लामा स्थलगत अनुगमन गर्न नसकिएका कारण अन्य श्रोतलाई आधार मानिएको छ।

# परिच्छेद – दुई

## आयोगको काम, कर्तव्य र अधिकार

### २.१. आयोगको काम, कर्तव्य र अधिकार

आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सहितको कार्यादेश नेपालको संविधान २०७२ को धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले प्रदान गरेको छ । आयोगको काममा कुनैपनि किसिमको हस्तक्षेप नहोस् भन्दै पेरिस सिद्धान्तलाई घरेलुकरण गर्ने सन्दर्भमा संविधानको धारा २९३ ले संसदीय समितिले अन्य संवैधानिक निकायहरूलाई निर्देशन वा राय सल्लाह दिनसक्ने अधिकार राखेपनि यस आयोगको हकमा निर्देशन वा राय सल्लाह पनि दिन नपाउने व्यवस्था गरी आयोगको स्वतन्त्रता र स्वायत्ततालाई संवैधानिक संरक्षण प्रदान गरेको छ ।

> ***"संवैधानिक निकायका प्रमुख र पदाधिकारी सङ्घीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनुपर्ने छ । प्रतिनिधि सभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारवाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ ।"***
>
> ***–नेपालको संविधान, धारा २९३***

### २.२. आयोगको कर्तव्य

नेपालको संविधान, २०७२ को धारा २४९(१) अनुसार "मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु" आयोगको कर्तव्य रहेको छ ।

### २.३. आयोगको काम

आयोगले आफ्नो कर्तव्य पूरा गर्नका लागि नेपालको संविधान, २०७२ धारा २४९ (२) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम देहायका कामहरु गर्दछः

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालना नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासिन देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने ।

(ख) कुनै व्यक्ति वा समुहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा पीडित व्यक्ति आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानविन तथा अनुसन्धान गरी दोषी उपर कारवाही गर्न सिफारिस गर्ने ।

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने।

(घ) मानव अधिकारको उल्लङ्घनकर्तालाई बिभागीय कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ङ) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा सुधार तथा संशोधन गर्नुपर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(च) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौंताको कार्यान्विय नभए नभएको अनुगमन गरी कार्यान्वियन नभएको पाईएमा सोको कार्यान्वियन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(छ) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वानिर्देशन पालना वा कार्यान्वियन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने।

**२.३.१. संरक्षण सम्बन्धी**

**(क) उजूरी ग्रहण, अनुसन्धान तथा छानविन**

- मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा उजूरी ग्रहण गर्ने, स्वयम् जानकारी (Suo-Motto) मा लिई उजूरी दर्ता गर्ने र सो उपर अनुसन्धान/छानविन गर्ने।
- मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर छानविन गर्ने।
- मानव अधिकार उल्लङ्घन सम्बन्धमा आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने।

**(ख) मानव अधिकार अनुगमन**

- मानव अधिकारको विद्यमान अवस्थाबारे समिक्षा गरी सो सम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्ने।

- कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने ।
- मानव अधिकार संरक्षण तथा त्यसको कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने ।
- मानव अधिकार संरक्षणका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

### २.३.२. मानव अधिकार संवर्धन

- मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।
- मानव अधिकार संवर्धन, प्रवर्धनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने ।
- मानव अधिकार संवर्धन तथा प्रवद्र्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

### २.३.३. मानव अधिकार सम्बन्धी कानून पुनरावलोकन

- मानव अधिकारसँग सम्बन्धीत कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने ।

### २.३.४. सिफारिस

- मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने ।
- नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाईएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।
- मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर  विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने ।
- मानव अधिकार उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धीत निकाय समक्ष सिफारिस गर्ने ।

- मानव अधिकार सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।
- मानव अधिकार सम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्व विद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धीत निकायम समक्ष सिफारिस गर्ने ।
- मानव अधिकारसँग सम्बन्धीत कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।
- मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने ।

## २.४. आयोगको अधिकार क्षेत्र

- मानव अधिकार उल्लङ्घन वा ज्यादतीका घटनाको अनुसन्धानको क्रममा आयोगलाई अदालतलाई भए सरहको अधिकार रहेको छ । यस सम्बन्धमा संविधानको धारा २४९ (३) ले व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार रहेको छ ।
- मानव अधिकार उल्लङ्घन भएको वा हुन लागेको सूचना कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामालिने ।
- कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारवाही गर्नुपर्ने आवश्यक देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने ।
- मानव अधिकार उल्लङ्घनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

# परिच्छेद – तीन

## कर्णाली प्रदेश कार्यालय सुर्खेतको जिम्मेवारी

### ३.१. अख्तियारी

कर्णाली प्रदेशको सुर्खेत जिल्लामा आयोगको कार्यालय २०७९ साल जेठ ३० गते कर्णाली प्रदेश कार्यालयको रुपमा स्थापित भइ सञ्चालन रहेको छ । यस कार्यालयलाई प्राप्त अख्तियारी अनुसार वर्तमान कार्यालयको कार्यादेश मानव अधिकार अनुगमन, अनुसन्धान र प्रर्वधनसम्बन्धी कार्य रहेको छ । यस कार्यादेश अन्तर्गत रही यस कार्यालयको कार्यक्षेत्रभित्रको जिल्लामा मानव अधिकारका विषयवस्तु उपर अनुगमन, अनुसन्धान तथा प्रवर्धन सम्बन्धी कार्य गर्दछ । मानव अधिकार अनुगमन अन्तर्गत मानव अधिकारका विविध विषयहरुको आवद्यिक अनुगमन गरी मानव अधिकार अवस्थाको समीक्षा गर्दछ । मानव अधिकार अनुसन्धान अन्तर्गत कार्यक्षेत्रभित्रका जिल्लाहरुबाट प्राप्त मानव अधिकार उजूरीहरु एवं मानव अधिकार उल्लङ्घन तथा ज्यादती भएका घटना उपर आयोगको ऐन, नियमावली र निर्देशिका बमोजिम अनुसन्धान कार्य सम्पन्न गरी निणयार्थ आयोगमा पेश गर्दछ । मानव अधिकार उजूरी उपर अनुसन्धान गर्दा ऐन बमोजिम अदालतलाई भए सरहको अख्तियारी प्रयोग गर्दछ । त्यस्तै मानव अधिकार संवर्धन अन्तर्गत मानव अधिकार सम्बन्धी जनचेतना निर्माण गर्ने कार्यमा भुमिका निर्वाह गर्दछ । त्यस्तै नेपाल सरकारका सरकारी कार्यालयहरु र मानव अधिकार क्षेत्रमा कार्यरत नागरिक समाजका व्यक्ति, संघ संस्थाहरु, मानव अधिकार रक्षक, पत्रकार आदी विभिन्न सरोकारवाला पक्षसँग समन्वय  र सहकार्य पनि गर्दछ ।

### ३.२. कार्यक्षेत्र

यस कार्यालयको भौगोलिक कार्यक्षेत्र कर्णाली प्रदेशका १० वटै जिल्लाहरु हुन । यस प्रदेशमा सुर्खेत, दैलेख, जाजरकोट, रुकुम पश्चिम, सल्यान, कालीकोट, डोल्पा, मुगु र हुम्ला गरी १० वटा जिल्लाहरु रहेका छन् । जुम्ला जिल्लामा कर्णाली प्रदेश शाखा कार्यालय भनी एक जना अधिकृत र १ जना श्रेणी विहिन कर्मचारी राखी सञ्चालन भएपनि सो कार्यालयको लागि कुनै पनि बजेटको व्यवस्था नभएकाले यसै कार्यालयको निर्देशन र समन्वयमा कार्य हुने गरेको छ । यसर्थ कर्णाली प्रदेशका सबै जिल्लाहरु यस कार्यालयको कार्यक्षेत्र भित्र पर्दछन् । यस प्रदेशका १० जिल्ला मध्ये २ जिल्ला डोल्पा र हुम्ला सडक सञ्जालसँग भर्खरै मात्र जोडिएको भए पनि नियमित सवारी साधन सहज रुपमा हुन सकेको छैन ।

### ३.३. कर्मचारीहरुको जिम्मेवारी बाँडफाँड

आयोगको ऐन, नियमावली तथा निर्देशिका बमोजिम आयोगद्धारा यस कार्यालयलाई प्रदत्त जिम्मेवारी वहन गर्नु यस कार्यालयको कर्तव्य हो । कार्यालयको उद्देश्य प्राप्ति कुनै एक कर्मचारीबाट मात्र सम्भव नभई कार्यालय सहयोगी देखि कार्यालय प्रमुखसम्मको सबै कर्मचारीको सामुहिक प्रयासबाट मात्र सम्भव हुन्छ । यस आ.व. मा ५ जना अधिकृतहरु र १ जना सहायक सुब्वा सहित ११ कार्यरत रहेका छन् । त्यस्तैगरी यस आवमा कार्यरत कर्मचारीहरुको कार्य विभाजन निम्न प्रकारले गरिएको छः

**तालिका नं. १ : कर्मचारीको जिम्मेवारी बाँडफाँड**

| क्र.स. | जिम्मेवारी | कर्मचारी | पद |
|---|---|---|---|
| १. | • मानव अधिकार अनुगमन तथा अनुसन्धान कार्य गर्ने गराउने साथै आवश्यकता अनुसार टोली खटाउने ।<br>• समन्वय तथा सहकार्य गर्ने ।<br>• प्रबर्द्धनात्मक क्रियाकलाप गर्ने ।<br>• स्विकृत बार्षिक कार्य योजना कार्यान्वयन गर्ने गराउने ।<br>• कार्यालयको केन्द्रीय कार्यालयको निर्देशन कार्यान्वयन गर्ने गराउने । | श्री रमेश कुमार थापा | उपसचिव/कार्यालय प्रमुख |
| २. | • मानव अधिकार उल्लङ्घनका उजूरी उपर अनुसन्धान कार्य गर्ने ।<br>• मानव अधिकार सम्बन्धि विषयमा अनुगमन गर्ने ।<br>• अन्तर्क्रिया, बैठक तथा कार्यक्रमहरु संञ्चालन गर्ने ।<br>• सूचना अधिकारको रुपमा काम गर्ने ।<br>• CROको रुपमा काम गर्ने ।<br>• महासन्धि अनुरुप ICCPR, ICMW and Business and Human Rights विषय हर्ने । | श्री मान बहादुर कार्की | मानव अधिकार अधिकृत |

| क्र.स. | जिम्मेवारी | कर्मचारी | पद |
|---|---|---|---|
| ३. | • लेखा प्रमुखको रुपमा काम गर्ने ।<br>• कार्यालयको प्रशासन सम्बन्धि कार्य गर्ने ।<br>• महासन्धी अनुरुप ICESCR, CRPD र Development and Human Rights हेर्ने | श्री नरेन्द्र खत्री | मानव अधिकार अधिकृत |
| ४. | • मानव अधिकार उल्लङ्घंनका उजूरी उपर अनुसन्धान कार्य गर्ने ।<br>• मानव अधिकार सम्बन्धि विषयमा अनुगमन गर्ने ।<br>• CROको रुपमा काम गर्ने ।<br>• महासन्धी अनुरुप ICPPED, CRC र Climate change and Environment Right विषय हेर्ने । | श्री राम प्रसाद उपाध्याय | मानव अधिकार अधिकृत |
| ५. | • मानव अधिकार उल्लङ्घंनका उजूरी उपर अनुसन्धान कार्य गर्ने ।<br>• मानव अधिकार सम्बन्धि विषयमा अनुगमन गर्ने ।<br>• CRO को रुपमा काम गर्ने ।<br>• महासन्धी अनुरुप CEDAW, ILO/Collecitve Rights विषय हेर्ने । | श्री सृजना श्रेष्ठ | मानव अधिकार अधिकृत |
| ६. | • CAT, CERD, Rights to Development, Senior Citizens | श्री देव राज परियार | मानव अधिकार अधिकृत |
| ७. | • मिडिया मनिटरिङ<br>• मानव अधिकार सम्बन्धि विषयमा अनुगमन तथा अनुसन्धान गर्ने<br>• मासिक प्रतिवेदन तयार गर्ने । | श्री कविता नेपाली | सहायक प्रथम |

कर्मचारी सम्बन्धी विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।

# परिच्छेद–चार

## आ.ब. २०८१/०८२ मा सम्पन्न कार्यक्रम एवम् गतिविधि

### ४.१. आ.ब. २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम

यस कार्यालयले अर्थ मन्त्रालयको मन्त्रालयगत सूचना प्रणाली (Line Ministry Budget Inormation System-LMBIS) मा विनियोजित बजेट तथा कार्यक्रमको सिमाभित्र रहेर खर्च गरिएको छ । यस आ.व. मा कार्यक्रमतर्फ कुल जम्मा रु.१००,०००।– बजेट विनियोजन भएकोमा विभिन्न दिवस मनाउने, अनुगमन तथा छलफल र अनुसन्धान रहेको थियो ।

कार्यक्रम तर्फको बार्षिक कार्ययोजनामा मानव अधिकार उल्लङ्घंनका घटनाका उजूरी फाइलहरुको अनुसन्धान, मानव अधिकार उल्लङ्घंनका घटनाहरुको आकस्मिक अनुगमन गर्ने तथा यस प्रदेश अन्तर्गतका मानव अधिकारका विविध बिषयहरुमा अनुगमन गरि सरोकारवाला निकायसँग छलफल गरि पीडितको मानव अधिकार सुनिश्चित गराउने तथा त्यसको प्रभावकारी कार्यान्वयन गराउन पहल गर्ने रहेको छ । मानव अधिकार क्रसकटिङ विषय भएको हुदाँ यसका बहुआयामिक बिषयलाई प्रथामिकता दिने गरेको छ भने भने दिवस मनाउनेतर्फ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) र आयोगको स्थापना दिवस जेठ १३ मात्रै रहेको थियो । सो विषयहरुमा जम्मा कार्यक्रम संख्या देहायबमोजिम रहेको थियो ।

**तालिका नं. २ : चालु आ.व. को बार्षिक कार्यक्रम**

| क्र. सं. | कार्यक्रम शिर्षक<br>शिर्षक नं २२५२२ तर्फ कुल कार्यक्रम | मिसन संख्या |
|---|---|---|
| १. | मानवअधिकार उल्लङ्घंनका घटना, उजूरी तथा फाइलहरुको अनुसन्धान मिसन | १३ |
| २. | मानव अधिकार उल्लङ्घंनका घटनाहरुको आकस्मिक अनुगमन | ११ |
| ३. | **शिर्षक नं २२५२९ दिवश तर्फ** | |
| ४. | आयोगको स्थापना दिवस मनाउने | १ |
| ५. | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिसेम्बर १० मनाउने | १ |
| | कुल जम्मा | २६ |

उल्लेखित कार्यक्रम बमोजिमको सम्पूर्ण कार्यक्रम तोकिएको समयभित्र नै सम्पन्न गरिएको थियो भने खर्चको सम्बन्धमा पनि शतप्रतिशत जस्तै भएको थियो । यस कार्यालयले विनियोजित बजेटको सिमा र

तोकिएको अख्तियारी भित्र रही अपेक्षित उपलब्धि हासिल गर्न सकेको अवस्था छ। विनियोजित बजेट बाहेक पनि यस कार्यालयले आफ्नै पहल, तथा समन्वय र सहकार्यमा पनि धेरै कार्यक्रमहरु गरेको छ। यस अवधिमा कुल जम्मा ११ वटा अनुगमन, १३ वटा अनुसन्धान मिसन सहित आयोगको स्थापना दिवस मनाउने र अन्तराष्ट्रिय मानव अधिकार दिवस डिसेम्बर १० मनाउने कार्य गरेको छ।

## ४.२. आर्थिक तथा भौतिक प्रगति

चालु आर्थिक वर्ष २०८१।०८२ का लागि यस कार्यालयलाई प्रशासनिक र कार्यक्रमतर्फ गरी कुल वजेट रु..१,३२,६८,०००। –विनियोजन भएकोमा प्रशासनिकतर्फ रु. १,२२,६८,०००/- र कार्यक्रम तर्फ रु. १०००००० /- विनियोजन भएको थियो । जसमा प्रशासनिक तर्फ विनियोजन भएको जम्मा रु.९९०२८९७ खर्च भई ८०.७२ प्रतिशत प्रगति भएको देखिन्छ भने कार्यक्रमतर्फ जम्मा रु ९,०५,०९८/- खर्च भई ९९.२० प्रतिशत प्रगति भएको देखिन्छ। यस आ.व. मा यस कार्यालयको लागि कुल रु १,३२,६८,०००/- रकम विनियोजन गरेको थियो। कुल बजेटको प्रशासनिक तर्फ ९२.४६ प्रतिशत १,२२,६८,०००/- र कार्यक्रम तर्फ ७.५४ प्रतिशत बजेट रु १०,००,०००/- विनियोजन गरेको थियो। बार्षिक कार्ययोजनानुसार कुल कार्यक्रम संख्या १५ रहेकोमा २५ वटा सम्पन्न भएको हुनाले भौतिक प्रगति करिव १६० प्रतिशत रहेको छ। कार्यक्रमगत र पूँजीगत खर्चको स्विकृत बार्षिक कार्ययोजना र प्रगति विवरण अनुसूचि २ मा रहेको छ। वार्षिक कार्ययोजना तथा बजेट तोकिएको र नतोकिएको समेत गरी यस आ.व. मा यस कार्यालयबाट सम्पादित कार्यहरु देहाय बमोजिम रहेका छन्:

## ४.३. अनुगमन सम्बन्धी कार्य

मानव अधिकारको संरक्षणका लागि आयोगले आफैद्वारा एकल रुपमा र आयोग सहित सरोकारवालाहरुसँग समन्वय र सहकार्यमा अनुगमन गर्दै आएको छ। अनुगमन मानव अधिकार संरक्षणको प्रभावकारी विधि हो। कर्णाली प्रदेश भित्रका १० वटा जिल्लामा विभिन्न समयमा विभिन्न विषयमा आयोगले अनुगमनको कार्य गरेको छ। कतिपय अनुमगन कार्य आ.व.२०८१।०८२ को कार्यक्रम अनुसार गरिएको छ भने कतिपय अनुगमन आवश्यकता र विषयबस्तुको गम्भिरतालाई ध्यानमा दिई अनुगमन कार्य गरिएको छ। कतिपय अनुगमन गर्दा सहकार्य र समन्वयमा गरिएको छ। अनुगमन कार्य मानव अधिकारसँग प्रत्यक्ष एवंम् परोक्ष घटनामा हुने गर्दछ। अधिकारहरु आपसमा अन्तरसम्बन्धित हुने हुदाँले विषयगत प्रकृतिको आधारमा नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार भनी विभाजन गर्न सकिन्छ। कर्णाली प्रदेश प्रकृतिक रुपमा सुन्दर भए पनि भौगोलिक विकटता रहेको छ। अहिले पनि यस प्रदेशको २ वटा जिल्ला हुम्ला र डोल्पामा मोटर बाटो पुगे पनि अझै प्रभावकारी तथा नियमित सवारी साधन चल्ने अवस्था रहेको छैन। यस

प्रदेशमा रहेको अति गरिवी, अशिक्षा, कमजोर स्वास्थ्य सेवाको पहुँच, विकासको अभाव, महिला हिंसा, बालविवाह, हानिकारक सामाजिक मुल्य मान्यता र अभ्यास, भौगोलिक विकटता, प्राकृतिक प्रकोप र सुशासनको अभाव जस्ता विषय मानव अधिकारको दृष्टिकोणले चुनौतिको रुपमा रहेका छन। राष्ट्रिय मानव अधिकार आयोगको कर्णाली प्रदेश कार्यालय सुर्खेतमा स्थापना भएदेखि नै मानव अधिकारको विविध विषयमा अनुगमन गर्दै आइरहेको छ । कर्णाली प्रदेश भौगोलिक सुन्दरता र प्रकृतिले भरिभराउ भएपनि मानव अधिकारका दृष्टिकोणले निकै जोखिमपूर्ण र चुनौतिपूर्ण अवस्थामा रहेको छ। यस प्रदेशमा रहेको अति गरिवी, अशिक्षा, कमजोर स्वास्थ्य सेवामा पहुँच, कमजोर मानव विकास सुचांक, महिला हिंसा, बाल विवाह, वहुविवाह, हानिकारक सामाजिक मुल्य मान्यता र अभ्यास, भौगोलिक विकटता, प्राकृतिक प्रकोप जस्ता विषय मानव अधिकारको दृष्टिकोणले चुनौतिको रूपमा रहेका छन्। कार्यालयमा रहेको सिमित स्रोत साधनका बाबजुद पहिचान गरिएका सबै विषयमा अनुगमन गर्न नसकिए तापनि स्विकृत वार्षिक बजेट तथा कार्यक्रम भन्दा निकै बढी विषयमा अनुगमन कार्य गरिएको छ।

**तालिका नं. ३ : अनुगमन सम्बन्धी विवरण**

| क्र. स. | अनुगमन गरिएको विषय | स्थान/ जिल्ला | मिति |
|---|---|---|---|
| १. | जिल्ला जाजरकोटमा पत्रकार माथी दुर्व्यहार भएको भनिएको घटनाको अनुगमन | जाजरकोट | २०८१।०४।२१-२७ गते |
| २. | जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमको प्रहरी हिरासतमा यातना दिएको भनिएको घटनाको अनुगमन | रुकुम पश्चिम | २०८१।०४।२१-२७ गते |
| ३. | सेवा प्रवाह सम्बन्धी अनुगमन | सुर्खेत | २०८१।५।१३-१४ गते |
| ४. | जिल्ला कारागार सल्यानमा रहेका कैदीहरुको मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन | सल्यान | २०८१।०६।१९-२१ गते |
| ५. | विद्युतिय करेन्ट लागेर मृत्यु भएको घटनाको अनुगमन | सुर्खेत पश्चिम | २०८१।०७।०७-११ गते |
| ६. | स्थानीय तहको निर्वाचन अनुगमन | दैलेख | २०८१।०८।१३-१९ गते |
| ७. | स्थानीय तहको निर्वाचन अनुगमन | जाजरकोट | २०८१।०८।१३-१९ गते |
| ८. | विद्यालय अनुगमन | सुर्खेत | २०८१।०८।२६ गते |
| ९. | प्रदेश अस्पताल अनुगमन | सुर्खेत | २०८१।०९।१७ गते |

| क्र.स. | अनुगमन गरिएको विषय | स्थान/ जिल्ला | मिति |
|---|---|---|---|
| १०. | विद्यालयमा भएको भनिएको जातिय भेदभाव सम्बन्धमा अनुगमन | दैलेख | २०८१।१०।१२-१४ गते |
| ११. | घरमा गोली लागेको भन्ने घटनाको अनुगमन | सुर्खेत | २०८१।१२।२४ गते |
| १२. | भुकम्पबाट प्रभावित व्यक्तिको अवस्था सम्बन्धमा अनुगमन | जाजरकोट र दैलेख | २०८२।२।०५-११ गते |
| १३. | युपिआर सिफारिस कार्यान्वयन अनुगमन | सुर्खेत र सल्यान | २०८२।२।२१-२२ गते |

कर्णाली प्रदेशको यस कार्यालयले स्थापना भएसँगै कर्णाली प्रदेश भित्रका मानव अधिकारका विषयहरुलाई गम्भिरताका साथ अनुगमन कार्य गर्ने गरेको छ । आयोगले मुख्य गरेर बालअधिकार, स्वास्थ्यको अधिकार, दलित समुदायको अधिकार, महिला अधिकार, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको अधिकार, अपांङ्गता भएका व्यक्तिको अधिकार, हिरासत तथा कारागारमा रहेका व्यक्तिको अधिकार, कुटपिट तथा यातना, न्याय प्रशासन, विषयको अनुगमन कार्य गर्नुपर्ने आवश्यकत रहेको भए पनि विषयगत बजेट नहुदाँ उल्लेखित विषयमा अनुगमन हुन नसके पनि अन्य मानव अधिकारका विषयमा आकष्मिक अनुगमन यस आ.व.२०८१।०८२ मा जम्मा ११ वटा अनुमगन गरिएको छ । सडक अवरोध, जातिय छुवाछुत तथा भेदभाव, भुकम्प प्रभावितको अवस्था,अनिवार्य निशुल्क गुणस्तरिय आधारभुत शिक्षाको अधिकार विषयमा, यौनिक तथा अल्पसंख्यक व्यक्तिको अधिकार अवस्था, स्वास्थ्य सेवा प्रवाह, प्रहरी हिरासत, कारागार, दलित समुदायको अवस्था, विद्यालयमा दिईने दिवा खाजा आदी जस्ता विषयहरुको अनुमगन तथा सहकार्यमा कार्य गरिएको छ ।

## ४.४. अनुसन्धान सम्बन्धी कार्य

मानव अधिकार अनुसन्धान आयोगको प्रमुख कार्यहरु मध्ये एक हो । मानव अधिकार संरक्षण र संवर्द्धनका लागि संविधान, ऐन एवंम् नियमको परिधिभित्र रहि मानव अधिकार उल्लङ्घन वा दुरुत्साहन सम्बन्धी घटनामा स्वविवेकिय रुपमा र अन्य माध्यमबाट उजूरी ग्रहण गर्दै आएको छ । यस प्रकारको उजूरी पीडितको, पीडितको परिवार, संघसंस्था, व्यक्ति वा सञ्चार माध्यममा सम्प्रेषित समाचारका आधारमा लिईन्छ । यसरी आयोगबाट प्राप्त उजूरीमाथी अनुगमन, अनुसन्धान एवं छननविन गरि क्षतिपूर्ति र आवश्यक कानूनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकायसमक्ष सिफारिस हुदै आएको छ । आयोगको यस कार्यालयले पनि कानूनी प्रकृया अनुसार उजूरी ग्रहण गरि अनुसन्धान कार्य नियमित रुपमा गरिरहेको छ । यस आ.व. २०८१।०८२ मा १३ वटा अनुसन्धान मिसनहरुमा काम

गरिएको छ । यस अनुसन्धान मिसनमा पूर्ण अनुसन्धान उजूरी संख्या १०१ वटा रहेकोमा अनुसन्धान सम्पन्न भई केन्द्रीय कार्यालयमा पठाइएको छ भने ३१ वटा उजूरीको आंशिक अनुसन्धान गरिएको छ। यस पटक उजूरीको संख्याको आधारमा प्राथमिकता दिई अनुसन्धान कार्य गरिएको छ ।

**तालिका नं. ४ : आ.व. २०८१।०८२ मा अनुसन्धान गरिएको विवरण**

| क्र.स. | मिति | स्थान/ठाउँ | अनुसन्धान उजूरीको विवरण | | |
|---|---|---|---|---|---|
| | | | पूर्ण अनुसन्धान | आंशिक अनुसन्धान | जम्मा |
| १. | २०८१।०५।१२ देखि १८ सम्म | जाजरकोट | १० | २ | १२ |
| २. | २०८१।०५।२४ देखि ३० सम्म | सल्यान | १० | १ | ११ |
| ३. | २०८१।०६।०४ देखि १० सम्म | रुकुम पश्चिम | ८ | २ | १० |
| ४. | २०८१।०६।०४ देखि १० सम्म | जाजरकोट | ४ | १ | ५ |
| ५. | २०८१।०७।२७ देखि०३ सम्म | कालिकोट | १० | २ | १२ |
| ६. | २०८१।०८।०४ देखि १० सम्म | सल्यान | ८ | ४ | १२ |
| ७. | २०८१।०८।१३ देखि १९ सम्म | जाजरकोट | १० | ३ | १३ |
| ८. | २०८१।०९।१९ देखि २४ सम्म | जाजरकोट | ८ | ३ | ११ |
| ९. | २०८१।१०।१५ देखि २१ सम्म | दैलेख | ७ | २ | ९ |
| १०. | २०८१।१०।२३ देखि २९ सम्म | जाजरकोट | ९ | २ | ११ |
| ११. | २०८१।११।०२ देखि ०८ सम्म | सल्यान | ८ | ३ | ११ |
| १२. | २०८१।११।२७ देखि ०४ सम्म | दैलेख | ७ | ४ | ११ |
| १३. | २०८१।१२।१८ देखि २१ सम्म | सल्यान | २ | २ | ४ |
| जम्मा | | | १०१ | ३१ | १३२ |

### ४.४.१. उजूरी विवरण

आयोगको यस कर्णाली प्रदेश कार्यालयमा आ.व.२०८१।०८२ को शुरुमाजम्मा २३८ वटा उजूरी रहेका थिए। कर्णाली प्रदेशका १० वटा जिल्ला मध्ये सबैभन्दा धेरै उजूरी जाजरकोट जिल्लाका रहेका थिए भने हुम्ला जिल्लाको १ मात्र उजूरी रहेको थियो अर्थात सबै भन्दा कम उजूरी यस जिल्लाको रहेको थियो । जिल्लागत रुपमा धेरै उजूरी भएका जिल्लाहरुमा जाजरकोटका ८१, सल्यानका ७०, रुकुम पश्चिमका ३५, दैलेखका २०, कालिकोटका १४ र सुर्खेतका ११ वटा रहेका थिए भने कम उजूरी भएका जिल्लामा हुम्लाका १, डोल्पाका २, जुम्लाका २ वटा रहेका थिए। उजूरीहरुलाई सन्धिगत रुपमा हेर्दा

५० प्रतिशत भन्दा धेरै उजूरीहरु नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित रहेका थिए भने बेपत्ता शिर्षकमा दोस्रो नम्बरमा रहेका छन । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि उजूरी सबै भन्दा धेरै जाजरकोट जिल्लामा रहेका छन भने जुम्ला र मुगु जिल्लामा कुनै पनि उजूरी रहेका छैनन । यस कार्यालयमा रहेका उजूरीहरु मुख्यत ICCPR, ICPPED र ESCR मा विषयका रहेका थिए ।

**तालिका नं. ५ : जिल्लागत र महासन्धिजनित उजूरीको विवरण**

| क्र.स | जिल्ला | महासन्धि | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ICCPR | ESCR | CRC | CEDAW | CAT | CRPD | CERD | CMW | ICPPED | Total |
| १. | सुर्खेत | ८ | १ | ० | ० | २ | ० | ० | ० | ० | ११ |
| २. | सल्यान | २४ | १९ | ० | ० | ६ | ० | ० | ० | २१ | ७० |
| ३. | जाजरकोट | ४६ | ९ | ० | ० | ६ | ० | ० | ० | २० | ८१ |
| ४. | दैलेख | १३ | २ | ० | ० | २ | ० | ० | ० | ३ | २० |
| ५. | रुकुम पश्चिम | २५ | ५ | ० | ० | ३ | ० | ० | ० | २ | ३५ |
| ६. | कालिकोट | ३ | ४ | ० | ० | ३ | ० | ० | ० | ४ | १४ |
| ७. | जुम्ला | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | २ |
| ८. | मुगु | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | २ |
| ९. | हुम्ला | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| १०. | डोल्पा | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| जम्मा | | १२२ | ४० | ० | ० | २४ | ० | १ | ० | ५१ | २३८ |

### ४.४.२. आ.व.२०८१।०८२ मा मुल किताबमा दर्ता भएका उजूरी विवरण

यस आर्थिक वर्ष २०८१।०८२ मा उजूरी दर्ता भई अनुसन्धान प्रक्रियामा रहेका उजूरी संख्या जम्मा ८ वटा रहेका छन जसमा कुनै अनुसन्धान सम्पन्न भई निर्णयको लागि आयोगमा पेश गरिएको छ भने कुनै उजूरी अनुसन्धानको प्रक्रियामा रहेका छन । आयोगको यस कर्णाली प्रदेश कार्यालयमा मानव अधिकार उल्लङ्घंन तथा दुरुत्साहन भयो भनेर धेरै उजूरी तथा गुनासो आएको भए पनि आयोगले आफनो अधिकार क्षेत्र भित्रपर्ने मानव अधिकार उल्लङ्घंनका उजूरीहरु कानूनी प्रक्रिया अनुसार दर्ता गरि अनुसन्धान कार्य गरेको छ । कतिपय गुनासा,उजूरी तथा जानकारी आयोगको क्षेत्राधिकार नपर्ने हुदाँ पीडितलाई विषय बस्तुको बारेमा जानकारी गराईएको छ भने कतिपय विषयमा सम्बन्धित निकाय, कार्यालय तथा व्यक्तिसँग समन्वय तथा सहकार्य गरेर समस्या समाधान गरिएको छ । कतिपय उजूरी आयोगको क्षेत्रधिकार भित्र नपर्ने हुदाँ कानूनी प्रकृयाको लागि सहजीकरण गरि मानव अधिकार प्रवर्धन

गरिएको छ । यस वर्षमा आयोगमा जम्मा ८ वटा नयाँ उजूरी दर्ता भएका छन भने जसमा सुर्खेत जिल्लाको ३ वटा, कालिकोट जिल्लाको २ वटा, दैलेख जिल्लाका १ वटा, सल्यान जिल्लाको १ वटा र रुकुम जिल्लाको १ वटा रहेका छन ,यस कार्यालयमा जुम्ला, मुगु, हुम्ला र डोल्पा जिल्लाबाट कुनै पनि उजूरी दर्ता भएका छैनन । विषयगतरुपमा हेर्दा यातनासँग सम्बन्धित १ वटा, न्याय प्रशासनसँग सम्बन्धित सबै भन्दा धेरै रहेका छन ।

**तालिका नं. ६ : आ.व. २०८१।०८२ मा मुल  किताबमा दर्ता भएका उजूरी विवरण**

| क्र.स. | उजुरी नं | विषय | जिल्ला | कैफियत |
|---|---|---|---|---|
| १. | २०८१-१८ | न्याय प्रशासन | कालिकोट | |
| २. | २०८१-१९ | कुटपिट तथा यातना | सुर्खेत | |
| ३. | २०८१-२० | न्याय प्रशासन (नागरिकता) | सुर्खेत | |
| ४. | २०८१-२१ | अपांङ्गता भएको व्यक्तिको अधिकार | दैलेख | |
| ५. | २०८१-२२ | न्याय प्रशासन | सुर्खेत | |
| ६. | २०८१-२३ | न्याय प्रशासन | सल्यान | |
| ७. | २०८१-२४ | न्याय प्रशासन (नागरिकता) | रुकुम पश्चिम | |
| ८. | २०८१-२५ | नागरिक तथा राजनीतिक अधिकार | कालिकोट | |

### ४.४.३. आ.व.२०८१।८२ मा सामान्य उजूरीको रुपमा दर्ता भएका उजूरी विवरण

आयोगको यस कार्यालयमा विभिन्न किसिमका उजूरीहरु आउने गरेका छन । कतिपय उजूरीहरु आयोगको क्षेत्राधिकार भित्र नपर्ने हुन्छन भने कतिपय अन्य निकायसँग सम्बन्धित हुने गरेका छन । मानव अधिकार उल्लङ्घंनसँग सम्बन्धित उजूरीहरु मुल किताबमा दर्ता गरि अनुसन्धान प्रक्रियामा जान्छन भने अन्य उजूरीहरु समान्य उजूरीको रुपमा दर्ता गरि समस्या समाधान गरी टुङ्गाउने गरिन्छ । पछिल्लो समय आयोगको यस कार्यालयमा आउने उजूरीहरु सामान्य उजूरीको संख्या धेरै आउने गरेको छ । यस आ.व. २०८१।०८२ मा ४५ वटा सामान्य उजूरी दर्ता भई उक्त उजूरी उपर कार्य भएको छ । समान्य उजूरीहरुमा न्याय प्रशासनसँग सम्बन्धित सबै भन्दा धेरै उजूरी रहेका छन भने पत्रकारमाथी दुर्व्यावहार भएका, नागरिकता तथा जन्म दर्ता, शिक्षाको अधिकार, खानेपानी, जातिय भेदभाव तथा छुवाछुत, कुटपिट तथा यातना, उजूरी दर्ता नभएको, नागरिक तथा राजनितिक अधिकार एवंम् आर्थिक, सामाजिक तथा साँस्कृति अधिकारसँग सम्बन्धित उजूरी रहेका छन । कतिपय उजूरीहरुको सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरि समस्या समाधान गरिएको छ भने कतिपय उजूरीमा पत्रचार गरि

समस्याको सामधान गरिएको छ । जिल्लागत रुपमा हेर्दा सबैभन्दा धेरै सुर्खेत जिल्लाका रहेका छन भने अन्य जिल्लाबाट विविध विषयमा उजूरी दर्ता भएका छन ।

**तालिका नं. ७ : आ.व. २०८१।०८२ मा सामान्य उजूरीको रुपमा दर्ता भएका उजूरी विवरण**

| क्र.स. | मिति | उजूरी नं | विषय | जिल्ला |
|---|---|---|---|---|
| १. | २०८१/०४/०३ | ०१ | न्याय प्रशासन | दैलेख |
| २. | २०८१/०४/२० | ०२ | पत्रकार माथी दुर्व्याहार | जाजरकोट |
| ३. | २०८१/०४/२३ | ०३ | यातना तथा कुटपिट | रुकुम पश्चिम |
| ४. | २०८१/०४/२७ | ०४ | न्याय प्रशासन | सुर्खेत |
| ५. | २०८१/०४/३१ | ०५ | न्याय प्रशासन | जाजरकोट |
| ६. | २०८१/०५/३१ | ०६ | न्याय प्रशासन | सल्यान |
| ७. | २०८१/०६/०७ | ०७ | नागरिक तथा राजनीतिक अधिकार | सुर्खेत |
| ८. | २०८१/०७/१२ | ०८ | न्याय प्रशासन | सुर्खेत |
| ९. | २०८१/०७/१९ | ०९ | कुटपिट तथा यातना | जुम्ला |
| १०. | २०८१/०८/०७ | १० | न्याय प्रशासन | दैलेख |
| ११. | २०८१/०८/१० | ११ | न्याय प्रशासन | सुर्खेत |
| १२. | २०८१/०८/२३ | १२ | नागरिकता प्राप्त नभएको | सुर्खेत |
| १३. | २०८१/०८/२६ | १३ | न्याय प्रशासन | सुर्खेत |
| १४. | २०८१/०९/०८ | १४ | बहुविवाह | दैलेख |
| १५. | २०८१/०९/०९ | १५ | विवाह दर्ता | सुर्खेत |
| १६. | २०८१/०९/१२ | १६ | न्याय प्रशासन | जाजरकोट |
| १७. | २०८१/०९/२६ | १७ | न्याय प्रशासन | दैलेख |
| १८. | २०८१/०९/२८ | १८ | न्याय प्रशासन | जाजरकोट |
| १९. | २०८१/१०/०२ | १९ | जिउ ज्यानको सुरक्षा | दैलेख |
| २०. | २०८१/१०/०६ | २० | न्याय प्रशासन | सुर्खेत |
| २१. | २०८१/११/०५ | २१ | खानेपानी | सुर्खेत |
| २२. | २०८१/११/०६ | २२ | उजूरी दर्ता नभएको | सुर्खेत |
| २३. | २०८१/११/०६ | २३ | शिक्षाको अधिकार | सुर्खेत |
| २४. | २०८१/११/०३ | २४ | कुटपिट | जुम्ला |
| २५. | २०८१/१२/०५ | २५ | सुकुम्वासी | सुर्खेत |
| २६. | २०८१/१२/०६ | २६ | प्रहरीले उजूरी दर्ता नगरेको | सुर्खेत |

| क्र.स. | मिति | उजूरी नं | विषय | जिल्ला |
|---|---|---|---|---|
| २७. | २०८१/१२/१२ | २७ | न्याय प्रशासन | दैलेख |
| २८. | २०८१/१२/१९ | २८ | कुटपिट तथा यातना | जुम्ला |
| २९. | २०८१/१२/१९ | २९ | न्याय प्रशासन | दैलेख |
| ३०. | २०८१/१२/२० | ३० | न्याय प्रशासन | सल्यान |
| ३१. | २०८१/१२/२८ | ३१ | पत्रकार माथी दुर्व्यावहार | सुर्खेत |
| ३२. | २०८२/०१/०९ | ३२ | न्याय प्रशासन | रुकुम पश्चिम |
| ३३. | २०८२/०१/२८ | ३३ | खानेपानी | दैलेख |
| ३४. | २०८२/०१/३० | ३४ | जातिय विभेद | रुकुम पश्चिम |
| ३५. | २०८२/०२/०२ | ३५ | नागरिकता | सल्यान |
| ३६. | २०८२/०२/०८ | ३६ | जन्मदर्ता | दैलेख |
| ३७. | २०८२/०२/१० | ३७ | कुटपिट | दैलेख |
| ३८. | २०८२/०२/१४ | ३८ | जन्म दर्ता | सुर्खेत |
| ३९. | २०८२/०२/१८ | ३९ | न्याय प्रशासन | जाजरकोट |
| ४०. | २०८२/०२/२४ | ४० | न्याय प्रशासन | सुर्खेत |
| ४१. | २०८२/०३/०३ | ४१ | न्याय प्रशासन | दैलेख |
| ४२. | २०८२/०३/०६ | ४२ | मानव वेचविखन | कालिकोट |
| ४३. | २०८२/०३/१८ | ४३ | शिक्षाको अधिकार | सुर्खेत |
| ४४. | २०८२/०३/२३ | ४४ | न्याय प्रशासन | सुर्खेत |
| ४५. | २०८२/०३/२३ | ४५ | प्रहरीले उजूरी दर्ता नगरेको | जाजरकोट |

### ४.४.४. आ.व. २०८१।०८२ मा अनुसन्धान गर्न बाँकी रहेका उजूरी विवरण

आयोगको यस कर्णाली प्रदेश कार्यालयमा आ.व.२०८१।०८२ मा जम्मा २३८ वटा उजूरी रहेका थिए। कर्णाली प्रदेशका १० वटा जिल्ला मध्ये सबै भन्दा धैरै उजूरी जाजरकोट जिल्लामा रहेका थिए भने हुम्ला जिल्लाको १ वट मात्र उजूरी रहेको थियो। यस आर्थिक वर्षमा १०१ वटा उजूरीको अनुसन्धान सम्पन्न गरि केन्द्रीय कार्यालयमा पठाई सकिएको हुँदा बाँकी उजूरी संख्या १४२ वटा रहेका छन। बाँकी रहेका उजूरीहरु जिल्लागत रुपमा धेरै उजूरी भएका जिल्लाहरुमा जाजरकोटका ४४, सल्यानमा ३९, रुकुम पश्चिमका ३३, दैलेखका ११ वटा रहेका थिए भने कम उजूरी भएका जिल्लामा डोल्पाका २, जुम्लाका १ र मुगु जिल्लाका १ वटा रहेका थिए। उजूरीहरुलाई सन्धिगत रुपमा हेर्दा ५० प्रतिशत भन्दा धैरै उजूरीहरु नागरिक तथा राजनीतिक अधिकार सँग सम्बन्धित रहेका थिए भने बेपत्ता शिर्षकमा २९ वटा रहेका छन। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि उजूरी सबैभन्दा धैरै जाजरकोट जिल्लामा


रहेका छन भने हुम्ला जिल्लाका कुनैपनि उजूरी रहेका छैनन । यस कार्यालयमा रहेका उजूरीहरु मुख्यत ICCPR, ICPPED र ESCR मा विषयका रहेका थिए ।

**तालिका नं. ८ : जिल्लागत र महासन्धिजनित उजूरीको विवरण**

| क्र.स. | जिल्ला | विषयगत | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ICCPR | ESCR | CRC | CEDAW | CAT | CRPD | CERD | CMW | ICPPED | Total |
| १. | सुर्खेत | २ | ० | ० | ० | ३ | ० | ० | ० | ० | **५** |
| २. | सल्यान | २१ | ४ | ० | ० | ३ | ० | ० | ० | ११ | **३९** |
| ३. | जाजरकोट | २० | ८ | १ | १ | ४ | १ | १ | | ८ | **४४** |
| ४. | दैलेख | ६ | १ | ० | ० | ० | ० | ० | ० | ४ | **११** |
| ५. | रुकुम पश्चिम | २२ | ४ | ० | ० | ४ | ० | ० | ० | ३ | **३३** |
| ६. | कालिकोट | ३ | ० | ० | ० | ० | ० | ० | ० | ३ | **६** |
| ७. | जुम्ला | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | **१** |
| ८. | मुगु | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | **१** |
| ९. | हुम्ला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** |
| १० | डोल्पा | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | **२** |
| **जम्मा** | | **७६** | **१७** | **१** | **१** | **१६** | **१** | **१** | **०** | **२९** | **१४२** |

### ४.४.५. जिल्लागत उजूरी विवरण

आ.व. २०८१/०८२ मा आयोगको यस कार्यालयमा २३८ वटा उजूरीहरु रहेका थिए । यस आ.व.मा १०१ वटा उजूरी अनुसन्धान सम्पन्न गरिसकेको हुदाँ अब १४२ वटा मात्र उजूरी बाँकी रहेका छन । बाँकी रहेका उजूरीहरु जिल्लागत रुपमा हेर्दा सबै भन्दा धैरै जाजरकोट जिल्लाका ४४ वटा रहेका छन भने हुम्ला जिल्लाको कुनै उजूरी छैन । विषयगत रुपमा हेर्दा सबैभन्दा धैरै नागरिक तथा राजनैतिक अधिकारसँग सम्बन्धित उजूरी रहेका छन भने आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित रहेका छन । यस कार्यालयमा रहेका उजूरीको प्रकृति हेर्दा धैरैजसो तत्कालिन द्वन्द्वसँग सम्बन्धित रहेका देखिन्छन । सल्यान जिल्लाका ३९ र रुकुम पश्चिम जिल्लाका ३३ वटा उजूरी रहेका छन ।




### ४.४.६. महासन्धिको आधारमा उजूरी विवरण

यस आर्थिक वर्षमा महासन्धिजनित आधारमा उजूरीको विश्लेषण गर्दा सबैभन्दा धैरै अर्थात ५० प्रतिशत भन्दा धैरै उजूरीहरु नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र (ICCPR) का रहेका छन । जसमा ७६ वटा उजूरी रहेका छन । दोस्रो स्थानमा बेपत्ता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि (ICPPED) सँग सम्बन्धित उजूरीहरु रहेका छन जसमा २९ वटा उजूरी रहेका छन । तेस्रो स्थानमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्र (ICESCR) सँग सम्बन्धित उजूरी रहेका छन जसमा १७ वटा उजूरी रहेका छन । चौथो स्थानमा यातना विरुद्धको महासन्धि (CAT) सँग सम्बन्धि उजूरीहरु रहेका छन जसमा १६ वटा उजूरी रहेका छन । विगतको आर्थिक वर्षहरुमाझै यस वर्ष पनि उजूरीको संख्या पहिलो, दोस्रो, तेस्रो हुने विषयगत रुपमा समान रहेका छन । आप्रवासी कामदारहरु तथा तिनीहरुको परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धि अन्तराष्ट्रिय महासन्धि (CMW), बाल अधिकार सम्बन्धि महासन्धि (CRC), महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW), अपांङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि (CRPD) हरुमा उजूरीको संख्या न्यून रहेको छ । जम्मा उजूरी संख्या १४२ रहेकोमा ३ वटा विषयमा करिव ९० प्रतिशत भन्दा धैरै उजूरी रहेको देखिन्छ ।

**तालिका नं. ९ : महासन्धिको आधारमा उजूरी विवरण**

| क्र.स. | महासन्धि | संख्या |
|---|---|---|
| १. | ICCPR | ७६ |
| २. | ESCR | १७ |
| ३. | CRC | १ |
| ४. | CEDAW | १ |
| ५. | CAT | १६ |
| ६. | CRPD | १ |
| ७. | CERD | १ |
| ८. | CMW | ० |
| ९. | ICPPED | २९ |
| जम्मा | | १४२ |

### ४.४.७. आ.व. २०८१।०८२ मा अनुसन्धान सम्पन्न उजूरी विवरण

यस आ.व.२०८१।८२ मा मानव अधिकारसँग सम्बन्धित उजूरीहरुको संख्या २३८ रहेकोमा १०१ वटा उजूरीको अनुसन्धान कार्य भएको छ । लामो समय देखि यस कर्णाली प्रदेशमा रहेका उजूरीहरुको अनुसन्धान हुन नसकेको अवस्थामा यस कार्यालयको स्थापना सँगै उजूरीहरुको अनुसन्धान कार्य नियमित र प्रभावकारी रुपमा भैरहेको छ । अनुसन्धान गरिएका र गर्न बाँकी रहेका धेरै उजूरी तत्कालिन माओवादी द्वन्द्वसँग सम्बन्धित रहेका छन । अनुसन्धान एक जटिल प्रक्रिया हो । उजूरी अनुसन्धानको लागि पीडित नभेटिने र एउटै उजूरीमा पटक पटक जानुपर्ने अवस्था रहेको छ । हाल आयोगको यस कार्यालयमा रहेका उजूरी धेरै जसो पुराना तथा द्वन्द्वसँग सम्बन्धित रहेका छन । अनुसन्धान सम्पन्न भएका उजूरीहरु केही संख्यामा सिफारिस भएका छन भने केही तामेलीमा राख्न पठाईएको छ । जिल्लागत रुपमा विभिन्न जिल्लाका उजूरीको अनुसन्धान भएको छ । मुगु जिल्ला बाहेक अन्य ९ वटै जिल्लामा आयोगको टोली अनुसन्धानको लागि पुगेको छ । भौगोलिक कठिनाई तथा सिमित श्रोत साधनमा अनुसन्धान गर्नुपर्ने अवस्थामा पनि आयोगको यस कार्यालयले उजूरी अनुसन्धानमा उल्लेख्य प्रगति गरेको छ ।

**तालिका नं. १० : आ.व.२०८१।०८२ मा अनुसन्धान सम्पन्न गरि केन्द्रीय कार्यालयमा पठाएका उजूरीहरु**

| क्र.स. | विषय | जिल्ला | उजूरी नं. | निष्कर्ष |
|---|---|---|---|---|
| १. | बेपत्ता | जुम्ला | ८ | सिफारिस |
| २. | यातना | कालिकोट | १०९ | सिफारिस |
| ३. | यातना | कालिकोट | ११३ | सिफारिस |
| ४. | अपहरण | कालिकोट | १२४ | सिफारिस |
| ५. | बेपत्ता | कालिकोट | १८५ | सिफारिस |
| ६. | कुटपिट | दैलेख | १८८ | सिफारिस |
| ७. | न्याय प्रशासन | दैलेख | ८६९ | सिफारिस |
| ८. | हत्या | सल्यान | १०५० | सिफारिस |
| ९. | बेपत्ता | जाजरकोट | ११८३ | सिफारिस |
| १०. | बेपत्ता | जाजरकोट | ११८५ | सिफारिस |
| ११. | हत्या | जाजरकोट | ११९२ | सिफारिस |
| १२. | हत्या | जाजरकोट | ११९८ | सिफारिस |
| १३. | हत्या | जाजरकोट | १२०० | सिफारिस |
| १४. | हत्या | जाजरकोट | १२२४ | सिफारिस |
| १५. | हत्या | जाजरकोट | १२२५ | सिफारिस |
| १६. | सम्पत्ति लुटपाट | सल्यान | १२३६ | सिफारिस |
| १७. | सम्पत्ति लुटपाट | सल्यान | १२३७ | सिफारिस |
| १८. | सम्पत्ति क्षति | सल्यान | १२३८ | सिफारिस |
| १९. | सम्पत्ति लुटपाट | सल्यान | १२३९ | सिफारिस |
| २०. | बेपत्ता | सल्यान | १४२७ | सिफारिस |
| २१. | हत्या | हुम्ला | १४४५ | सिफारिस |
| २२. | हत्या | रुकुम पश्चिम | १४९० | सिफारिस |
| २३. | हत्या | जाजरकोट | १७५१ | सिफारिस |
| २४. | हत्या | सल्यान | १७७७ | सिफारिस |
| २५. | कुटपिट | रुकुम पश्चिम | १८१२ | सिफारिस |

| क्र.स. | विषय | जिल्ला | उजूरी नं. | निष्कर्ष |
|---|---|---|---|---|
| २६. | हत्या | सुर्खेत | १८४७ | सिफारिस |
| २७. | सम्पत्ति लुटपाट | सल्यान | १९१९ | सिफारिस |
| २८. | हत्या | रुकुम पश्चिम | ३०५ | सिफारिस |
| २९. | हत्या | रुकुम पश्चिम | १४७९ | सिफारिस |
| ३०. | बेपत्ता | दैलेख | ८७६ | सिफारिस |
| ३१. | बेपत्ता | दैलेख | ९७८ | सिफारिस |
| ३२. | बेपत्ता | सल्यान | १०३९ | सिफारिस |
| ३३. | बेपत्ता | सल्यान | १०५९ | सिफारिस |
| ३४. | बेपत्ता | सल्यान | १०४० | सिफारिस |
| ३५. | बेपत्ता | सल्यान | १०६० | सिफारिस |
| ३६. | बेपत्ता | सल्यान | १०५६ | सिफारिस |
| ३७. | बेपत्ता | सल्यान | १०६१ | सिफारिस |
| ३८. | हत्या | जाजरकोट | ११७६ | सिफारिस |
| ३९. | हत्या | जाजरकोट | १२२६ | सिफारिस |
| ४०. | बेपत्ता | जाजरकोट | ११९६ | सिफारिस |
| ४१. | बेपत्ता | जाजरकोट | १२१८ | सिफारिस |
| ४२. | हत्या | जाजरकोट | १२२० | सिफारिस |
| ४३. | हत्या | जाजरकोट | १२२७ | सिफारिस |
| ४४. | बेपत्ता | सल्यान | १०६३ | सिफारिस |
| ४५. | बेपत्ता | सल्यान | १२८९ | सिफारिस |
| ४६. | बेपत्ता | जाजरकोट | ११९९ | सिफारिस |
| ४७. | हत्या | जाजरकोट | १५०६ | सिफारिस |
| ४८. | हत्या | कालिकोट | ११२ | सिफारिस |
| ४९. | हत्या | रुकुम पश्चिम | ८२१ | सिफारिस |
| ५०. | हत्या | सल्यान | ८४८ | सिफारिस |
| ५१. | हत्या | सल्यान | १०४५ | सिफारिस |

| क्र.स. | विषय | जिल्ला | उजूरी नं. | निष्कर्ष |
|---|---|---|---|---|
| ५२. | हत्या | सल्यान | १०४८ | सिफारिस |
| ५३. | हत्या | जाजरकोट | ११९४ | सिफारिस |
| ५४. | हत्या | जाजरकोट | १७६७ | सिफारिस |
| ५५. | हत्या | जाजरकोट | १७६९ | सिफारिस |
| ५६. | हत्या | जाजरकोट | ११८२ | सिफारिस |
| ५७. | हत्या | जाजरकोट | १८६८(ख) | सिफारिस |
| ५८. | हत्या | सल्यान | १९८७ | सिफारिस |
| ५९. | बेपत्ता | जाजरकोट | १२१७ | सिफारिस |
| ६०. | बेपत्ता | जाजरकोट | ११८१ | सिफारिस |
| ६१. | बेपत्ता | जाजरकोट | ११८९ | सिफारिस |
| ६२. | बेपत्ता | जाजरकोट | १२३३ | सिफारिस |
| ६३. | हत्या | जाजरकोट | ११९० | सिफारिस |
| ६४. | बेपत्ता | जाजरकोट | ११९५ | सिफारिस |
| ६५. | बेपत्ता | जाजरकोट | १२३२ | सिफारिस |
| ६६. | बेपत्ता/हत्या | जाजरकोट | ११७५ | सिफारिस |
| ६७. | बेपत्ता/हत्या | जाजरकोट | १२२३ | सिफारिस |
| ६८. | मृत्यु | कालीकोट | १९१ | सिफारिस |
| ६९. | अपहरण | सुर्खेत | ९९३ | सिफारिस |
| ७०. | हत्या | सल्यान | १०२८ | सिफारिस |
| ७१. | घाइते | जाजरकोट | १८८० | सिफारिस |
| ७२. | हत्या | जाजरकोट | ११८६ | सिफारिस |
| ७३. | हत्या | जाजरकोट | ११८७ | सिफारिस |
| ७४. | हत्या | जाजरकोट | ११८८ | सिफारिस |
| ७५. | हत्या | जाजरकोट | ११९३ | सिफारिस |
| ७६. | बेपत्ता | जाजरकोट | १२१६ | सिफारिस |

| क्र.स. | विषय | जिल्ला | उजूरी नं. | निष्कर्ष |
|---|---|---|---|---|
| ७७. | हत्या | जुम्ला | ३८ | सिफारिस |
| ७८. | हत्या | जुम्ला | ३९ | सिफारिस |
| ७९. | बेपत्ता | जाजरकोट | ११८० | सिफारिस |
| ८०. | बेपत्ता | जाजरकोट | १२२१ | सिफारिस |
| ८१. | हत्या | कालिकोट | १०८ | तामेली |
| ८२. | हत्या | सुर्खेत | ११६ | तामेली |
| ८३. | अपहरण | जाजरकोट | ३५६ | तामेली |
| ८४. | विस्थापित | सल्यान | ९०६ | तामेली |
| ८५. | विस्थापित | सल्यान | ९८२ | तामेली |
| ८६. | विस्थापित | सल्यान | १०८८ | तामेली |
| ८७. | विस्थापित | सल्यान | ११२५ | तामेली |
| ८८. | विस्थापित | सल्यान | १४१८ | तामेली |
| ८९. | विस्थापित | सल्यान | १८४८ | तामेली |
| ९०. | विस्थापित | सल्यान | १९१० | तामेली |
| ९१. | सम्पत्ति कब्जा | सल्यान | १९६१ | तामेली |
| ९२. | यातना | सुर्खेत | २०८१-१७ | तामेली |
| ९३. | रोजगारी | कालिकोट | २०८१-१८ | तामेली |
| ९४. | विस्थापित | सल्यान | १०३७ | तामेली |
| ९५. | विस्थापित | सल्यान | १९५२ | तामेली |
| ९६. | यातना | जाजरकोट | १५३ | तामेली |
| ९७. | न्याय प्रशासन | सुर्खेत | २० | तामेली |
| ९८. | न्याय प्रशासन | सल्यान | २५० | तामेली |
| ९९. | हत्या | जाजरकोट | १२२८ | तामेली |
| १००. | हत्या | जाजरकोट | १२३१ | तामेली |
| १०१. | न्याय प्रशासन | सुर्खेत | २२ | तामेली |

### ४.५. प्रवर्द्धन सम्बन्धी  कार्य

राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक तथा कानुनी कार्यहरु मध्ये मानव अधिकारको प्रवर्धन पनि एक प्रमुख कार्य हो । मानव अधिकार सम्बन्धी शिक्षा तथा चेतना अभिवृद्धिका लागि गरिने तालिम, गोष्ठी, छलफल, अन्तरक्रिया, सेमिनार, कार्याशाला, विभिन्न सञ्चार माध्यमहरुबाट सूचना तथा जानकारी मुलक सन्देश प्रकाशन/प्रशारण, वकालत आदि संवर्धनका माध्यम हुन् । राष्ट्रिय मानव अधिकार आयोगले स्थापना कालदेखि नै यस्ता कार्यहरुको माध्यमबाट आम नागरिकहरुमा मानव अधिकारको विषयवस्तुका बारेमा जानकारी गराउँदै आएको छ । मानव अधिकार संवर्धन मानव अधिकारको बारेमा सबै नागरिकहरुलाई सुसूचित गराउने, जागृत गराउने एउटा सशक्त माध्यम पनि हो । मानव अधिकार सम्बन्धी शिक्षा र सचेतनामा वृद्धि एंवम मानव अधिकारको वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषण सम्बन्धी कार्य विस्तारमा संवर्धनात्मक कार्यको भूमिका विशेष हुन्छ । संवैधानिक एवम कानूनी दायित्व अन्तर्गत आयोगले यस प्रकारका गतिविधिहरु सञ्चालन गर्दै आएको छ । आयोगबाट संवर्धन सम्बन्धी गतिविधिहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका २०६९ जारी भई कार्यान्वयनमा आईसकेको छ । आयोगले जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार: दिगो शान्ति र समृद्धिको आधार भन्ने आह्वानलाई  साकार पार्न मानव अधिकारको प्रवर्धन कार्यलाई विशेष प्राथमिकतामा राखी यस कार्यालयले प्रदेश सरकार, स्थानीय सरकार, सुरक्षाकर्मी, पत्रकार, नागरिक समाज, मानव अधिकार रक्षक तथा विकास साझेदारहरुसँग समन्वय तथा सहकार्य गरि अन्तरक्रिया, छलफल, गोष्टी, तालिम, कार्यशाला जस्ता गतिविधिहरु सञ्चालन गर्दै आएको छ । यस कार्यालयले मानव अधिकारको प्रवर्धनका लागि प्राप्त बजेट तथा कार्यक्रमको सिमाभित्र रही कतिपय आफैले र कतिपय अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको साझेदारीमा विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ । जसलाई विस्तृत रुपमा तल उल्लेख गरिएको छ ।

#### ४.५.१ यस कार्यालयले आयोजना गरेका कार्यक्रम

आयोगको यस कार्यालयले मानव अधिकार सँग सम्बन्धित विभिन्न कार्यक्रमहरु गर्ने गरेको छ । आ.व.२०८१।८२ को बार्षिक कार्ययोजना अनुरुपका केही कार्यक्रम सम्पन्न गरेको छ । यस कार्यालयबाट १३वटा कार्यक्रम सम्पन्न भएका छन जसमा धेरै कार्यक्रम अन्य संघ संस्थाको समन्वय तथा सहकार्यमा भएका छन । राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय आयोजक भएर गरेका कार्यक्रम यस वर्ष अघिल्लो वर्ष भन्दा कम रहेका छन । आयोगको यस वर्ष मानव अधिकार प्रवर्धन गर्न खासै बार्षिक कार्यक्रम नभएको हुदाँ कम कार्यक्रम गरिएको छ । यस आ.व. मा गरिएका

मुख्य कार्यक्रमहरुमा अन्तरलिङ्गि व्यक्तिहरुको मानव अधिकार सम्बन्धि अन्तरक्रिया कार्यक्रम, महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं १३२५ र १३२० कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धमा प्रदेश स्तरीय सरोकारवाला निकायसँग छलफल, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार अवस्था सम्बन्धमा अन्तर्क्रिया, मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार अवस्था, राउटे समुदायको मानव अधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धमा आयोगको सिफारिस कार्यान्वयन अन्तरक्रिया कार्यक्रम, विश्वव्यापी आवधिक समिक्षामा बालबालिकासँग सम्बन्धित र समग्र विषयगत सिफारिसहरुको कार्यन्वयनका सम्बन्धमा प्रादेशिक छलफल रहेका छन ।

**तालिका नं. ११ : यस कार्यालयले आयोजना गरेको कार्यक्रम**

| क्र.स. | कार्यक्रमको विषय बस्तु | मिति |
|---|---|---|
| १. | अन्तरलिङ्गि व्यक्तिहरुको मानव अधिकार सम्बन्धि अन्तरक्रिया कार्यक्रम | २०८१।०५।१५ गते |
| २. | महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं १३२५ र १३२० कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धमा प्रदेश स्तरीय सरोकारवाला निकायसँग छलफल | २०८१।०६।०२ गते |
| ३. | अन्तराष्ट्रिय मानव अधिकार दिवस मनाउनको लागि सुर्खेत स्थित विभिन्न संघ संस्थाहरूसँग बैठक राखि छलफल | २०८१।०८।१२ गते |
| ४. | ७६ औं अन्तराष्ट्रिय मानव अधिकार दिवस | २०८१।०८।२५ गते |
| ५. | मानव अधिकार र बालविवाह | २०८१।०८।२६ गते |
| ६. | यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार अवस्था सम्बन्धमा अन्तर्क्रिया | २०८१।०९।०५ गते |
| ७. | मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार अवस्था | २०८१।०९।०८ गते |
| ८. | राउटे समुदायको मानव अधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धमा आयोगको सिफारिस कार्यान्वयन अन्तरक्रिया कार्यक्रम | २०८१।०९।१४ गते |
| ९. | विद्यालयमा मानव अधिकार शिक्षा तथा सचेतना | २०८१।०९।२० गते |
| १०. | अभिव्यक्ति स्वतन्त्रता अवस्था | २०८१।०९।२७ गते |

| | | |
|---|---|---|
| ११. | मानव अधिकार रक्षकको सुरक्षा सम्बन्धमा सरोकारवाला नागरिक समाजसँग छलफल | २०८१।११।०९ गते |
| १२. | आयोगको स्थापन दिवस | २०८१।०२।१३ गते |
| १३. | विश्वव्यापी आवधिक समिक्षामा बालबालिकासँग सम्बन्धित र समग्र विषयगत सिफारिसहरुको कार्यन्वयनका सम्बन्धमा प्रादेशिक छलफल | २०८२।०३।१७ गते |

### ४.५.२. अन्य निकायले गरेको कार्यक्रम्म सहभागिता

मानव अधिकारको सम्वर्द्धन गर्नको लागि कतिपय कार्यक्रम आफैले आयोजन गरिएको हुन्छ भने कतिपय अन्य निकायले आयोजना गरेको कार्यक्रममा सहभागिता हुने गरेको छ । नागरिक समाजसँग मानव अधिकार प्रवर्धन गर्ने संवैधानिक तथा कानूनी व्यवस्था भएको हुदाँ नागरिक समाज तथा संघसंस्थाले आयोजन गरेको सबै जसो कार्यक्रम आयोगको उपस्थित हुने गरेको छ । सुर्खेत कर्णाली प्रदेशको राजधानी भएको हुँदा यहाँ दैनिक जसो विभिन्न कार्यक्रमहरु हुने गरेका छन । आयोगको जनशक्तिले पुगेसम्म सहभागीता हुने गरेको छ । आ.व. २०८१।०८२ मा अन्य निकाय वा विभिन्न संघसंस्थाले आयोजन गरेको प्रमुख कार्यक्रममा कार्यालय प्रमुखको सहभागीता रहेका छ भने अन्य कार्यक्रममहरुमा अन्य कर्मचारीहरुको सहभागीता रहेको छ । मानव अधिकारसँग सम्बन्धित कार्यक्रमको आयोजना गर्ने मुख्य संस्थाहरु इन्सेक सुर्खेत, दलित महिला संघ सुर्खेत, मानव अधिकारका लागि एकल महिला समुह, राष्ट्रिय अपांङ्ग महासंघ, कोशिस नेपाल, फियान, सिएमसी, एडभोकेसी फोरम सहित नेपाल सरकारका अन्य कार्यालयहरुको आयोजना रहेको छ । यस आ.व.२०८१।०८२ मा अन्य निकायले गरेको कार्यक्रममा सहभागिता विवरण अनुसूचि -३ मा रहेको छ । संघ संस्थाले आयोजना गरेको मुख्य उक्त कार्यक्रमको विषय बस्तुहरु मानव अधिकार, अपांङ्गता भएका व्यक्तिको अधिकार, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिको अधिकार, बाल अधिकार, बाल विवाह, जातिय छुवाछुत तथा भेदभाव, पिएल एचआईभी, संक्रमणकालिन न्याय, सामाजिक न्याय, मानव अधिकार रक्षक र सुरक्षा संरक्षण सम्बन्धी आदी विषय बस्तु रहेका छन ।

### ४.५.३. समन्वय तथा सहकार्यमा गरेको कार्य

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार सम्बन्धी संवर्धनात्मक कार्य गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ भने मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका २०६९ जारी भई कार्यान्वयनमा आईसकेको छ । आयोगलाई प्राप्त कानूनी व्यवस्था अनुसार आयोगको यस कार्यालयले विभिन्न संघ, संस्थाहरु सँग समन्वय तथा सहकार्यमा कार्यक्रमहरु गर्दै आएको छ । यस

आ.व.२०८१।८२ मा ९ वटा कार्यक्रमहरु समन्वय तथा सहकार्यमा सम्पन्न गरेको छ । जसम मुख्य गरेर यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानव अधिकार,बालविवाह, जातिय छुवाछुत तथा भेदभाव, मानसिक स्वास्थ्य, राउटेको मानव अधिकार तथा अन्य विविध विषयहरु समेटिएका छन ।

**तालिका नं. १२ : समन्वय तथा सहकार्यमा गरेको कार्य विवरण**

| क्र.स. | समन्वय तथा सहकार्य गर्ने निकाय | विषय बस्तु |
|---|---|---|
| १. | क्यामपेन  फर चेन्ज | अन्तरलिङ्गि व्यक्तिहरुको मानव अधिकार |
| २. | द स्टोरी किचेन | संयुक्तराष्ट्र संघको सुरक्षा परिषद् १३२५ र १८२० नेपाल सरकार दोश्रो कार्ययोजनाको कार्यान्वयनको अवस्था र प्रगतिका सम्बन्धमा |
| ३. | ब्लु डाइमन्ड सोसाइटी | यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार |
| ४. | बाल विवाह विरुद्धको साझा अभियान | बालबिबाहको अवस्था र कानून कार्यान्वयको अवस्थाका सम्बन्धमा  अभिमूखिकरण |
| ५. | फ्रिडम फोरम | अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी प्रदेश स्तरिय कार्यक्रम |
| ६. | कोसिस नेपाल | मानसिक स्वास्थ्य सम्बन्धी कानूनी व्यवस्था र कानून कार्यान्वयनको अवस्था सम्बन्धी कर्णाली प्रदेश सभाका सदस्यहरुसँग अन्तरक्रिया |
| ७. | सोसेक नेपाल | राउटे समुदायको मानव अधिकार अवस्था सम्बन्धमा आयोगबाट भएका सिफारिस कार्यान्वयनको अवस्था सम्बन्धी |
| ८. | कर्णाली प्रदेश प्रतिष्ठान | छुवाछुत तथा जातीय भेदभाव विरुद्धको अन्तराष्टिय दिवस २१ मार्चको सन्दर्भमा आयोजित र्याली र कोणसभा |
| ९. | सेभ द चिल्ड्रेन | मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधीक समिक्षा बाट प्राप्त समग्र र बालअधिकारसँग सम्बन्धित सिफारिसको कार्यान्वयनको अवस्था सम्बन्धमा सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिसँग अन्तरक्रिया |

### ४.५.४. श्रोत व्यक्तिको रुपमा

राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारका विषयमा आयोगमा रहेका जनशक्तिलाई कार्यक्षेत्रको अनुभवका अधारमा प्रदेशमा अयोजना गरिने मानव अधिकारसँग सम्बन्धित तालिम तथा कार्यक्रममा स्रोत व्यक्तिको रुपमा बोलाईने गरिएको छ। विभिन्न संघ संस्थाले आयोजना गरेको तालिम तथा कार्यक्रममा नियमिति सहभागीता हुने गरेको छ। यसरी स्रोत व्यक्तीको रुपमा सहभागीता हुँदा मानव अधिकारका विभिन्न विषय लगायत यस कार्यालय र समग्र मानव अधिकार आयोगकै प्रवर्धन हुने गरेको छ। यस आ.व.२०८१।०८२ मा अन्य संघ/संस्थाले आयोगजन गरेको कार्यक्रममा श्रोत व्यक्तिको रुपम कार्यालय प्रमुख रमेश कुमार थापा सहभागी हुनु भएको छ भने कतिपय अन्य कार्यक्रममा अन्य कर्मचारीको पनि सहभागीता भएको छ। उक्त कार्यक्रमहरुमा  विषय विभिन्न खालका भए पनि मुख्यतयाः मानव अधिकारका विभिन्न विषयमा हुने गरेको छ। श्रोत व्यक्तिको रुपमा सहभागिता भएका विषयबस्तुहरु मुख्य गरेर अपांङ्गता भएका व्यक्ति अधिकार, बाल अधिकार, बाल विवाह, मानव अधिकार र मौलिक हक तथा शिक्षाको अधिकार जस्ता विषयबस्तुहरु रहेका छन।

### ४.५.५. परामर्श तथा बैठकहरुमा सहभागी

मानव अधिकारको विषय विभिन्न अन्य विषय सँग सम्बन्धित रहेको हुन्छ। मानव अधिकार वृहत्तर रुप पनि हो। कतिपय विषयहरुमा आयोगले सहजीकरण गर्नुपर्ने तथा पहल गर्नुपर्ने आवश्यकता रहन्छ। मानव अधिकारको उच्चतम प्रभावकारी कार्यान्वयनको लागि परामर्श गर्नुका अलाव विषयबस्तुको गम्भिरता अनुसार आफ्नै पहलमा काम गर्नु पर्दछ। आयोगको यस कार्यालयले आ.व. २०८१।८२ मा ६५ वटा विषयमा परामर्श सेवा तथा पहलमा कार्य गरेको छ। यस वर्ष साधारण उजूरीको रुपमा दर्ता गरि कार्य गरेका उजूरी संख्या ४५ वटा रहेका छन। दर्ता भएका साधारण उजूरीहरु सम्बन्धि कार्य पुर्णरुपमा सम्पन्न भएको छ। कतिपय विषयहरुमा समान्य सोधपुछ तथा जानकारी माग गरिए पछि समस्याको समाधान हुने गरेका छन भने कतिपय विषयहरुमा कानूनी व्यवस्था बारेमा जानकारी गराई सम्बन्धित निकायमा पठाउने र सम्बन्धित निकायबाट समस्याको समाधान हुने गरेको छ। परामर्श सम्बन्धी कार्यले विषय र समस्याको बारेमा पीडितलाई स्पष्ट गर्नुका साथै जानकारी प्राप्त हुने गरेको छ। परामर्श सेवामा घरेलु हिंसा, सम्बन्ध विच्छेद, बालअधिकार, मृत्यु र विस्थापित जस्ता विषय रहेका छन। साथै आयोगको यस कार्यालयबाट मानव अधिकार सम्बन्धि विभिन्न विषयमा सरोकारवाला निकायसँग समय समय वैठकहरु आयोजन गर्ने तथा बैठकहरुमा सहभागीता हुने गरेको छ। मानव अधिकार राष्ट्रिय कार्ययोजनाको प्रदेशस्तरमा आयोगको कार्यालयबाट पनि प्रतिनिधि हुने व्यवस्था रहेको हुदाँ उक्त बैठक तथा छलफलमा नियमित सहभागी हुने गरेको छ। यसैगरि इन्सेक कर्णालीमा

रहेको मानव अधिकार सहायता कक्षको नियमित बैठकमा नियमित सहभागीता हुने गरेको छ । मानव अधिकारसँग सम्बन्धित बैठकमा आयोगको सहभागीता हुने गरेको छ ।

# परिच्छेद - पाँच

## प्रमुख गतिविधिहरु

### ५.१. विश्वव्यापी आवधिक समीक्षा (UPR) बालबालिका सम्बन्धित सिफारिसको कार्यान्वयनका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजना तथा सेभ द चिल्ड्रेनको सहकार्यमा मिति २०८२/०३/१७ गते वीरेन्द्रनगर सुर्खेतमा विश्वव्यापी आवधिक समीक्षा (UPR) मा बालबालिकासँग सम्बन्धित र समग्र विषयगत सिफारिसहरुको कार्यान्वयनमका सम्बन्धमा प्रादेशिक छलफल कार्यक्रम गरिएको छ। उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय सुर्खेतका प्रमुख रमेश कुमार थापाको अध्यक्षता रहेको थियो भने प्रमुख अतिथि सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री घनश्याम भण्डारी, अतिथिहरुमा मुख्य न्यायधिवक्ता कृष्ण बहादुर हमाल, कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरिक्षक माधव प्रसाद श्रेष्ठ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नि. प्रमुख सचिव वीरेन्द्र बहादुर केसी, आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिव उत्तम गौतम, भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालयका उपसचिव चेतन कुमार तिमिल्सेना, मध्यपश्चिम विश्वविद्यालयका पुर्व डिन पिताम्बर ढकाल उपस्थित हुन भएको थियो। उक्त कार्यक्रममा सेभ द चिल्ड्रेनका सुर्खेत फिल्ड कार्यालयका प्रमुख रत्न राज ओझाले स्वागत तथा कार्यक्रमको उदेश्य बारेमा मन्तव्य राख्नु भएको थियो भने राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत खिमानन्द बस्यालले UPR तथा मानव अधिकार आयोगको भुमिका सम्बन्धमा प्रस्तुती गर्नु भएको थियो। सेभ द चिल्ड्रेनका वीरेन्द्र थापाले UPR प्रक्रिया तथा सुझाब सम्बन्धमा प्रस्तुति सहित खुला छलफल भएको थियो। खुला छलफलमा धैरै जना सहभागीले बालबालिका विविध विषयमा आफ्नो धारणा तथा भनाई राख्नु भएको थियो। खुल्ला छलफलमा  १७ जनाले  आफ्नो भनाई राख्नु भएको थियो। छलफलमा करिव ७५ जनाको सहभागीता रहेको थियो। यस कार्यक्रमको संञ्चालन मानव अधिकार अधिकृत मान बहादुर कार्कीले गर्नु भएको थियो भने आयोगका अन्य अधिकृतहरुको समेत सहभागीता रहेको थियो।



### ५.२. राष्ट्रिय मानव अधिकार आयोगको दिवसको स्थापना दिवस



राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय सुर्खेतले आयोगको २५ औं बार्षिक उत्सव समारोह मिति २०८२।०२।१३ गते सम्पन्न गरेको छ। उक्त समारोहको अध्यक्षता राष्ट्रिय मानव अधिकार

आयोग, कर्णाली प्रदेश कार्यालय सुर्खेतका प्रमुख रमेश कुमार थापाले गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन मानव अधिकार अधिकृत मान बहादुर कार्कीले गर्नु भएको थियो । विगत बर्षहरुमा आयोगको बार्षिक दिवस कर्णाली प्रदेश सरकारका प्रमुख अतिथि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरुको सहभागिता हुने गरेको भए पनि यस पटक सरकारी निकायका व्यक्तिहरुसँग नभई नागरिक समाज तथा संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागीतामा २५ औं बार्षिक उत्सव मिति २०८२।०२।१३ गते मनाइएको छ । सहभागीहरुमा नागरिक समाजका अगुवा तथा मानव अधिकार रक्षक कर्णाली प्रदेश प्रमुख पिताम्बर ढकाल, इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदी, बाल अधिकार परिषद्का डम्बर रोकाय, फेडो सुर्खेतका खगिसरा वली, मानव अधिकारका लागि एकल महिला समुहका  ममता नागल, सुन्दर नेपाल संस्थाका भुपेन्द्र कडेल, बाल अधिकारका लागिसाझा अभियानका टेकराज आचार्य,गैससंका जिल्ला अध्यक्ष प्रकास सारु, आवाज संस्थाका निसा पौडेल,नवज्वती केन्द्रका सिस्टर रोजिता, द्वन्द्व पीडित समाजका  शितलसिंह राठौर, अधिवक्ता दुर्गा सापकोटा, सहित  वाम संस्था, सोसेक, नेपाल रेडक्रम, यौनिक तथा अल्पसंख्यक समुदाय, मानव अधिकार रक्षक, महिला अधिकारकर्मी, पत्रकार, दलित अधिकारकर्मी, मानव अधिकार रक्षक सहित करिब ४५ जनाको सहभागिता भएको थियो । उक्त कार्यक्रममा सहभागी पिताम्बर ढकाल, नारायण सुवेदी, ममता नगाल, दुर्गा सापकोटा, अन्जली वि.सी सहितका सहभागीले शुभकामना मन्तव्य राखेका थिए । यस स्थापना दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश सुर्खेतका कार्यालय प्रमुख रमेश कुमार थापाले आयोगको स्थापना तथा यस कार्यालयले गरेका काम र चुनौतिको बारेमा आफ्नो प्रस्तुती राख्नु भएको थियो ।

### ५.३. मानव अधिकार रक्षकको सुरक्षा सम्बन्धमा सरोकारवाला नागरिक समाजसँग छलफल



राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र परिपुरण प्रत्याभूति दिलाउन आफ्नो संवैधानिक तथा कानून बमोजिम दिएको कार्यभार नियमित गर्दै आएको छ । मानव अधिकारको सुनिश्चिता गराउँन नागरिक समाजसँग नियमित समन्वय र सहकार्य गर्दै आएको छ । मानव अधिकारको क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरुको मानव अधिकार र सुरक्षा सम्बन्धमा आयोगले लामो समय देखि चासो राख्दै आएको छ । राष्ट्रिय मानव अधिकार आयोगले ४ पटक मानव अधिकार रक्षकको राष्ट्रिय सम्मेलन आयोजना गरिसकेको छ भने कर्णाली प्रदेशमा यस प्रदेशका मानव अधिकार रक्षकको पहिलो सम्मेलन गरिसकेको छ । मानव अधिकारको क्षेत्रमा क्रियासिल नागरिक समाजका व्यक्तिहरुको सुरक्षाको सवालमा सरोकार



राख्नु राष्ट्रिय मानव अधिकार आयोग कर्तव्य रहेको छ । यस विषयलाई आयोगको केन्द्रीय कार्यालयले महत्व दिई मिति २०८१।११।०९ गते कर्णाली प्रदेश कार्यालयमा सुर्खेतमा यस कार्यालयका कार्यालय प्रमुख रमेश कुमार थापाको अध्यक्षतामा  सरोकारवाला मानव अधिकार रक्षकहरुसँग विविध विषयमा छलफल तथा अन्तर्क्रिया गरिएको छ । उक्त कार्यक्रम इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदी, मानव अधिकार रक्षक संयोजक  पिताम्बर ढकाल, फेडो सुर्खेतका खगिसरा वली, मानव अधिकारका लागि एकल महिला समुहका अध्यक्ष ममता नागल, नेपाल पत्रकार महासंघका ललित बस्याल, गैससका जिल्ला अध्यक्ष प्रकास सारु, आवाज संस्थाका निसा पौडेल, नवज्वति केन्द्रका सिस्टर रोजिता, द्वन्द्व पीडित समाजका शितलसिंह राठौर, नवकिरण केन्द्रका  देवेन्द्र पाठक सहित महिला मानव अधिकार रक्षक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, कानून व्यवसायी सहितको सहभागीता रहेको थियो । राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालयका मानव अधिकार अधिकृत दिपेन्द्र सिंहले आफ्नो प्रस्तुति गर्नु भएको थियो भने सहभागीहरुले आआफ्नो धारणा राख्नु भएको थियो ।

### ५.४. अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन



अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि राष्ट्रिय मानव अधिकार आयोगले अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका २०७५ जारी गरेको छ । विचार अभिव्यक्तिको स्वतन्त्रताको हक तथा अधिकारको उपभोगकर्ताको मानव अधिकार संरक्षणका लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ३२ ले प्रदान गरेको कार्यदेश बमोजिम राष्ट्रिय मानव अधिकार आयोगले अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन कार्यविधि सम्बन्धी निर्देशिका  २०७५ जारी गरेको हो । उक्त अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि प्रत्येक प्रदेशमा ७ सदस्यीय कार्यसमुहको गठन हुने व्यवस्था गरेको छ जसमा राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख संयोजक, प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रतिनिधि,प्रदेश मुख्य न्याधिवक्ता कार्यालयको प्रतिनिधि, प्रदेश प्रहरी कार्यालयको प्रतिनिधि,नेपाल पत्रकार महासंघ प्रदेश समितिको अध्यक्ष,उच्च अदालत बार एशोसिएसनको अध्यक्ष, गैससंमहासंघले प्रदेश कार्य समितिले तोकेको महिला प्रतिनिधिसहितको कार्य समुह रहेको छ । राष्ट्रिय मानव अधिकार आयोगको आयोजना र फ्रिडम फोरमको सहयोगमा मिति २०८१।०९।१६ गते वीरेन्द्रनगर सुर्खेतमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य मनोज दुवाडीको अध्यक्षतामा र आयोगका सचिव  मुरारिप्रसाद खरेलको आथित्यतामा प्रदेश कार्य समुहका सदस्यहरुसँग अभिमुखिकरण कार्यक्रम गरिएको छ । यस अभिमुखिकरण कार्यक्रममा अभिव्यक्ति स्वतन्त्रता अधिकार सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारिप्रसाद खरेलले प्रस्तुति गर्नुभएको थियो भने अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका २०७५ बारेमा राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश

कार्यालयका प्रमुख रमेश कुमार थापाले प्रस्तुति गर्नु भएको थियो । यस अभिमुखिकरण कार्यक्रममा प्रदेश कार्य समुहका सदस्यहरु प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रतिनिधि, प्रदेश मुख्य न्याधिवक्ता कार्यालयको प्रतिनिधि, प्रदेश प्रहरी कार्यालयको प्रतिनिधि, नेपाल पत्रकार महासंघ प्रदेश समितिको अध्यक्ष,उच्च अदालत बार एशोसिएसनको अध्यक्ष, गैसस महासंघले प्रदेश कार्य समितिले तोकेको महिला प्रतिनिधिको सहभागीता रहेका थियो । कर्णाली प्रदेशमा पछिल्लो समय समाचार लेखेका कारणले धेरै पत्रकारहरुलाई धाक धम्की आउने तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित पार्न कार्य हुने गरेको साथै पत्रकारको सुरक्षा सम्बन्धमा पनि छलफल भएको थियो । सहभागीहरुले आआफ्नो धारणा राख्नु भएको थियो भने यस अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि बनेको प्रदेश कार्य समुहलाई कसरी प्रभावकारी बनाउने र सबैले आआफ्नो स्थानबाट प्रभावकारी भुमिका खेल्ने प्रतिवद्धता समेत भएको थियो । अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि बनेको प्रदेशस्तरीय कार्य समुहका सदस्यहरुलाई पहिलो पटक आयोगका मानीनय सदस्यको उपस्थितिमा अभिमुखिकरण कार्यक्रम राखिएको हो ।

### ५.५. राउटे समुदायको मानव अधिकार अवस्था सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय सुर्खेतले मिति २०८१।०९।१४ गते राउटे समुदायको मानव अधिकारको संरक्षण र सम्बर्द्धन सम्बन्धमा आयोगको सिफारिस कार्यान्वयन अन्तरक्रिया कार्यक्रम वीरेन्द्रनगर सुर्खेतमा आयोजना गरेको छ । उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य मनोज दुवाडीले गर्नु भएको थियो भने प्रमुख अतिथिमा उच्च अदालत सुर्खेतका माननीय कायम मुकायम मुख्यन्याधिस कृष्णलाल भट्टराईले गर्नु भएको थियो । यस कार्यक्रमको विशेष अतिथिको रुपमा आयोगका सचिव  मुरारिप्रसाद खरेल, कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरिक्षक जनक भट्टराई, गुराँस गाउँपालिका अध्यक्ष टोप बहादुर



वि.सी, जिल्ला प्रशासन कार्यालयका प्रजिअ शंकरहरी आचार्य, आयोगका कर्णाली प्रदेश कार्यालय प्रमुख रमेश कुमार थापा, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षक रुपेश खड्का, सशस्त्र प्रहरी कार्यालयका प्रहरी उपरिक्षक राजकुमार श्रेष्ठ, राष्ट्रिय अनुसन्धान विभागका उपअनुसन्धान निर्देशक प्रकाश शाह, आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिव  उत्तम गौतम, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख अनिता ज्ञवाली र मानव अधिकार रक्षक संयोजक पिताम्बर ढकाल रहनु भएको थियो । राष्ट्रिय मानव अधिकार आयोगले राउटे समुदायको मानव अधिकारको सम्बन्धमा गरेको अध्ययन प्रतिवेदन र ३ वटै सरकारलाई गरेको सिफारिस सम्बन्धमा आयोगका कर्णाली प्रदेश कार्यालय प्रमुख रमेश कुमार थापा प्रस्तुति गर्नु भएको थियो । राष्ट्रिय मानव अधिकार आयोगले संघिय सरकारलाई राउटेहरुको सामाजिक तथा साँस्कृतिक अधिकार संरक्षणका लागि संरक्षित क्षेत्र घोषणा गर्न, उनिहरुको प्रथानजित अभ्यासलाई निरन्तरता दिन, राउटे महिलाको  प्रजनन स्वास्थ्य जनचेतना अभिवृद्धि गर्न, गोपनियताको अधिकार संरक्षण गर्न, मदिरा तथा सुर्तिजन्य पदार्थ

विक्रिवितरणमा नियमन गर्न, राहत सामाग्री बितरणलाई एकद्धार प्रणाली मार्फत लागु गर्न सिफारिस गरेको छ । राउटे समुदायको अधिकार सम्बन्धमा आयोजित यस कार्यक्रममा अधिकांस सहभागीहरुले आफ्नो भनाई तथा धारणा राख्नु भएको थियो । उक्त कार्यक्रममा नेपाल सरकारका बिभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज, मानव अधिकार रक्षक, राउटे समुदाय, पत्रकार, कानून व्यवसायी, संघसंस्थाका प्रमुख तथा प्रतिनिधि सहितको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी प्रमुख अतिथि तथा अन्य सबै अतिथिहरुले आफ्नो मन्तव्य राख्नु भएको थियो ।

### ५.६. मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपांङ्गता भएका व्यक्तिको अधिकार छलफल कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोगकोले मानसिक स्वास्थ्य र अपांङ्गताको अधिकारलाई महत्व दिई आफ्नो कार्य गर्दै आएको छ । कर्णाली प्रदेशमा मानसिक स्वास्थ्यका समस्याहरु दिन प्रतिदन आईरहेका छन । यस विषयलाई हेर्ने दृष्टिकोण पनि फरक फरक रहेको पाईन्छ यसै सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले कोशिस नेपालसँग समन्वय गरेर मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपाङ्गताका सवालमा कर्णाली प्रदेश सभा सामाजिक विकास समितिका सदस्यहरु सहित प्रदेश सभाका सदस्यहरुको सहभागीतामा मिति २०८१।०८ ।०९ गते छलफल कार्यक्रम गरिएको थियो । यस कार्यक्रमको प्रमुख उदेश्य कर्णाली प्रदेश सभा सामाजिक विकास समितिका माननीय सदस्यहरुलाई मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपांङ्गता बारेमा जानकारी दिने रहेको थियो । सामाजिक विकास समितिका सभापति मा.पूर्ण बहादुर खत्री, मा. खड्ग बहादुर पोखरेल, मा. इन्द्रा कुमारी शाही, मा. मिलन खड्का, मा. जुम्कित लामा कार्की, मा. रणसिंह परियार र मा. जीत बहादुर मल्ल सहितको अन्य सदस्यहरुको सहभागीता रहेको थियो । उक्त कार्यक्रममा मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपांङ्गता भएका व्यक्तिको मानव अधिकार र आयोगको भुमिका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख रमेश कुमार थापाले प्रस्तुती गर्नु भएको थियो भने कोशिस नेपालका संयोजक रवि लोचन पौडेलले मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपांङ्गता अवस्था सम्बन्धी प्रस्तुती गर्नु भएको थियो साथै कर्णाली प्रदेश सभाका माननीयहरुले मनोसामाजिक अपांङ्गता सम्बन्धमा आफ्नो भनाई तथा मन्तव्य राख्नु भएको थियो । माननीय सदस्यहरु सबैले आआफ्नो धारणा राख्दै यस विषयलाई प्राथामिकता दिन र यो मानव अधिकारको विषय भएको हुदाँ आफुहरु गम्भिर हुने धारणा व्यक्त गर्नु भएको थियो ।



## ५.७. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार अवस्था

राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजनामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार अवस्था सम्बन्धी अन्तर्किया कार्यक्रम आयोजना गरिएको छ । उक्त कार्यक्रम आयोग कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख रमेश कुमार थापाको अध्यक्षतामा भएको थियो भने अतिथिको रुपमा प्रमुख अतिथि उच्च अदालत सुर्खेतका माननीय कायम मुकायम



मुख्यन्यायाधीश कृष्णलाल भट्टराई, विषेश अतिथि कर्णाली प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता कृष्ण बहादुर हमाल, जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख रुपेश खड्का, आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिव उत्तम गौतम, कर्णाली प्रदेश प्रहरी कार्यालयका प्र.ना.उपरिक्षक ज्वती नारायण यादव, मुख्य न्यायाधिवक्ता कार्यालयका उपसचिव रत्नप्रकाश गिरी, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख अनिता ज्ञवाली, सहायक जिल्ला न्याधिवक्ता प्रेम भण्डारी, मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेश संयोजक पिताम्बर ढकाल र सोसेक नेपालका कार्यकारी प्रमुख हिरासिंह थापाको उपस्थिति रहेको थियो । यस कार्यक्रममा ब्लु डायमण्ड सोसाइटीका भुमिका श्रेष्ठले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार, कानूनी व्यवस्था सहित आफ्नो अनुभव प्रस्तुत गर्नु भएको थियो भने राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका मानव अधिकार अधिकृत मान बहादुर कार्कीले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेका काम तथा भुमिका बारेमा प्रस्तुति गर्नु भएको थियो । यस कार्यक्रममा सहभागीहरु नेपाल सरकारका विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, नेपाल प्रहरी, शिक्षक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, महिला अधिकारकर्मी, विकास साझेदार संस्थाका प्रतिनिधिहरु, संघ संस्थाका प्रतिनिधिहरु, मानव अधिकार रक्षक सहित करिव १०० जनाको सहभागिता रहेको थियो । मानव अधिकारको क्षेत्रमा कार्यरत मानव अधिकारकर्मीहरुले यो समुदायको अधिकार संरक्षण गर्न राष्ट्रिय मानव अधिकार आयोगको भुमिका हुनुपर्ने र यो विषय भनेको मानव अधिकारको विषय हो । अहिले पनि समाजले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुलाई हेर्ने दृष्ट्रिकोण सकरात्मक नभएको देखिन्छ

भने नेपाल सरकारका सेवा प्रदायक निकायहरुले पनि मानविय व्यवहार नगरेको सोही समुदायका सहभागीहरुले बताउँनु भएको थियो । प्रमुख अतिथि उच्च अदालत सुर्खेतका माननीय कायम मुकायम मुख्य न्यायाधीश कृष्णलाल भट्टराईले यस विषयलाई राज्यले गम्भिर रुपमा लिनुपर्ने धारणा राख्नु भएको थियो भने विषेश अतिथि कर्णाली प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता कृष्ण बहादुर हमालले आफु लामो समयदेखि अधिकार र कानूनको क्षेत्रमा काम गरेको भए पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार सम्बन्धमा स्पष्ट हुन नसकेको र आजको कार्यक्रमले थप स्पष्ट हुने अवसर प्रदान भएको धारणा राख्नु भएको थियो ।

### ५.८. अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्वर )

*"हाम्रो अधिकार, हाम्रो भविष्य, अहिले नै "*




७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस १० डिसेम्वरको अवसरमा मिति २०८१।०८।२५ गते राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेस कार्यालय सुर्खेतको आयोजना र अन्य विकास साझेदारी संस्थाहरुको समन्वय र सहकार्यमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेस कार्यालयका कार्यालय प्रमुख रमेशकुमार थापाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री यामलाल कडेल, विशेष अतिथि सुर्खेत उच्च अदालतमा माननीय कायम मुकायम मुख्य न्यायाधिस  कृष्णलाल भट्टराई, कर्णाली प्रदेस सरकारका मुख्य न्यायाधिवक्ता कृष्ण बहादुर हमाल, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव आनन्द सारु, कर्णाली प्रदेस आन्तरिक मामिला मन्त्रालयका उपसचिव उत्तम गौतम, गैर सरकारी संस्था महासंघ कर्णाली प्रदेस संयोजक घनश्याम केसी, उच्च अदालत वार एशोसिएशनका अध्यक्ष  दुर्गाप्रसाद सापकोटा, महिला मानव अधिकार रक्षक एवंम् फेडोका केन्द्रीय उपाध्यक्ष मञ्जु सुनार, मानव अधिकार एलाइन्स कर्णाली प्रदेशका प्रमुख नविन कुमार शाही, मानव अधिकार रक्षक सञ्जालका संयोजक पिताम्वर ढकाल, मानव अधिकार संरक्षण मञ्चका केन्द्रीय सदस्य बसन्त बि.क, WHR का अध्यक्ष



ममता नगाल लगायतले अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा शुभकामना व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा कर्णाली प्रदेस सरकारका पदाधिकारी,विभिन्न पेसागत संघ संगठनका प्रमुख तथा प्रतिनिधिहरु, कानून व्यवसायी, मानव अधिकारकर्मी, महिला मानव अधिकार रक्षक संजालका प्रतिनिधिहरु तथा सञ्चारकर्मीहरु लगायतको सहभागिता रहेको थियो । सहकार्य रसमन्वय गर्ने संस्थाहरु

सहकर्मी समाज, सोसेक नेपाल, इन्सेक, एडभोकेसी फोरम, फियान नेपाल, रिकभरी नेपाल, फेडो, वाम संस्था, WHR, बालविवाह विरुद्ध साझा अभियान, अपांग महिला समाज सुर्खेत रहेका छन । यस कार्यक्रमका प्रमुख कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री याम लाल कडेलले मानव अधिकारको सम्मान, संरक्षण र परिपुरण गर्नु राज्यको दायित्व हो त्यो पुरा गर्न कर्णाली प्रदेश सरकार प्रतिवद्ध रहेको मन्तव्य राख्नु भएको थियो । सहभागी सबै अतिथिहरुले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको शुभकामना मन्तव्य राख्नु भएको थियो ।

### ५.९. सल्यान जिल्ला कारागार अनुगमन



राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालयले मानव अधिकारको अवस्थाको नियमित अनुगमन गरिरहेको छ । आफ्नो संवैधानिक तथा कानूनी प्राबधान अनुसार कारागार तथा हिरासतमा रहेका व्यक्तिको मानव अधिकार अवस्थाको अनुगमन गर्ने क्रममा सल्यान कारागारको अनुगमन गरेका छ । सल्यान जिल्ला कारागारको मिति २०८१ असोज २० गते अनुगमन राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख रमेश कुमार थापाको नेतृत्वमा मानव अधिकार अधिकृत मान बहादुर कार्की सहित इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुवेदीको सहभागीता रहेको थियो । अनुगमनको क्रममा कैदीवन्दीहरुको आधारभूत मानव अधिकारको अवस्था, कैदीवन्दीहरुले भोग्नू परेको समस्याहरुका साथै कारागारको भौतिक अवस्थाको बारेमा जानकारी लिएको छ । उक्त कारागारमा २५ जना कैदीबन्दीहरुको क्षमता रहेको भए पनि महिला १८ जना र पुरुष १२४ गरि १४४ जना रहेको पाइयो । कारागारको भौतिक संरचना धेरै पुरानो, साँघुरा कोठाहरुमा धेरै जना बस्नुपर्ने, शौचालयको अभाव, पिउने पानी, समयमै उपचार एवंम् आधारभुत मानव अधिकार उपभोग गर्न नपाएको देखिन्छ । नेपाल सरकारले प्रयाप्त बजेट नछुट्याएका कारण कैदीबन्दीहरुलाई अर्को जिल्लामा लैजान कठिन रहेको पनि देखियो । भौतिक संरचना धेरै पुरानो भएको हुदाँ कुनैपनि समयमा भत्कन सक्ने अवस्था रहेको छ । जसबाट कैदीवन्दीहरुको ज्यान जान सक्ने अवस्था रहेको छ । कारागार प्रशासनले आफुले सक्ने तथा श्रोत साधनले भ्याएसम्म कैदीवन्दीहरुले पाउने सेवा सुविधा उपलब्ध गराएको देखिन्छ ।

### ५.१०. संयुक्त राष्ट्र संघको सुरक्षा परिषद् १३२५ र १८२० नेपाल सरकार दोश्रो कार्ययोजना

राष्टिय मानव अधिकार आयोगको कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजना संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्को १३२५ र १८२० सम्बन्धी नेपाल सरकार दोश्रो कार्ययोजना सम्बन्धमा कार्यक्रम

आयोजना गरिएको छ । उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय प्रमुख रमेश कुमार थापाले गर्नु भएको थियो भने कार्यक्रम संञ्चालन आयोगका मानव अधिकार अधिकृत मान बहादुर कार्कीले गर्नु भएको थियो। उक्त कार्यक्रम द स्टोरी



किचेन र द्वन्द्ध पीडित महिला राष्ट्रिय सञ्जालको सहकार्यमा मिति २०८१।०६।०२ गते संयुक्त राष्ट्र संघको सुरक्षा परिषद् १३२५ र १८२० सम्बन्धी नेपाल सरकार दोश्रो कार्ययोजनाको कार्यान्वयनको अवस्था र प्रगतिका सम्बन्धमा कर्णाली प्रदेश स्तरिय कार्यक्रमको आयोजना गरिएको हो । उक्त कार्यक्रम राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय प्रमुख रमेश कुमार थापाको अध्यक्षतामा र कर्णाली प्रदेशसभा सदस्य माननीय कृष्ण जिसीको प्रमुख आतिथ्यता, जिल्ला समन्वय प्रमुख गंगाराम सुनार, प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्य, आन्तरिक मामिला तथा कानून मन्त्रालयका उत्तम गौतम र नेपाल सरकार बिभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, मानव अधिकारकर्मी, कानून व्यवसयी, द्वन्द्ध पीडित तथा प्रभावित र सञ्चारकर्मीको सहभागितामा कार्यान्वयनको अवस्था र प्रगतिका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।



## ५.११. अन्तरलिङ्गिहरुको मानव अधिकार अवस्था छलफल कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय सुर्खेतले यौनिक तथा लैङ्गिक अल्पसंख्यक भित्रको अन्तरलिङ्गिहरुको मानव अधिकार अवस्था सम्बन्धमा सरोकारवाला निकायसँग मिति २०८१।०४।१४ गते सुर्खेतमा  छलफल गरेको छ । मानव अधिकार भनेको आवाज विहिनहरुको आवाज पनि  हो । मानव अधिकारका विविध विषयहरुमा केही विषयलाई प्रथामिकता पनि गरिएको हुन्छ । हाम्रो समाजमा अहिले पनि यो समुदायलाई हेर्ने दृष्टिकोण सकरात्मक नभएको हुँदा यस समुदायको हक हितमा राष्ट्रिय मानव अधिकार आयोगले काम गर्दै आएको छ । नागरिक समाज तथा सरोकारवालाहरुलाई पनि अन्तरलिङ्गि समुदायको अधिकार बारेमा जानकारी नहुदाँ बुझाईमा फरकपन आएको हुँदा सबैको साझा बुझाईको लागि यो कार्यक्रम आयोजना गरिएको हो । यस कार्यक्रमको अध्क्षता राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख रमेश कुमार थापाले गर्नु भएको थियो भने नागरिक समाज, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागीता रहेको थियो । उक्त कार्यक्रम राष्ट्रिय मानव अधिकार आयोगको आयोजना र क्यापेन फर चेन्ज संस्थाको समन्वय र सहकार्यमा गरिएको थियो ।



# परिच्छेद- छ

## मानव अधिकार अवस्था



## कर्णाली प्रदेशको भौगोलिक अवस्थिति

| भौगोलिक अवस्थिति | |
|---|---|
| कुल क्षेत्रफल | २७,९८४ वर्ग कि.मि. |
| कुल जनसंख्या | १६,९४,८८९ |
| ग्रामिण क्षेत्र जनसंख्या | ८,११,९१३ |
| शहरी क्षेत्र जनसंख्या | ८,८२,९७६ |
| साक्षरता | ७६.१ प्रतिशत |
| स्थानीय तह | ७९ वटा |
| गरिवी | ३९.८ प्रतिशत |
| नगरपालिका | २५ वटा |
| गाउँपालिका | ५४ वटा |
| वडा | ७१८ वटा |
| मानव विकास सूचकांक | ०.४२६ |
| पाँच वर्ष मुनिका बाल मृत्यू दर | ५५ |
| शिशु मृत्युदर | ४७ |
| सरदरमा | १५००० जनसंख्याको लागि चिकित्सक संख्या १ जना |
| सुरक्षित पिउने पानीका पहुँच भएको जनसंख्या | ७७ प्रतिशत |
| पुरुष | ८,२८,३०७ |
| महिला | ८,६६,५८२ |
| कृषिमा आधारित जनसंख्या | ७० प्रतिशत |
| लैङ्गिक अनुपात | ९५.५८ प्रतिशत |
| प्रमुख पेशा | कृषि |

## ६.१. पृष्ठभूमी

मानव अधिकार आफैमा बहुआयामिक विषय हो, त्यसैले कुनै पनि मुलुक वा स्थान विशेषमा मानव अधिकारको अवस्था कस्तो छ भनी मापन गर्नु सजिलो विषय होइन । मानव अधिकार विश्वव्यापी प्रकृतीको हुन्छ । यसलाई मापन गर्ने प्रमुख आधार भनेको राज्य वा सरकारको मानव अधिकारप्रतिको प्रतिवद्धता र त्यसको कार्यान्वयन नै हो । त्यसैले मानव अधिकारको अवस्था कस्तो छ भन्ने विषय त्यहाँको सरकारको दायित्वमा बढी निर्भर रहन्छ । मानव अधिकारको अवस्थालाई सरकारको दायित्वसँग जोड्न सकिन्छ । मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्ने सन्दर्भमा पक्ष राष्ट्रप्रति राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय दायित्व रहेको हुन्छ । नेपाल संयुक्त राष्ट्रसंघको सदस्य हुनुका साथै मानव अधिकार सम्बन्धी विभिन्न महासन्धीहरुको पक्षराष्ट्र समेत रहेकाले मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्ने राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय दायित्व रहेको छ । तिनै तहको सरकार नागरिकहरुको मानव अधिकारको मानव अधिकारको संरक्षक, परिपालक र सेवाप्रदायक पनि हो । तसर्थ मानव अधिकारको सम्मान, संरक्षण र परिपालना गर्नु तीनै तहका सरकारहरुको दायित्व हो । मानव अधिकारको अवस्था बारेमा विश्लेषण गर्नु कठिन विषय हो,अझ पनि कर्णाली प्रदेश जुन भौगोलिक रुपमा कठिन साथै मानव अधिकारका सबै विद्यामा कमजोर रहेको विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाइ रहेको र आयोगको यस कार्यालयमा जनशक्ति तथा अन्य श्रोत साधनको कमी रहेको अवस्थामा झन कठीन रहेको छ तथापी कर्णाली प्रदेश सरकारले यस वर्ष बनाएका कानून, नीति नियमहरु, त्यसको कार्यान्वयन पक्ष, वर्षभरी विभिन्न प्रिन्ट, श्रव्य दृश्य संचार माध्यमहरुमा प्रकाशित प्रशारित समाचारहरु, सरकारी तथा गैर सरकारी निकायहरु, प्रदेश स्थित सुरक्षा निकायहरु तथा विभिन्न संघ संस्थाहरुले गरेको अध्ययन तथा प्रकाशित प्रतिवेदनहरु समेतका आधारमा कर्णाली प्रदेशको मानव अधिकारका विविध विषयको अवस्थाबारे चित्रण गर्ने प्रयास गरिएको छ । यसमा मानव अधिकारका ९ ठूला महासंधिहरु र सामुहिक अधिकारका विषयमा सिमित रहेर विश्लेषण एवंम् चित्रण गर्ने प्रयास गरिएको छ ।

## ६.२. नागरिक तथा राजनैतिक अधिकार

नागरिक तथा राजनीतिक अधिकार अन्तर्गत बाँच्न पाउने अधिकार सबैभन्दा महत्वपूर्ण मानिन्छ । यो मानिसको आधारभूत अधिकार हो । मर्यादित एवम् सम्मानित रुपमा जीवनयापन गर्न पाउनुलाई हरेक व्यक्तिको नैसर्गिक अधिकारको रुपमा लिइन्छ । बाँच्न पाउने अधिकारको संरक्षण भएपश्चात मात्र अन्य अधिकारको उपभोग सम्भव हुन्छ भन्ने मानिन्छ । त्यसैले यस अधिकारलाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज तथा राष्ट्रिय कानूनहरुमा समेत प्राथमिकताका साथ व्यवस्था गरिएको छ । मानव

अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा ६ मा प्रत्येक व्यक्तिलाई जीवनको अधिकारको प्रत्याभूति गरिएको छ भने स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने भन्ने उल्लेख गरिएको छ। त्यस्तै हरेक व्यक्तिलाई सम्मानपूर्ण रुपमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ । नागरिक तथा राजनीतिक अधिकार हरेक व्यक्तिको मौलिक मानव अधिकार हो। त्यस्तैगरी नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई मौलिक हकको रुपमा स्वीकार गर्दै मृत्यु दण्डलाई पूर्णतः निषेध गरेको छ। संविधानमा बाँच्न पाउने अधिकारलाई आधारभूत अधिकारको रुपमा स्विकार गरिएता पनि व्यवहारतः कार्यान्वयन अवस्था अझै सन्तोषजनक छैन। कर्णाली प्रदेशको अवस्थालाई हेर्दा राज्यका सेवा प्रवाह गर्ने निकायहरुको नागरिकप्रति निर्वाह गर्नुपर्ने भूमिका प्रभावकारी हुन नसक्दा ठुलो संख्यामा मानिसहरुले अकालमा ज्यान गुमाउनु परेको अवस्था देखिन्छ। यसमा आम नागरिकहरु पनि राज्यका निकायहरुलाई सहयोग गर्नु पर्ने आफ्नो कर्तव्य तथा दायित्वबाट विमुख भएको देखिन्छ। यस आर्थिक बर्षको यस अवधिमा यस कार्यालयमा पर्न आएको उजूरी, सञ्चार अनुगमन तथा अन्य श्रोतहरुबाट प्राप्त जानकारीहरुको अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्दा  यातायात सहज पहुँच नहुँदा कतिपय जिल्लामा खाद्यान्नमा मुल्यवृद्धि भएको समेत देखिन्छ । जसले गर्दा नागरिक प्रत्यक्ष मारमा परेका छन । यस प्रदेशमा सधैंझै शिक्षा, स्वास्थ्य, खाद्यान्न, विद्युत तथा संञ्चार जस्ता आवश्यक कुराहरुको सहज उपलब्ध हुन सकेको देखिदैन । जातिय छुवाछुत तथा घरेलु हिंसा जस्ता क्रियाकलापहरु भईरहेपनि कानूनी दायरामा आउन सकेका छैनन्। यस प्रदेशका दुर्गम क्षेत्रहरुमा स्वास्थ्य सेवाको आधारभुत उपलब्धता नहुँदा समान्य विरामी हुदाँ  समेत ज्यान जाने गरेको छ।यस अवधिमा यस प्रदेशका सबै प्रहरी कार्यालयहरुमा गरी नागरिकको बाँच्न पाउने अधिकारसँग सम्बन्धित ज्यूज्यान लगायतका विषयमा मात्रै ८९७ घटना भएको र प्रहरीमा मुद्दा दर्ता भएको (कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, भवितव्य ज्यान, फुटकर ज्यान, आत्म हत्या दुरुत्साहन, विष खाएर आत्महत्या, गर्भ संरक्षण सम्बन्धि कसुर,झुण्डिएर आत्महत्या, एसिड सेवन गरी आत्महत्या, तेजाप प्रहारगरी अङ्गभङ्ग भएको,पानीमा डुबेर मृत्यु, सवारी ज्यान, सवारी अंगभंग, सवारी भवितव्य समेत) कर्णाली प्रदेश प्रहरी कार्यालयबाट प्राप्त विवरणमा उल्लेख गरिएको छ।

यस अवधिको २०८१/०८२ मा कर्णाली राजमार्ग अवरुद्द भएका कारण यहाँका जनताले विभिन्न किसिमका समस्याहरु खेप्नु परेको देखिन्छ । शिक्षा, स्वास्थ्य, खाद्यान्न, विधुत तथा संञ्चार जस्ता आधारभूत कुराहरु सहजै उपलब्ध हुन नसकेको कारण यहाका नागरिकहरुले हैरानी खेप्नु परेको छ। अघिल्लो वर्ष कार्तिक महिनामा जाजारकोट र रुकुम पश्चिममा गएको भुकम्पका कारण ३६५० घरमा

क्षती पुगेको, २०८ विद्यालय भवनमा क्षती भएको भए पनि हालसम्म पुनर्निमाण हुन सकेको छैन । भुकम्पका कारण त्यहाँका नागरिकहरुले गास, बास, कपास र शिक्षा, स्वास्थ्य, विधुत लगायतका कयौँ समस्या भोग्नु परेको देखिन्छ साथै कक्षा कोठा नहुँदा विद्यार्थीहरुले शिक्षा ग्रहण गर्ने अधिकारबाट बञ्चित हुन परेको देखिन्छ। यसका सथै कयौँ विद्यालयमा विद्यार्थी अभावमा विद्यालय गाभिएका छन् भने कयौँमा बहुकक्षा शिक्षण र कतै बहुकक्षा बहुबर्ग शिक्षण हुने गरेको देखिन्छ। भुकम्पबाट प्रभावित नागरिकहरु चिसोको कारण विरामी परेका र कयौँ अपराधिक घटना समेत भएको देखिन्छ। भुकम्पका कारण चिसोले धेरै जनाको ज्यान गएको, किसोरीहरु त्रिपालमुनि बलत्कृत भएको, महिला हिंसाका घटना बढेका, गर्भवति, सुत्केरी, अपाङ्ग, जेष्ट नागरिक, नावालकहरु भुकम्पका कारण बढि प्रभावित भएको पाईन्छ।

यस प्रदेशमा बालविवाहका घटना बढेको, अभिभावकले छोराछोरीसँगै भारत लगेर जाँदा बालबालिकाको पढाई प्रभावित भएको, अस्पतालमा विरामीको चाप बढेपनी पूर्वाधार, जनशक्ति, बजेट तथा औषधी अभावका कारण स्वास्थ्य सेवाको अधिकारबाट नागरिकहरु बञ्चित भएको देखिन्छ। अशिक्षा, बेरोजगारी र पारिवारीक बेमेलका कारण पारिवारीक हत्याका घटना बढेको देखिन्छ। जातिय बिभेद र छुवाछुतका घटनाहरु कर्णाली प्रदेशमा अझै व्याप्त रहेका छन। गर्मी र सुख्खा मौसमका कारण डढेलो लागि बायु प्रदुषण हुँदा नागरिकको स्वासप्रस्वासमा समस्या देखिएको छ। गरिवीका कारण गुजारा गर्न यार्सागुम्बा टिप्न जाने नागरिकहरु लेक लागेर अकालमै ज्यान गुमाउने गरेका छन। दैलेख, सुर्खेत, जाजरकोट र सल्यान जिल्लामा अस्थायी रुपमा बसोवास गर्ने विपन्न राउटे समुदायका नागरिकहरुको अधिकारका बारेमा आयोगले अनुसन्धान प्रतिवेदन प्रकाशन गरेको छ।

कर्णाली प्रदेशका घेरै गा.पा तथा न.पा.हरुमा प्रमुख प्रसाशकिय अधिकृतको अभावमा सेवा प्रवाहमा ढिलासुस्ति हुनुका साथै नागरिकहरुले सहजै सेवा पाउन समेका छैनन् जसको कारण राजस्व सङ्कलन, पञ्जिकरण, सामाजिक सुरक्षा लगायतका कार्य गर्न सास्ती भोग्नु परेको गुनासाहरु प्राप्त हुन आएका थिए।

### ६.३. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

मानव अधिकारको दृष्टिकोणले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अति महत्वपुर्ण मानिन्छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ को नेपाल पक्ष राष्ट्र हो। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारले व्यक्तिको खाद्य, स्वास्थ्य, शिक्षा, आवास र रोजगारीको अधिकारलाई सूनिश्चित गर्दछ । नेपालको संविधानमा मौलिक हक अन्तर्गत आर्थिक,

सामाजिक तथा साँस्कृतिक अधिकारको व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रिय सन्धिको अनुमोदन पश्चात पक्ष राष्ट्रले उक्त सन्धिका प्रावधानहरुलाई आफ्नो घरेलु कानुन सरह कार्यान्वयनमा ल्याउनु राज्यको दायित्व हो। मौलिक हकको रुपमा शिक्षा, स्वास्थ्य, खाद्य, आवास र रोजगारीको हक कानून, नीतितथा कार्यक्रम र योजनाको अभावमा थप चुनौतिपुर्ण देखिंदै आएको छ। संविधान प्रद्धत हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ। साथै कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भन्ने ब्यवस्था छ। त्यस्तै प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ। कर्णाली प्रदेशको आर्थिक अवस्था कमजोर रहेको विभिन्न अध्ययन/अनुसन्धान प्रतिवेदनहरुले पनि देखाएको छ। नेपालको विश्व मानव विकास सुचाङ्कमा कर्णाली प्रदेशको मानव विकास सुचाङ्क सबै भन्दा कमजोर देखिएको छ। नेपाल सरकारले निशुल्क उपलब्ध गराउने भनिएका औषधीहरु कर्णाली प्रदेशका कुनै पनि पालिकाहरुमा पुर्णरुपमा पाइने गरेको छैन। सडक सञ्जालको अभावमा सुत्केरी लगायत गम्भिर विरामीहरुले समयमा नै उपचार नपाएर मृत्यु हुन परेको समाचारहरु आइरहेका छन्।

कर्णाली प्रदेशको आर्थिक संरचना प्रायः कृषिमा निर्भर छ, जहाँ कृषि उत्पादनको प्रमुख स्रोत अन्न, दुधजन्य पदार्थ, फलफूल र सागसब्जी हुन तथापि कर्णालीको भौगोलिक विशेषताले यहाँको कृषि व्यवसायलाई चुनौतीपूर्ण बनाएको छ। प्रायः कर्णालीका कृषकहरूले अन्न उत्पादनको लागि पारम्परिक विधिहरू र सीमित प्रविधिको उपयोग गर्छन्, जसले गर्दा उत्पादन क्षमता कम र बजारसम्मको पहुँच कठिन हुन्छ। कर्णालीको परिवहन प्रणाली र सडक पूर्वाधार पनि कमजोर रहेको छ, जसले गर्दा कृषकहरूले उत्पादनलाई व्यावसायिक रूपमा बजारमा पुर्याउन पाउँदैनन्। अर्को तर्फ जलविद्युत उत्पादनमा कर्णाली प्रदेशको ठूलो सम्भावना छ। कर्णाली नदी र यसको सहायक नदीहरूको पानीको प्रचुरता भएकाले जलविद्युत उत्पादनको लागि यो क्षेत्र उपयुक्त छ। कर्णालीको सशक्त जलविद्युत क्षमताले यहाँको आर्थिक परिपेक्ष्यलाई उज्जवल बनाउन सक्ने क्षमता राख्दछ। तथापि जलविद्युत परियोजनाहरूको निर्माणमा प्रतिकूल भूगोल र स्थानीय समाजको विरोध जस्ता चुनौतीहरू छन। कर्णाली प्रदेशमा पर्यटन उद्योगको पनि समृद्ध सम्भावना छ, विशेषगरी हिमाल, जङ्गल र साँस्कृतिक धरोहरका दृष्टिकोणबाट कर्णालीको प्राकृतिक सौन्दर्य र आन्तरिक साहसिक पर्यटनको सम्भावना पर्याप्त छ, जसले स्थानीय अर्थतन्त्रलाई ठूलो मात्रामा प्रोत्साहन दिन सक्नेछ। यद्यपि, पर्यटनको उचित प्रवर्द्धन र संरचनामा सुधारको कमीका कारण यो क्षेत्र अझै पनि पछाडी छ। विश्व भोकमरी सुचाङ्क प्रतिवेदन २०२३ का अनुसार भोकमरीको अवस्थामा नेपालले केहि सुधार गरेको छ। अघिल्लो तथ्याङ्कको

तुलनामा यो वर्ष नेपालमा भोकमरीमा कमी आएको छ । हाल पनि नेपालभित्रको भोकमरीको अवस्थालाई हेर्दा कर्णाली प्रदेश सबैभन्दा जोखिममा रहेको सो प्रतिवेदनले देखाएको छ।

यस अवधिमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित यस कार्यालयमा गुनासा तथा उजूरीहरु प्राप्त भएका छन। कतिपय उजूरीहरु दर्ता गरि अनुसन्धान गरिएको छ भने कतिपय समान्य परामर्शबाट समास्याको समाधान गरिएको छ। यस विषयमा अनुगमनको लागि छुटै बजेटको व्यवस्था नभए पनि मिडिया अनुगमन तथा अन्य जानकारीमा आएका विषयलाई अनुगमन गर्ने कार्य गरेको छ। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुलाई कार्यान्वयन गर्न बजेटको आवस्यता हुने हुदाँ हाम्रो देशको अर्थतन्त्रको पनि महत्वपुर्ण रहन्छ।

**(क) स्वास्थ्यको अधिकार**

कर्णाली प्रदेशमा स्वास्थ्यको अधिकारको अवस्था त्यती राम्रो देखिंदैन। यस प्रदेशमा १ वटा प्रदेश अस्पताल र १ वटा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन भने ११ वटा प्राथमिक तहका अस्पतालहरु, १४ वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरु (PHCCs), ३३३ वटा स्वास्थ्य चौकी (HPs), २३३ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र, १०१ वटा सामुदायिक स्वास्थ्य इकाइ, ८६४ वटा PHC-ORCs र ४२७३ वटा FCHVs रहेका छन्। जसबाट यस प्रदेशमा कुनै न कुनै किसिमका आधारभुत स्वास्थ्य सेवा प्रदान भइरहेको पाइन्छ।

स्वास्थ्य सेवा प्रदान गर्ने धेरै निकाय र संस्थाहरु भए तापनि सेवा प्रवाह संतोष जनक रहेको पाइएको छैन। कतिपय स्थानमा भौतिक संरचनाको समस्या छ भने कतिपय मानवीय श्रोत साधनको। त्यस्तै गरी मेसीनरी औजारको अभावका कारण पनि सेवा प्रवाहमा समस्या देखिएको छ । सरकारले आम नागरिकहरुलाई निःशुल्क उपलब्ध गराउने भनिएको ९८ प्रकारका औषधी सबै स्वास्थ्य संस्थाहरुबाट उलब्ध हुन नसेकेको भनी गुनासो प्राप्त भएको छ भने यस विषयमा विभिन्न संचार माध्यमहरुमा समाचारहरु प्रकाशन तथा प्रशारण भएको र यस कार्यालयबाट भएको अनुगमनबाट समेत पाइएको छ।

गरिबी र शिक्षाको अवसरबाट बञ्चित कर्णालीबासीको लागि उपचार गराउन सुर्खेत लगायतका अन्य ठाउँमा जानुपर्ने बाध्यता रहेको छ । स्वास्थ्य संस्थाको सहज पहुँच तथा आवश्यक जनशक्तिको अभावका कारण समयमै स्वास्थ्य सेवा पाउनबाट कर्णाली नागरिकहरु बञ्चित रहेका छन । यस्तो कहाली लाग्दो अवस्था हटाउन संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले संयुक्त पहल गरि ग्रामीण क्षेत्रमै विशेषज्ञ सेवा पाउने नागरिकको अधिकारका लागि कर्णाली प्रदेशमा स्वास्थ्य सेवातर्फ उच्च शिक्षा अध्ययन अध्ययन संस्थान खोल्नु पर्ने देखिन्छ। नेपालको जनगणना २०८७ अनुसार नेपालमा हाल मातृ मृत्युदर १५१ वाल मृत्यू दर प्रति हजारमा २१ जना रहेको छ भने कर्णाली प्रदेशमा

मातृ मृत्युदर प्रति लाखमा १७२ जना रहेको छ भने वाल मृत्युदर प्रति हजारमा २९ जना रहेको तथ्याङ्कबाट देखिन्छ । कर्णाली प्रदेशमा शिक्षित भन्दा कम शिक्षितमा बढी मातृ मृत्युदर रहेको छ । कर्णालीका नागरिकहरुमा शिक्षा र चेतनाको अभावमा बाल मृत्युदर र मातृ मृत्युदरमा अझै भयावह अवस्था रहेको छ ।

कर्णाली प्रदेश अस्पतालमा भौतिक संरचनाको प्रबन्ध भएता पनि गुणस्तरिय स्वास्थ्य सेवा पाउन नसकेको जन गुनासाहरु बारम्बार सुनिने गरेका छन । यस कार्यालयबाट पनि नियमित रुपमा कर्णाली प्रदेश अस्पतालमा अनुगमन हुने गरेको छ । सो समयमा समेत सेवा प्रवाहमा ढिलासुस्ति हुने गरेको, समयमै उपचार नपाईएको, प्रदेश अस्पतालमै आधुनिक स्वास्थ्य उपकरणको अभाव रहेको साथै स्वास्थ्य तर्फको जनशक्तिको अभाव जस्ता थुप्रै समस्याहरु देखिएका छन । स्वास्थ्य संस्थाहरुमा अनावश्यक र अधिक राजनीतिक हस्तक्षेप हुने गरेका कारण पनि सेवा प्रवाहमा बाधा परेको समेत अनुगमनबाट पाइएको छ । यस आ.व.मा कर्णाली प्रदेशमा लागु औषध कारोवार तथा प्रयोगकर्ता अत्याधिक वृद्धि भइ रहेको पाईएको छ ।

## (ख) शिक्षाको अधिकार

नेपालको कुल साक्षारता ७६.२ प्रतिशत रहेकोमा पुरुषको साक्षारता दर ८३.६ र महिलाको ६९.४ रहेको छ । कर्णाली प्रदेशमा कुल साक्षरता दर ७६.१ प्रतिशत रहेकोमा पुरुषको ८३.३ र महिलाको ६९.४ रहेको छ । कर्णाली प्रदेशमा कुल सरकारी विद्यालय ३१४४ रहेका छन भने निजी विद्यालय २२२ वटा रहेका छन । विद्यालयमा सबै तहको गरी कुल विद्यार्थी संख्या चार लाख भन्दा बढी रहेको छ भने कुल शिक्षकको संख्या १५७१९ रहेको छ । विद्यार्थी संख्याको अनुपातमा शिक्षकको संख्या कम रहेको पाइन्छ । यस प्रदेशको अधिकांश भुगोल अति नै विकट र पहाडी रहेका कारण कतिपय स्थानमा बालबालिकाहरु विद्यालय जान १ घण्टादेखी ३ घण्टासम्म हिड्नु परेको पाइएको छ । वर्षा र चिसोको समयमा बालबालिकाहरु विद्यालय जान नसक्ने अवस्था कर्णालीमा रहेको पाइन्छ । त्यसै गरी कतिपय स्थानमा विद्यालय जान नदि खोला तर्नुपर्ने भएका कारण वर्षा सुरु भएपछि बालबालिकाहरु विद्यालयनजाने गरेको पाइएको छ । विद्यालय जाने विद्यार्थीहरुको संख्याको अनुपातमा शिक्षकहरुको संख्या निकै कम रहेका कारण पनि बालबालिकाहरुको शिक्षाको अधिकारमा यस प्रदेशमा असर परिरहेको पाइन्छ ।

गरिबी र अशिक्षाका कारण कर्णालीका कतिपय बालबालिकाहरु अझै पनि शिक्षाको अवसरबाट बञ्चित रहेको पाईन्छ । नेपालमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या १०.५ प्रतिशत रहेको तथ्याङ्कले देखाउँदछ भने कर्णालीमा ७.१ प्रतिशत बालबालिका बिद्यालयको पहूँच बाहिर

रहेको पाईन्छ । समयमै पाठ्यपुस्तक नपुग्नु, गुणस्तरिय शिक्षाबाट बालवालिकाहरु बञ्चित हुनु, तालिम प्राप्त र दक्ष जनशक्तिको अभावका कारण कर्णालीका धेरै विद्यालयहरुमा नियमित पठनपाठनमा समेत असर पर्ने गरेको छ । सरकारले शिक्षा क्षेत्रलाई वेवास्था गर्नु र विद्यालयमा व्यापक राजनीतिकरण हुँदा पटनपाठनमा असर पर्ने गरेको छ । त्यसको प्रत्यक्ष असर विद्यार्थीहरुले भोगिरहेको पाईन्छ । कर्णालीका कतिपय पालिकाहरुले दिवा खाजामा समेत राजनीति भित्राएर कलिला बालबालिकाले नियमित रुपमा खाजा खान समेत पाएका छैनन भने कतिपय ठाउँमा टेन्डर मार्फत खाजा खुवाउँदा गुणस्तरिय खाजा नखुवाएको गुनासो यस कार्यालयलाई प्राप्त भई जानकारी माग्ने कार्य भएको छ । यसरी बालबालिकालाई विद्यालयमा निरन्तर रुपमा टिकाई राख्नखाजा कार्यक्रम लागु गरिएकोमा कर्णालीका धेरै विद्यालयमा खाजामा नियमितता नभएकाले विद्यार्थीहरुको विद्यालय छाड्ने दर बढेको पाईन्छ । २०७८ को जनगणना अनुसार कर्णाली प्रदेशको जनसंख्या १६ लाख ८८ हजार ७ सय १२ छ । आधारभुत तहमा ४ लाख ९ हजार ३ सय १५ माविमा १ लाख ३७ हजार ९ सय १६ विद्यार्थी रहेका छन । यी मध्ये वर्ष नदोहोर्याई १ देखि ५ कक्षासम्म जाने बालबालिकाको संख्या ५९ प्रतिशत मात्र रहेको छ । यसले कर्णलीको शैक्षिक अवस्था बताउँछ । सामाजिक विकास मन्त्रालयका अनुसार आधारभुत तहका २० प्रतिशत विद्यार्थीले पढाई नै छाड्ने गरेका छन ।

### ६.४. जातीय भेदभाव विरूद्धको अधिकार

नेपालले जातीय भेदभाव विरूद्धको महासन्धिलाई अनुमोदन गरी राष्ट्रिय कानूनद्वारा छुवाछुत तथा जातीय भेदभावलाई दण्डनीय बनाएको छ । त्यस्तैगरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ मा समेत जातियताका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरिएको छ । नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकको व्यवस्था गरी जातीय आधारमा हुने छुवाछुत तथा भेदभाव विरुद्धको हकलाइ मौलिक हकको रुपमा राखेको छ । कानूनी बन्देज भएतापनि व्यवहारतः अझै पनि कर्णाली प्रदेशमा जातीय आधारमा छुवाछुत र विभेदको अवस्था विकराल रहेको पाइन्छ । गत साउन महिनामा दलित समुदायका व्यक्तिहरुको नागरिकतामा उल्लेखित नाम विभेदकारी रहेको भनी समाचारहरु प्रशारित/प्रकाशित भएको थियो । यसरी विभेदकारी नामबाट विभेद भएको भनी यस प्रदेशको जुम्ला लगायतका जिल्लाहरुमा व्यापक विरोध भएको थियो । जातिय विभेद, छुवाछुत तथा भेदभावका सम्बन्धमा यस अवधिमा विभिन्न प्रहरी कार्यालयहरुमा मुद्दा दर्ता भएको प्रदेश प्रहरी कार्यालयले उपलब्ध गराएको विवरणबाट देखिन्छ । कर्णाली प्रदेश सरकारले दलित समुदायको लागि

प्रशस्त बजेट विनियोजन गरेपनि खर्च हुन नसकेको पाइएको छ । यस आ.व.मा मा दलित लक्षित कार्यक्रमको लागि विनियजित बजेट निकै कम मात्रामा मात्रै खर्च भएको पाइएको छ। यसबाट पनि दलित लक्षित कार्यक्रम सञ्चालनमा सरकारको कार्यान्वयन निकाय उदासिन रहेको देखिएको छ । कर्णाली प्रदेशमा करीब २९ प्रतिशत दलित समुदायको बसोबास रहेको पाइन्छ। यति ठुलो संख्यामा दलित समुदायको बसोवास रहेको यस प्रदेशमा स्थानीय सरकार तथा प्रदेश सरकारले यी समुदायको स्तरोन्नतीका लागि खासै बजेट विनियोजन गरेको पाइदैन। जातीय विभेदको अवस्था विकराल रहेपनि प्रहरी कार्यालय वा आयोगमा उजूरी भने खासै आउने गरेको पाइंदैन।

यस अवधिमा जातीय विभेद सम्बन्धी उजूरी दर्ता नभएको भए पनि केही गुनासाहरु यस कार्यालयमा आएका थिए। कतिपय उजूरी तथा गुनासोहरु अदालतमा तथा कानूनी कारवाहीमा गैसकेको हुदाँ थप कार्य गर्न नपर्ने खालकाछन। कतिपय उजूरी कानून अनुसार दर्ता नभएपनि यस प्रदेशमा थुप्रै घटनाहरु सामाजिक डर त्रसका कारण बाहिर आउदैनन्। यस कार्यालयबाट आवश्यक परामर्श सहित विभिन्न निकायमा पठाइएका र कानुनी उपचारका लागि परामर्श गरिएका कतिपय विषयहरु जातीय विभेदसँग सम्बन्धित रहेका थिए। जातिय भेदभाव तथा विभेदमा परेका समुदायहरुको कमजोर आर्थिक अवस्था तथा कमजोर पहुँचका कारण यस्ता विषयहरु अधिकांश स्थानीय स्तरमै मिलापत्र हुने वा न्यायिक निकायसम्म पुग्नै नसक्ने वा पुग्नै नदिइने परिपाटीका कारण राष्ट्रिय मानव अधिकार आयोग, प्रहरी कार्यालय वा अदालतमा उजूरी वा मुद्दा खासै नरहेको पाइन्छ।

### ६.५. महिला अधिकार

नेपालको संविधान २०७२ को भाग र धारा १८ र ३८ ले लैंगिक समानता र महिलाको अधिकारलाई मौलिक हकको रुपमा मान्यता दिएको छ । यसका साथै नेपाल महिला हिंसा निवारण ऐन र लैंगिक हिंसासम्बन्धी विभिन्न कानूनहरु कार्यान्वयनमा छन । CEDAW को नेपाल पक्ष राष्ट्र हो जसले महिलामाथी हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ। CEDAW ले महिलालाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा समान अधिकार सुनिश्चित गर्न जोड दिएको छ। धारा ७ ले राजनीतिक सहभागिताको ग्यारेन्टी गर्छ तर कर्णाली प्रदेशमा अझैं पनि राजनीतिमा नेतृत्व महिलाको प्रतिनिधित्व अन्तन्त न्यून रहेको छ । हालसम्म कर्णाली प्रदेशमा ५ जना मात्र महिलाहरु मन्त्री बनेको पाइन्छ। कर्णाली प्रदेशमा महिलाको आर्थिक, स्वास्थ्य, शिक्षा, र राजनीतिक क्षेत्रमा ठूलो असमानता देखिन्छ। राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार कुल १६८८४१२ जनसंख्या रहेको कर्णाली प्रदेशमा महिलाको जनसंख्या ८६४६५१ रहेको छ। संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यले

लैंगिक समानताको लक्ष्य लिएको छ । तर कर्णालीमा केवल करिव १२ प्रतिशत परिवारमा महिलाको नाममा सम्पत्ति रहेको छ भने साक्षरता संख्या पनि न्यून रहेको छ ।

नेपालको संविधानको धारा ३८ ले महिलालाई समान अधिकार, हिंसा विरुद्ध संरक्षण र सम्पत्तिको हक प्रदान गर्छ तर कर्णालीमा २०२४ मा ३८६ महिला हिंसाका पीडित भएका छन । यस आ.व. २०८१।०८२ मा कर्णाली प्रदेशका सबै प्रहरी कार्यालयहरुमा दर्ता भएको उजूरी संख्या जबरजस्ति करणी १७५वटा , बहुविवाह ४८, बालविवाह २ वटा,बाल यौन दुराचार १९ वटा रहेको तथ्यांक देखिन्छ । कर्णालीका महिलाको सामाजिक अवस्थालाई हेर्दा औषत आयु ६३ बर्ष भएको कर्णाली प्रदेशमा महिलाको स्वास्थ्यअवस्था निकै कमजोर छ । कम उमेरमा विवाह र २० वर्षभन्दा पहिला नै बच्चा हुने हुँदा र पोषिलो खानाको कमिले पाठेघर खस्ने लागयत प्रजनन् स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु यस प्रदेशका महिलाहरुले भोगिरहेका छन् । करिव ३५ प्रतिशत महिला घरमा नै सुत्केरी हुने गर्छन । भौगोलिक विकटता र अपायक स्वास्थ्य चौकी भएकाले कतिपय अबस्थामा बाटोमा नै सुत्केरी भएको तितो यथार्थता कर्णाली प्रदेशमा देखिन्छ । भौगोलिक विकटता र जिर्ण बर्थिङ सेन्टरले स्वास्थ्य सेवामा पहुँच कमजोर छ । त्यस्तै कर्णालीका महिलाको बास्तविक आर्थिक अवस्था आकलन गर्ने हो करिव ३३ प्रतिशत महिला परिवारिक योगदानमा, २५.७ प्रतिशत आंशिक काममा, ४१ प्रतिशत औपचारिक र ५८ प्रतिशत अनौपचारिक रोजगारीमा रहेका छन । वर्तमान कानुनले ग्यारेन्टी गरे पनि सामाजिक तथा साँस्कृतिक अवरोधका कारण महिला अधिकार पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । CEDAW र संविधानले महिलाको अधिकार सुनिश्चित गरे पनि, पितृसत्तात्मक सोच, कमजोर स्वास्थ्य सेवार सिमित आर्थिक अवसरले कर्णालीमा माहिला अधिकार कार्यान्वयन अपर्याप्त छ । यसका लागि प्रभावकारी कार्यान्वयन, महिला-मैत्री नीतिहरू तथा ग्रामीण क्षेत्रमा शिक्षा र स्वास्थ्य पहुँच बढाउनु आवश्यक छ ।

### ६.६. बाल अधिकार

कर्णाली प्रदेशको कुल जनसंख्यामध्ये ४० प्रतिशत बालबालिका छन । २०७८ सालको जनगणना तथ्यांकअनुसार यसमध्ये ६ लाख ७७ हजार ४८ जना बालबालिका छन । यसमा पनि बालकको संख्या बढी छ । तीन लाख ४५ हजार ४२९ जना बालक छन भने तीन लाख ३१ हजार ५५६ जना बालिका छन । नेपालको संविधानको धारा ३९ लेबालबालिकालाई शिक्षा, स्वास्थ्य, पोषण, र शोषणविरुद्धको सुरक्षा ग्यारेन्टी गर्दछ । कर्णाली प्रदेशले बालबालिका अधिकार सुनिश्चितताको लागि प्रदेशस्तरिय प्रदेश बाल अधिकार समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० समेत निर्माण गरेको

अवस्था छ । बालबालिका सम्बन्धी ऐन २०७५ र बालबालिका सम्बन्धी नियमावली २०७८ ले बालबालिकाको संरक्षण, बाल श्रमको अन्त्य, र बाल विवाह रोकथामका प्रावधानहरू राखेका छन । अन्तर्राष्ट्रिय स्तरमा नेपाल CRC (Convention on the Rights of the Child) को सदस्य हो ।

कर्णाली प्रदेशमा कर्णालीका ४१ हजार बालबालिका बालविवाहको शिकार भएका छन । बालविवाहका कारण उनीहरू विभिन्न अधिकार प्राप्तिबाट बञ्चित भएको छन । यस्तै कर्णालीका१ लाख ३७ हजार अर्थात जम्मा संख्याको २० प्रतिशतभन्दा बढी बालबालिका बालश्रम गर्न बाध्य छन । उनीहरू पारिवारिक, भौगोलिक, अभिभावकको चेतनाको कमी जस्ता विविध कारणले श्रममा लाग्न बाध्य भएको अध्ययनबाट देखिन्छ । २०२४ मा बाल अधिकार उलङ्घनको घटनामा १०० बालबालिका पीडित भएका छन । महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्दै आएको 'आवाज' संस्थाका अनुसार १ हजार ३०० जना प्रदेशको राजधानी वीरेन्द्रनगरमै बालश्रम गर्दैछन । बालबालिकाको क्षेत्रमा काम गरिरहेको अन्तराष्टिय गैरसरकारी संस्था 'प्लान इन्टरनेसनल' का अनुसार बालविवाहको घटनामा ९८ प्रतिशत बालबालिका आफ्नो निर्णयमा विवाह गर्छन् । आफूखुसी हुने बालविवाहका कारण यसलाई रोक्न चुनौती रहेको अध्ययनले देखाउँछ । प्रदेशस्तरीय अस्थायी संरक्षण तथा पुनर्स्थापना केन्द्र केही संख्यामा छन। कालीकोट, दैलेख र सुर्खेतमा मात्र बाल हेल्पलाइन सेवा उपलब्ध छन ।

बालबालिका सम्बन्धी नियमावली, २०७८ ले प्रदेशमा आवश्यकता अनुसार बाल सुधार गृहको स्थापना र सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । नियमावलीको दफा १७ मा बाल सुधार गृहको स्थापना सम्बन्धी व्यवस्था छ । यस दफामा नेपाल सरकारले प्रदेश सरकारसँगको समन्वयमा आवश्यकता अनुसार बाल सुधार गृहको स्थापना र सञ्चालन गर्ने उल्लेख छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४३ को उपदफा  मा नेपालमा कानूनको विवादमा परेका बालबालिकाहरुलाई पुनस्थापना राख्ने प्रयोजनको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था गरेको छ । तर विभिन्न मुद्दामा कसुर प्रमाणित भई सजाय भोगिरहेका बालबालिकालाई राख्ने बालगृह नहुँदा कर्णाली प्रदेशका बालबालिकालाई नेपालगञ्ज, भक्तपुर, पोखरा र धरानसम्म पनि पठाउने गरिएको पाईन्छ । आफ्ना बालबच्चालाई प्रदेश बाहिर राख्दा भेटघाट लगायतका विषयमा समस्या पर्ने गरेको बालबच्चाको परिवारले गुनासो गर्ने गरेको पाईन्छ । कर्णालीका १० जिल्लाका ९ कारागारमा समेत आमासँगै बालबालिका राख्ने गरिएको छ । उनीहरू कारागारमा आमासँगै आश्रित रहेका छन।कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता भएपनि यसको कार्यान्वयन कमजोर छ । स्थानीय स्तरमा शिक्षा, सचेतना र संरक्षण केन्द्रहरूको सुदृढीकरण आवश्यक छ । हालसालै कालिकोट जिल्लाको रास्कोट

नगरपालिकाका विभिन्न सामुदायिक तथा सरकारी विद्यालयहरुमा मासिक रुपमा विद्यार्थीहरुलाई उपलब्ध गराउने दैनिक दिवा खाजामा अनियमितता, मापदण्ड विपरित, पोषणयुक्त नभएको खाजा वितरण, विषादीयुक्त र जंकफुड वितरण गर्दै विद्यार्थीको जीवननमा लापर्वाही गरेको भनि समाचारहरु प्रकासित भएपछि आयोगको यस विषयमा समेत ध्यानाकर्षण भएको छ।

## ६.७. बलपूर्वक बेपत्ता विरूद्धको अधिकार

नेपालमा पञ्चायती व्यवस्थाभन्दा अघिदेखि नै व्यक्तिहरूलाई राज्यबाट बलपूर्वक बेपत्ता पार्ने कार्य हुने गरेको पाइए पनि तत्कालीन नेकपा माओवादीले २०५२ साल फागुन १ बाट घोषणा गरेको सशस्त्र युद्धपछि व्यापक भएको पाइन्छ । विशेष गरी २०५८ मा मंसिरबाट संङ्कटकाल सुरू भएदेखि २०६२/२०६३ आन्दोलन पूर्वसम्म यस कार्यले व्यापकता पाएको देखिन्छ। आयोगको अनुसन्धानबाट सशस्त्र द्वन्द्वको क्रममा सुरक्षाकर्मीहरूद्वारा हातहतियारसहित बिनासूचना व्यक्तिहरूलाई पक्राउ गर्ने, पक्राउ गर्नुको कारण, थुनामा राखिएको स्थानसमेत गोप्य राख्ने र हत्या गर्ने सम्मका कार्यहरू भएको पाईन्छ । मध्यरातमा घरभित्र प्रवेश गरी पक्राउ गरिएकाहरूलाई बेपत्ता पारिएको देखिन्छ । बेपत्ता पारिएका व्यक्तिहरूलाई आफन्त वा कानुन व्यवसायीलाई भेट गर्न नदिने, राखिएको स्थानबारे जानकारी नदिने, पक्राउ नै नगरिएको भनी झुठ्ठा विवरण दिने गरेको पाइन्छ । यसै गरी माओवादी पक्षबाट पनि सुराकी लगायत विभिन्न आरोपमा अपहरण गर्ने, स्थिति अज्ञात राख्ने, कुनै जानकारी नदिने, हत्या गर्नेसम्मका कार्यहरू भएको देखिन्छ। हालका दिनहरूमा बेपत्ता वा स्थिति अज्ञात सम्बन्धी घटनाहरू भएको पाइँदैन। यस प्रदेशमा द्वन्द्वको समयमा बेपत्ता/स्थिति अज्ञात पारिएको भनी जम्मा ५१ उजूरीहरू रहेकोमा २२ वटा उजूरीको अनुसन्धान सम्पन्न गरी आवश्यक निर्णयका लागि आयोग समक्ष पेश गरी सकेको छ भने २२उजूरीहरु अनुसन्धानका क्रममा नै रहेका छन्।

सशस्त्र द्वन्द्वको अवधिमा राज्य पक्षवाट बेपत्ता पारिएका र तत्कालीन विद्रोही पक्षवाट अपहरण गरी अवस्था अज्ञात रहेका व्यक्तिहरूको अवस्था विस्तृत शान्ति सम्झौता पश्चात पनि सार्वजनिक हुन सकेन। हालसम्म पनि द्वन्द्वको समयमा बेपत्ता पारिएका तथा अपहरण पश्चात अवस्था अज्ञात रहेको पनि यस प्रदेश कार्यालयमा रहेका उजूरीहरु उपर यस कार्यालयबाट अनुसन्धान भई रहेको छ। बेपत्ता लगायत द्वन्द पीडितका परिवारलाई राज्यको तर्फबाट प्रदान गरिदै आएको राहत रकम पाए नपाएको सम्बन्धमा विवरण उपलब्ध गराउँन यस कर्णाली प्रदेश अन्तगतका १० वटै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिएकोमा धेरै कार्यालयहरुबाट पठाएको विवरण प्राप्त भइ सकेको छ । जिल्लाहरुबाट प्राप्त तथ्याङकको आधारमा हेर्दा मृतक परिवार, बेपत्ता परिवारका अधिकांश आफन्तहरुले राहत रकम प्राप्त गरिसकेको अभिलेखबाट देखिन आउँछ।

यस आ.व. को यस अवधिमा बेपत्ता पारिएको भनी यस कार्यालयमा कुनैपनि उजूरी दर्ता भएका छैन भने व्यक्ति बेपत्ता र अपहरण तथा शरिर बन्धक केही वटा जाहेरी दर्ता भएको कर्णाली प्रदेश प्रहरी कार्यालयबाट प्राप्त विवरणबाट देखिन्छ । सशस्त्र द्वन्द्वका समयमा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा यस प्रदेशका केही व्यक्तीहरुले बेपत्ता पारिएका व्यक्तीको छानविन आयोगबाट परिचयपत्र पाएपनि कतिपयको हालसम्म पहिचान हुनै नसकेको पाइन्छ । बलपुर्वक बेपत्ता पारिएका व्यक्ती तथा पीडित परिवारहरुका लागि तत्काल राज्यले विशेष संबोधन गर्नुपर्ने यस प्रदेशका पीडितहरुको माग रहि आएको छ ।

## ६.८. यातना विरुद्धको अधिकार

नेपालको सविधानले यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ । मुलुकी अपराध (संहिता) ऐनले पनि प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान तथा अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउँन निषेध गरेको छ । त्यस्तो कार्य गरेमा कसुरको गाम्भीर्यता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा ७ ले पनि यातनालाई निषेध गरेको छ । यातना, क्रुर र अमानवीय एवंम् अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४ लाई नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा नीति, कानूनी संरचना बन्न आवश्यक भै सकेको छ । यस आ.व. मा यातना सम्बन्धमा यातना तथा कुटपिट भएको भनि ३ वटा गुनासो आएपछि आयोगको टोलीले अनुगमन गरेको थियो । यस कार्यालयमा यातना सम्बन्धी उजूरी २४ वटा रहेकोमा ८ वटा उजूरीको अनुसन्धान कार्य सम्पन्न भई केन्द्रीय कार्यालयमा पठाईसकेको र १६ वटा उजूरी अनुसन्धान गर्न बाँकी रहि अनुसन्धानको क्रममा रहेका छन ।

## ६.९. मानव बेचविखन तथा आप्रवासी कामदारको अधिकार

सरकारले सचेतनामूलक कार्यक्रमसँगै हरेक वर्ष मानव बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय दिवस मनाउँदै आएको भए पनि महिला र बालिका बेचबिखनको जोखिम भने रोकिएको छैन । सामाजिक सञ्जालको बढ्दो प्रयोग र वैदेशिक रोजगारीमा जान चाहने महिलाको संख्या बढेसँगै शिक्षित महिलासमेत बेचबिखनको जोखिममा पर्न थालेका छन । रोजगारीको प्रलोभन, अशिक्षा, गरिबी, घरेलु हिंसा र देखासिकी जीवनशैली लगायतका कारण मानव बेचबिखनका घटना बढिरहेका छन । मानव बेचबिखनलाई निषेध गर्नका लागि नेपाल SAARC Convention on Preventing

and Combating Trafficking in Women and Children र UN Protocol to Prevent, Suppress and Punish Trafficking in Persons अन्तर्गत पनि प्रतिबद्ध छ । नेपालको संविधानको धारा २९ को शोषणविरुद्धको हकअन्तर्गत मा कसैलाई पनि बेचबिखन गर्न (३), दास वा बँधुवा बनाउन पाइने छैन भन्ने उल्लेख गरिएको छ भने धारा ३८ को महिलाको हक र धारा ३९ को बालबालिकाको हकको व्यवस्थाबाट पनि मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई निषेध गरिएको छ । यस सम्बन्धी हाम्रो विद्यमान कानुन मानव बेचबिखन तथा ओसारपसार ऐन (नियन्त्रण), २०६४ ले मानव बेचबिखन तथा ओसारपसारलाई स्पष्ट परिभाषित गरेको छ । समयको अन्तरालसँगै हाल प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग बढी सम्बन्ध राख्ने तथा सहयोगी हुने अन्य केही ऐन तथा नियमावलीहरू पनि निर्माण भएका छन । तर कानुनले निषेध गरेको भएपनि मानव बेचबिखन भने कर्णालीमा अझै पनि विकराल रुपमा रहेको छ । तर कर्णाली प्रदेशमा विगत चार वर्षमा मात्र १९ मुद्दा दर्ता छन जसमा सबैभन्दा बढी प्रदेशकै राजधानी रहेको जिल्ला सुर्खेतमा ८ वटा दर्ता भएका छन् । तर, तथ्यांकमा नआए पनि यो संख्याभन्दा धेरै घटना समाजमा भएको हुन सक्ने प्रहरीको अनुमान छ । त्यस्तै, रुकुमपश्चिम, डोल्पा, मुगु र कालिकोट जिल्लामा विगत चार आर्थिक वर्षमा मानव बेचबिखन सम्बन्धी मुद्दा दर्ता भएका छैनन् । कर्णालीमा ८९ महिला र बालिका अझै हराइरहेका छन । दैलेख लगायतका क्षेत्रमा जबरजस्ती करणी र महिला हिंसाका घटनाहरू बढिरहेका छन भने कानुन भए पनि यसको कार्यान्वयन, पुर्नस्थापनाको पीडितको पुर्नस्थापना र सिमाक्षेत्रमा निगरानी कमजोर छ । समुदायस्तरमा सचेतना र महिलामैत्री संरचनाहरू आवश्यक छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२४ मा कर्णाली प्रदेशमा दुई वर्षको अवधिमा ४३ हजारभन्दा बढी महिला तथा पुरुषले श्रम स्वीकृति लिएको उल्लेख छ । मन्त्रालयले गरेको अध्ययन अनुसार कर्णालीमा २४ हजार ९७४ जना पुरुष र १८ हजार ६६२ जना महिला गरी कुल ४३ हजार ६३६ जनाले श्रम स्वीकृति लिएको बताइएको छ । भारत जाने श्रमिकलाई श्रम स्वीकृति लिन नपर्ने भएकाले कर्णालीबाट काम गर्न बाहिर जाने श्रमिकको सङ्ख्या कम देखिएको छ । भारतबाट अन्य देशमा गएकाको मात्र अध्ययनमा उल्लेख गरिएको छ । नेपाल श्रम ऐन २०७४, वैदेशिक रोजगार ऐन २०६४, र सामाजिक सुरक्षा ऐन २०७५ ले आप्रवासी कामदारको अधिकार र सुरक्षा सुनिश्चित गर्न प्रावधान राखेका छन । अन्तर्राष्ट्रिय स्तरमा नेपाल ILO को सदस्य हो र श्रमिक अधिकारको सम्मानका लागि ILO को प्रमुख कन्भेन्सनहरू (C29, C105, C138, C182) आदि अनुमोदन गरेको छ । तर कर्णाली प्रदेशबाट विशेष गरी नजिकको स्थान भएकाले भारततिर श्रम रोजगार गर्न बढी जाने गरेका छन् भने भारत जानेहरूको एकिन तथ्याङ्क पनि कुनै निकायसँग छैन । श्रम,

रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अनुसार श्रम ठगी सम्बन्धी मुद्दा कर्णाली प्रदेशबाट मात्रै १०० वटा मुद्दा दर्ता भएका छन जस अन्तर्गत ९५ पुरुष ५ महिला रहेका छन । व्यवस्थित र कानुनको कमजोर कार्यान्यवनका कारण वैदेशिक रोजगारीमा शोषणको जोखिम देखिन्छ । महिलाहरू अझ बढी जोखिममा छनकिनभने उनीहरू घरेलु कामदार वा अनौपचारिक क्षेत्रमा शोषणमा पर्ने गर्दछन । यस क्षेत्रमा श्रमिक अधिकार प्रवर्द्धन गर्न सुरक्षित आप्रवासन, पुर्नस्थापना सम्बन्धी तालिम र श्रम समझौतामा कडाइ आवश्यक छ ।

बैदेशिक रोजगारीको बहानामा महिलालाई यौन शोषण गरी भारत लगायतका विभिन्न देशहरुमा पुर्याई बेचविखन गर्ने प्रचलन रहेको देखिन्छ । बैदेशिक रोजगारीको वहानामा विभिन्न मुलुकमा राम्रो कामको आश्वासनमा मानव तस्करी हुने गरेको पाईन्छ । कर्णाली प्रदेशमा मौसमी कामका लागि छिमेकी मुलुक भारत जाने चलन व्यापक रहेको पाइन्छ ।अदक्ष कामदारहरु असंगठित क्षेत्रमा काम गर्नको लागि बर्खे बाली लगाइ सकेपछि जाने र हिंउदे बाली लगाउने बेलामा आई पुनः जाने गरेको पाइन्छ । यसको आधिकारीक रेकर्ड कतै नभएपनि कर्णाली प्रदेशबाट मात्रै वर्षेनी हजारौं मानिसहरु आप्रवासी कामदारको रुपमा भारत जाने गरेको पाइन्छ । जसमा महिलाहरुको संख्या पनि उल्लेख्य हुने गरेको छ । यसरी जानेहरुको कुनै आधिकारीक तथ्याङ्क नहुने हुँदा कति फर्किएर आए कतिको मृत्यु भयो भन्ने आधिकारीक जानकारी नहुने गरेको पाइन्छ । यसरी जाने क्रममा कतिपय महिलाहरु बेचविखनमा पर्ने गरेको पाईएको छ । त्यस्तै गरी रोजगारीको सिलसिलामा खाडी मुलुक, अध्ययन तथा कामको लागि युरोप, अष्ट्रेलिया तथा अमेरिका जानेहरुको संख्या पनि उल्लेख्य नै रहेको पाइन्छ ।

यसरी आप्रवासी कामदारको रुपमा भारत वा खाडी मुलुक जानेहरुमा मानसिक रोगको समस्या बढ्दै गएको पाइएको छ । जनसंख्या बढेसँगै यस प्रदेशबाट आप्रवासी कामदारको रुपमा भारत तथा खाडी मुलुक जाने युवाहरुको संख्या बढ्दै गएको र सोचेभन्दा वास्तविकता अर्कै हुने, परिवार तथा सामाजिक सम्पर्कबाट टाढा हुने, दुर्व्यसनमा फस्ने, स्वास्थ्यमा ध्यान दिन नसकेको कारण नेपालीहरुमा मानसिक स्वास्थ्यको समस्या बढ्दै गएको पाइएको छ । यस अवधिमा यस कार्यालयमा आप्रवासी कामदार सम्बन्धि कुनै उजूरी दर्ता भएनन् भने मानव बेखबिखन तथा आप्रवासी कामदारको अधिकार सम्बन्धी एउटा पनि उजूरी यस कार्यालयमा छैनन् । मानव बेचबिखन तथा ओसार पोसारबाट पीडित हुने वा भएका व्यक्तीहरुको कमजोर आर्थिक अवस्था, कमजोर पहुँच हुने र पीडकहरु आर्थिक रुपमा सम्पन्न सबै तहमा पहुँच भएका व्यक्तीहरु हुने वा भएका कारण न्यायिक निकायसम्म नपुग्ने गरेको अध्ययन प्रतिवेदनहरुले देखाएको पाइन्छ ।

## ६.१०. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

नेपालको संविधान (२०७२) मा अपाङ्गता भएका ब्यक्तिहरुको अधिकारलाई मौलिक हकमा व्यवस्था गरेको पाइन्छ । त्यसैगरी अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७५, नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७५/०७६-२०८१/०८२), अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका २०७३, अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ लगायत कानूनी संरचना रहेका छन । नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण सम्वन्धी महासन्धि अनुमोदन गरिसकेको छ । सन्धिका प्रावधान बमोजिम सरकारी, सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचको लागि पुरा गर्नुपर्ने पूर्वाधारको विकास हुन सकेको छैन । राज्यबाट अपाङ्गता भत्ताको व्यवस्था गरेतापनि अपाङ्गता भएका सवै बर्गमा पहुँच पुग्न सकेको छैन । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि यस आयोगको कार्यालयमा गुनासा तथा उजूरी प्राप्त भएका छन । कतिपय उजूरी कानूनी कारवाही सम्बन्धी निकायबाट भैरहेको हुँदा उक्त उजूरी उपर थप केही गर्न परेन भने कतिपय विषय उपर समन्वय तथा सहकार्य गरि समस्याको समाधान गरिएको छ । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा आयोजना हुने अपांङ्गताको अधिकार सम्बन्धी विभिन्न किसिमका छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरुमा आयोगको नियमित उपस्थित हुने तथा अपांङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी भनाई राख्ने गरिएको छ ।

## ६.११. यौनिक तथा लैङ्गिक अल्पसंख्यको अधिकार

नेपालको संविधान,२०७२ को धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूवर्क बाच्न पाउने हक हुनेछ । त्यसै गरी ऐनको धारा १७ (ङ) ले नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रताको हक रहेको छ । धारा १७ ले नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरेको छ तथापी तेश्रो लिङ्गी समुदायका मानिसहरुले यो अधिकार उपभोग गर्न पाएका छैनन् ।

यस प्रदेशमा तेस्रो लिङ्गीको अधिकारको सम्बन्धमा कुनै उजूरी प्राप्त भएको छैन तर यस कार्यालयको कार्यक्रममा Blue Diamond Society का तर्फबाट सहभागी भई आफ्नो भनाई राख्दा कर्णाली प्रदेश विशेष गरी सुर्खेत जिल्लामा आमनागरिकहरुको तेस्रो लिङ्गी समुदायप्रतिको दृष्टिकोण सकारात्मक नरहेकाले तेस्रो लिङ्गी ब्यक्तिहरु खुलेर आफ्नो पहिचान सहित हिंड्न सक्ने अवस्था नहरेको जानकारी गराउनु भएको थियो । यस कार्यालयले सोसेक नेपाल र क्यापेन फर चेन्ज नामक संस्थासँग समन्वय, सहकार्य गरेर यौनिक तथा लैङ्गिक अल्प संख्यकहरुको अधिकार र अन्तरलिङ्गी समुदायको अधिकार सम्बन्धमा सरोकारवाला निकायहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको

छ । पछिल्लो समयमा यस प्रदेशमा रहेका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु खुल्न थालेको र कार्यक्रममा उनीहरुको उपस्थिति धैरै देखिन्छ ।

### ६.१२. वातावरणको अधिकार

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक प्रदान गरिएको छ । धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने, ३० (२) मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने उल्लेख गरिएको छ । कर्णाली प्रदेशमा रहेका कर्णाली र भेरी नदीमा फोहोर विसर्जन गर्ने गरिएकाले प्रदुषित हुँदै गएकका कारण वातावरणविद् तथा वातावरण संरक्षणक र सामाजिक अभियान्ताहरुले चिन्ता व्यक्त गरेका छन । विकास निर्माणको ढिलासुस्तिका कारण पनि वातावरण झन प्रदुषित बन्दै गरईरहेको छ । कर्णाली प्रदेशको मुख्य राजमार्गको रुपमा रहेको कर्णाली राजमार्ग भत्किका कारण त्यसबाट निस्केको धुलोले यस क्षेत्रको वातावरणलाई नकरात्मक असर पार्ने गरेको छ । हाल निर्माण भई रहेका सडक तथा अव्यवस्थित रुपमा स्थानीय तहले बनाउने सडक बाटोहरु रबिना डिपीआर गरिने विकासले यस क्षेत्रको प्राकृतिक स्रोत,जल र जमिनलाई असर गरेको वर्षायाममा व्यापक बाढी पहिरो जाने र ठूलो धनजनको क्षति हुने गरेको पाईएको छ ।

वातावरणको अधिकारका सम्बन्धमा यस कार्यलयमा प्राप्त भएको सल्यान जिल्लाको त्रिवेणी नगरपालिकाको उजूरीका सम्बन्धमा आयोगले अनुगमन गरेको छ । स्थानीय बजार र विद्यालय क्षेत्र नजिकै सञ्चालित क्रसर उद्योगका कारण आसपासका क्षेत्रका नागरिकहरुले नियमित सिंचाई गर्न नपाएका, बालबालिकाहरुमा समस्या देखिने गरेको, सरकारी सम्पत्तिको कानून विपरित प्रयोग गरिएको र मापदण्ड भन्दा बाहिर गई अवैध रुपमा क्रसर सञ्चालनमा रहेको आयोगको निष्कर्ष रहेको छ । अबैध रुपमा सञ्चालित उक्त क्रसरका कारण नेपालको संविधानको धारा ३० को स्वच्छ वातावरण को हक, धारा ३१ शिक्षा सम्बन्धी हक, धारा ३५ स्वास्थ्य सम्बन्धी हक उपभोग गर्न पाउने मानिसको नैसर्गिक हक समेत हनन भएको पाईएको छ । स्थानीय तहले आफ्नो निर्माणाधिन प्रशासकीय भवनहरु, अस्पताल बनिसकेपछि उक्त क्रसर बन्द गर्ने जानकारी आयोगलाई प्राप्त भएको छ ।

# परिच्छेद – सात
# उपलब्धी र चुनौति

## ७.१. उपलब्धि

यस कार्यालयले यस अवधिमा गरेका मानव अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्यहरुबाट विभिन्न उपलब्धिहरु हासिल भएका छन। मानव अधिकार उल्लङ्घन सम्बन्धी उजूरी ग्रहण, अनुगमन, अनुसन्धान लगायतका संरक्षण सम्बन्धी विभिन्न कार्यहरू निरन्तर हुँदै आएका छन् । मानव अधिकारका विविध सवालहरुमा सचेतना अभिवृद्धि गर्नको लागि विभिन्न छलफल/अन्तर्क्रिया जस्ता कार्यक्रमहरु सम्पन्न गरिएका छन । यसका अलावा अध्ययन प्रतिवेदनहरुको प्रकाशन विभिन्न संघ संस्था, सरकारी निकाय, दातृ निकायहरुबाट आयोजना गरिएका विभिन्न कार्यक्रमहरुमा अतिथिको रुपमा वा वक्ताको रुपमा सहभागी भइ यस प्रदेशको मानव अधिकारको अवस्था र यसमा सुधार गर्नुपर्ने विषयमा धारणा राखिएको छ। मानव अधिकारका विभिन्न विषयहरु, महत्वपूर्ण घटना र विषयहरुप्रति सरकार तथा सम्वन्धित सरोकारवालाहरुको ध्यानाकर्षणको लागि पत्राचार लगायतका कार्यहरू सम्पन्न गर्दै आएको अवस्था छ। यस आ.व.मा सम्पादित कार्यहरूको आधारमा हासिल गरिएका उपलब्धि, भोग्नुपरेका चुनौतीहरूलाई सङ्क्षेपमा देहाय बमोजिम उल्लेख गरिएको छ।

### ७.१.१. दश जिल्लामा उपस्थिति

यस कार्यालयको भौगोलिक कार्यक्षेत्र कर्णाली प्रदेशको १० वटा जिल्ला रहेका छन्। यस आ.व. मा यस प्रदेशका ८ जिल्लामा यस कार्यालयको उपस्थिति रहयो। सिमित श्रोत साधन तथा जनशक्तिको बावजुद विविध कार्यक्रमको सिलसिलामा ८ जिल्लामा यस कार्यालयको उपस्थिति रहन सक्यो। ८ वटा जिल्लाका ३५ स्थानीय तहहरुमा यस कार्यालयको उपस्थिति रहन सक्यो। भौगोलिक विकटता, श्रोत साधन तथा जनशक्तीको सिमितताका बावजुद विविध कार्यक्रमको सिलसिलामा पनि ८ वटै जिल्लामा उपस्थिति जनाउनुलाई उपलब्धीको रुपमा लिन सकिन्छ।

### ७.१.२. लक्षित सबै कार्यक्रमहरु समयमा नै सम्पन्न

कर्णाली प्रदेश भौगोलिक रुपमा निकै कठिन प्रदेश हो । यसको राजधानी सुर्खेतको विरेन्द्रनगर नगरपालिका बाहेक सबै भुगोलहरु निकै कठिन र यातायात सहज नभएको भुभागहरु हुन। त्यस्तैगरी कार्यालयमा एउटा मात्र सवारी साधन र १ जना सवारी चालक रहेको अवस्थामा अनुसन्धान/अनुगमन लगायतका अन्य सबै कार्यक्रमहरु समयमा नै सम्पन्न गरिएको छ। यस अवधिमा १०१ वटा उजूरी

फाइलहरुको अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालय पठाइएको छ। यस आ.व. मा लक्षित १० वटा अनुसन्धान मिसन रहेकोमा १४ वटा अनुसन्धान मिसन सम्पन्न गर्न सफल भएको छ। २ वटा दिवस मनाउने सम्बन्धी कार्यक्रम रहेकोमा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस र आयोगको स्थापना दिवस मनाएर सम्पन्न गरिएको छ। त्यस्तैगरी ३ वटा अनुगमन गर्ने भनी वार्षिक लक्ष्य रहेकोमा १३ वटा अनुगमन सम्पन्न गरी सबै लक्षित वार्षिक कार्यक्रमहरु तोकिएको समयमा नै सम्पन्न गरिएको छ।

### ७.१.३. आर्थिक तथा भौतिक प्रगति हासिल

यस कार्यालयलाई चालु आर्थिक वर्षको लागि कार्यक्रमतर्फ कोड नं. २२५२२ मा विनियोजित बजेटतर्फ ९९.२० प्रतिशत र कोड नं. २२५२९ तर्फ ९२.४६ प्रतिशत गरी औसतमा ९७.४५ प्रतिशत आर्थिक प्रगतिरहेको छ। त्यस्तै बार्षिक लक्षित कार्यक्रममा कुल कार्यक्रम संख्या १५ रहेकोमा सम्पन्न कुल कार्यक्रम संख्या २५ रहेको हुनाले भौतिक प्रगति १६० प्रतिशत रहेको छ।

## ७.२. चुनौति

### ७.२.१. आन्तरिक चुनौति

#### क. भौतिक साधन स्रोत

कुनै पनि संगठनले उसको उद्देश्य प्राप्तिका लागि कार्यक्रम अनुसारको भौतिक स्रोत साधन के कति रहेको छ भन्ने विषय महत्वपुर्ण हुन्छ। भौगोलिक एवम् कार्यगत क्षेत्राधिकार सँगसँगै आर्थिक तथा भौतिक स्रोध साधनको उचित व्यवस्थापन विना कार्यालयको काम कारवाही सहज ढंगले अघि बढ्न सक्दैन। कर्मचारीको मनोवल मात्र उच्च भएर काममा प्रभावकारिता आउन सक्दैन। मन छ तर स्रोत साधन छैन भने पनि कामकारवाही प्रभावित हुन्छ । यस्तो समस्याबाट कार्यालय गम्भिर रुपमा गुज्रिरहेको छ । विशेषतः कार्यालयको कामकारवाही प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि आवश्यक पर्ने विजुली, कम्प्युटर, सवारी साधन, उचित वजेट र मानव संशाधनको उचित तालमेल मिल्नु पर्दछ। कार्यालयमा रहेका अधिकांश डेप्कटप र ल्यापटप पुराना भई काम नगर्ने हालतमा रहेका हुनाले उक्त प्रविधिमा आधारित भई गर्नुपर्ने काम कारवाहीहरु प्रभावित हुदै आएका छन।

यस कार्यालय आयोगको फिल्ड कार्यालय हो। यसले जिल्ला स्तरमा मानव अधिकार सम्बन्धमा रहेका समस्याउपर स्वस्फुर्त ढंगले भुमिका निर्वाह गर्नु कार्यालयको दायित्व र प्रकृति पनि हो। यस कार्यालयले कर्णाली प्रदेशका १० ओटै जिल्ला हेर्नुपर्ने अवस्था छ तर कार्यालयमा एउटा मात्र सवारी साधन (जीप) रहेतापनि यसको मर्मत संम्भार र इन्धनमा सारै कम बजेट भएकाले समयमा नै सबै ठाउँमा पुग्न सकिएको छैन। यसले पनि कार्यालयको काम कारवाहीमा प्रत्यक्ष असर गरिरहेको छ।

**ख. न्यून मानव संशाधन**

कार्यालयमा सबै किसिमका व्यवस्थापन असल रहेपनि मानव संशासधन व्यवस्थापन असल भएन वा पर्याप्त भएन वा यथोचित भएन भने अन्य व्यवस्था आफै सक्रिय भई उद्देश्य हासिल गर्ने होइन । अन्य व्यवस्था अमुर्त हो भने मानव संशाधन मुर्त हो । हाल कार्यालय प्रमुख १ जना उपसचिव, ५ जना अधिकृत, १ जना सहायक प्रथमसहित ११ जना कार्यरत रहेका छन । काम गर्नुपर्ने र प्रतिफल दिने समयमा ज्यादै न्युन कर्मचारी भएका कारण कार्यालयको काम प्रभावित भएको छ ।

**ग. बृहत भौगोलिक कार्यक्षेत्र**

भौगोलिक क्षेत्रफलको हिसाबले नेपालको सवैभन्दा ठुलो प्रदेशको रुपमा रहेको यस कर्णाली प्रदेशको सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका बाहेक सबै भुभाग पहाडी र हिमाली भएकाले अति नै विकट रुपमा रहेको छ । हालैमात्र यस प्रदेशका सबै जिल्लामा सडक सञ्जाल जोडिएका भए पनि २ वटा जिल्लामा अझै सहज सडक यातायात सञ्चालनमा आउन सकेका छैनन । प्रदेश कार्यालय स्थापना भएपनि बृहत भौगोलिक क्षेत्र त्यसमा पनि सबै जिल्लाहरु सडक सहज सञ्जालसँग जोडिन नसकेको अवस्थामा सबै क्षेत्रमा समान रुपमा यस कार्यालयको पहुँच पुग्न सकेको छैन । बृहत भौगोलिक क्षेत्र पनि यस कार्यालयको मुख्य चुनौती मध्ये एक रहेको छ ।

**घ. उजूरी उपर प्रभावकारी अनुसन्धान**

भौगोलिक कठिनाई तथा सिमित स्रोतसाधनका कारणले आयोग ऐन, नियमावली, निर्देशिका बमोजिम नियमिरुपमा चाल्नुपर्ने अनुसन्धान प्रकृया प्रभावकारी ढंगले हुन सकिरहेको छैन । एक जना अधिकृतले उजूरी लगायत कार्यालयमा अन्य अनुगमन तथा अनुसन्धान कार्य पनि गर्नुपर्ने हुनाले अपेक्षाकृत अनुसन्धान हुनसकेको छैन । जसले गर्दा लामो समयदेखि विचाराधिन रहेका उजूरीहरु उपर उचित समयभित्र अनुसन्धान कार्य सम्पन्न गर्न सकिएको छैन ।

**ङ. कमजोर पहुँच**

कार्यालयको सिमित साधन स्रोत, न्युन मानव संशाधन, अपर्याप्त वजेट इत्यादीको कारणले कर्णालीका दशवटै जिल्लामा समान ढंगले नियमित पहुँच कायम गर्न सकिएको छैन । सबै जिल्लाका मानव अधिकार रक्षक, पत्रकार, गैससं प्रतिनिधिहरुसँग नियमित सम्पर्क शुत्र स्थापित हुन सकेको छैन ।

**७.२.२. बाह्य चुनौति**

**क. भौगोलिक विकटता**

कर्णाली प्रदेशको प्राकृतिक सुन्दरता सकारात्मक पक्ष हो भने भौगोलिक विकटता चुनौति हो । कर्णाली प्रदेशका अधिकांश जिल्लाहरुमा अझैपनि सहज आवतजावतको लागि गुणस्तरीय सडक सञ्जालको अभाव रहेको छ । जसले गर्दा मौसम थौरै मात्र प्रतिकुल भएको खण्डमा फिल्डमा कार्य गर्न कठिनाई थपिन्छ । बर्षायाममा बर्षातको कारणले ठाउँ ठाउँमा पहिरोका कारण बाटो बन्द हुने, पहिरो आउने

सम्भावना प्रबल हुनेहुदा यात्रा असुरक्षित हुने हुनाले यात्रा गर्न कठिन हुन्छ । त्यसैगरि जाडोयाममा अत्यधिक जाडो हुने हुँदा केही जिल्लामा आवतजावत नै वन्द हुन्छ भने अन्य जिल्लामा पनि खुल्ला सवारी साधनमा यात्रा गर्न जीउज्यानमै नकारात्मक असर पुग्ने सम्भावना बढि हुन्छ । जसले गर्दा भौगोलिक विकटता र मौसमी प्रतिकुलताले गर्दा निर्धारित कार्ययोजना अनुसार कार्य हुन सकिरहेको छैन ।

**ख. द्वन्द्वकालिन उजूरीहरु र मानव अधिकार आयोगको सिफारिसहरुको कार्यान्वयन**

राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरु कार्यान्वयन सरकारले गर्नुपर्ने र यो बाध्यकारी हुने कानुनी व्यवस्थाका साथै सम्मानीत सर्वोच्च अदालतबाट मानव अधिकार आयोगको सिफारिसहरु कार्यान्वयनमा सरकारले कुनै IF वा BUTS प्रयोग गर्न नपाउने भनी निर्णय समेत भइसकेको अवस्थामा पनि सरकारबाट आयोगका सिफारिसहरु कार्यान्वयन नहुँदा आम नागरिकहरुमा आयोगप्रतिको विश्वासमा कमि आउँने र आम जनमानसमा नकारात्मक प्रभाव परेको देखिन्छ ।

## ७.३. सुझाव

कर्णाली प्रदेश मानव विकास सुचांकमा सबैभन्दा पुछारमा रहेको देखिएबाट पनि यस प्रदेशमा मानव अधिकारको अवस्था संतोषजनक नभएको मान्न सकिन्छ । यसर्थ यस प्रदेशको मानव अधिकार अवस्थामा सुधार ल्याउन यहाँको प्रदेश सरकार र स्थानीय सरकारले समन्वयमा यस प्रदेशमा गरिने विकास निर्माण लगायत सबै कार्यक्रमहरुमा मानव अधिकारका सबै विषयवस्तुलाई समेट्दै नेपाल सरकारको मानव अधिकार राष्टिय कार्ययोजनाको कार्यान्वयन पक्षलाई जोड दिन जरुरी रहेको छ । समग्रमा यस कर्णाली प्रदेश तथा यस प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरुलाई देहाय बमोजिमका सुझावहरु प्रस्तुत गरिएको छः

- विकासको केन्द्रविन्दु मानिस भएको र सबै सरकारले गर्ने विकासका कार्यहरुले मानव जातिलाई नै लक्षिय गर्ने हुनाले कर्णाली प्रदेश र यस अन्तर्गका ७९ ओटै स्थानीय सरकारहरुले बजेट विनियोजन गर्दा नै मानव अधिकारमुखी विकास पद्दतीलाइ केन्द्रविन्दुमा राख्नु पर्ने ।
- विकासका सबै प्रकृयाहरु (नीति निर्माण, योजना, बजेट तथा कार्यक्रम, कार्यक्रमको कार्यान्वयन आदि)मा विकासको केन्द्रविन्दुमा रहेका सबै सरोकारवाला नागरिकहरुको सार्थक सहभागीतालाई जोड दिंदै विकास निर्माणका कार्यमा योगदान गर्ने वातावरण निर्माण गर्नुपर्ने ।
- विकासको प्रतिफल वितरणमा समानता र सबै तहका आम नागरिकहरु र सबै भौगोलिक क्षेत्रहरुसम्म पुऱ्याउनु पर्ने ।
- सीमान्तकृत र आवाज विहिनका आवाजलाई सम्वोधन गर्न स्थानीय सरकारले नै नेत्तृत्व लिनुपर्ने ।

- नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाले तोकेका १७ वटा प्राथमिकताका क्षेत्रलाई प्रदेश र स्थानीय तहबाट समन्वय समितिहरु गठन गरी कार्यान्वयनमा जोड दिनुपर्ने ।
- महिला हिंसा तथा बाल अधिकार उल्लङ्घनसँग सम्वन्धित तथ्याङ्कलाई दृष्टिगत गरी सो न्युनीकरणका लागि आवश्यक र प्रभावकारी कदम चाल्नु पर्ने ।
- न्यायिक समितिको भूमिकालाई न्यायको मान्य सिद्धान्त अनुसार प्रभावकारी बनाउनु पर्ने ।

## अनुसूची- १

## कर्णाली प्रदेश कार्यालय सुर्खेतमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.स. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री रमेश कुमार थापा | उपसचिव/कार्यालय प्रमुख | |
| २. | श्री मान बहादुर कार्की | मानव अधिकार अधिकृत | |
| ३. | श्री नरेन्द्र खत्री | मानव अधिकार अधिकृत | |
| ४. | श्री रामप्रसाद उपाध्याय | मानव अधिकार अधिकृत | |
| ५. | श्री सिर्जना श्रेष्ठ | मानव अधिकार अधिकृत | |
| ६. | श्री देबराज परियार | मानव अधिकार अधिकृत | |
| ७. | श्री कविता नेपाली | सहायक प्रथम | |
| ८. | श्री रेशम बहादुर थापा | सवारी चालक | |
| ९. | श्री बलसिंह सुनार | कार्यालय सहयोगी | |
| १०. | श्री नन्द बुढा | सुरक्षा गार्ड | |
| ११. | श्री सीता चौधरी | सुरक्षा गार्ड | |

## अनुसूची- २

## चालु आ. व. २०८१/०८२ को बार्षिक बजेट, कार्यक्रम र प्रगतिविवरण

**राष्ट्रिय मानव अधिकार आयोग**

कर्णाली प्रदेश कार्यालय, सुर्खेत

आ.व. २०८१/०८२ को २०८१ श्रावण देखि २०८२ (चौथो त्रैमासिक) असार मसान्तसम्मको कार्यक्रमको लक्ष्य प्रगती विवरण

| क्र.सं. | बजेट रकम नं. | कार्यक्रम/क्रियाकलापहरु | इकाई | वार्षिक लक्ष्य | | | यस अवधि सम्मको लक्ष्य | | | यस अवधिसम्मको भौतिक प्रगति | | | यस अवधि सम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) | (११) | (१२) | (१३) | (१४) | (१५) | (१६) |
| | २२५२२ | कार्यक्रम खर्च | | | | | | | | | | | | | |
| १ | २.७.७.१.१ | मानव अधिकार उल्लंघनका उजुरी तथा फाइलहरुको अनुसन्धान | वटा | १० | ६.७८ | ५४४.०० | १० | १२.५२ | ५४४.०० | १५ | २२.७८ | १५० | ५४३.०० | ९९.८१६१८ | ७६ हजार रोक्का भएको |
| २ | २.७.७.१.३११ | मानव अधिकार प्रचलनको अवस्था अनुगमन | वटा | ३ | ३.२१ | २६६.०० | ३ | ८.५७ | २६६.०० | १० | २८.५६ | ३३३.३३३३ | २६२.०० | ९८.४९६२४ | ३४ हजार रोक्का भएको |
| | २२५२९ | अन्य कार्यक्रम खर्च | | | | | | | | | | | | | |
| १ | २.७.२७.१.२ | आयोगको स्थापना दिवस मनाउने कार्यक्रम | वटा | १ | ०.६१ | ५०.०० | १ | १.६१ | ५०.०० | १ | १.६१ | १०० | ४९.४३ | ९८.८६ | |
| २ | २.७.२७.१.३ | १० डिसेम्बर दिवस मनाउने कार्यक्रम | वटा | १ | ०.६२ | ५०.०० | १ | १.६४ | ५१.०० | १ | १.६४ | १०० | ४९.६० | ९९.२ | |

नाम थर : नरेन्द्र खत्री
पद : मानव अधिकार अधिकृत
सही :
लेखा प्रमुख

नाम थर : रमेश कुमार थापा
पद : कार्यालय प्रमुख
सही
रमेश कुमार थापा
कार्यालय प्रमुख


## अनूसुची- ३

## विभिन्न निकायले आयोजना गरेका कार्यक्रममा सहभागिता विवरण

| विषय बस्तु | आयोजक |
|---|---|
| UNCRPD को कर्णाली प्रदेशमा कार्यान्वयनको अवस्था | राष्ट्रिय अपांङ्ग महासंघ |
| अन्तराष्टिय बेपत्ता विरुद्धको अन्तरष्टिय दिवसको सन्दर्भमा बेपत्ता र सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी नयाँ ऐनमा भएका व्यवस्थाहरु र संक्रमणकालिन न्यायका सम्बन्धमा आयोगबाट भएका प्रयास सम्वन्धि अन्तरक्रिया कार्यक्रम | इन्सेक र द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल |
| सामाजिक सञ्जालले मानव अधिकारको क्षेत्रमा पारेका सकारात्मक र नकारात्मक असर सम्बन्धी अन्तरक्रिया कार्यक्रम | इन्सेक रसोसेक नेपाल |
| दलित विद्यार्थीहरुको गुणस्तरिय शिक्षामा पहुँचका लागि कर्णाली प्रदेशको भूमिका सम्बन्धी छलफल | नीति फाउण्डेसन |
| स्थानिय तहमा दलित प्रतिनिधि र महिला बालबालिका तथा दलित शाखामा कार्यरत कर्मचारीहरुका लागि २ दिने | राष्ट्रिय दलित आयोग |

| विषय बस्तु | आयोजक |
| --- | --- |
| अभिमूखिकरण कार्यक्रममा | |
| उच्च अदालत सुर्खेतबाट भएका सार्वजनीक सरोकारका विषयमा भएका फैसलाहरुको कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम | इन्सेक सुर्खेत |
| लोकसेवा आयोगको स्थापना दिवसको अवसरमा आयोजित हाजिर जवाफ र चियापान कार्यक्रम | लोक सेवा आयोग, सुर्खेत |
| राउटे समुदायको मौलिकता संरक्षण र सुरक्षा चुनौति विषयक अन्तरक्रिया कार्यक्रम | सामाजिक विकास मन्त्रालय |
| मानव अधिकार रक्षक सम्बन्धी विद्ययेक सम्बन्धमा कर्णाली प्रदेशका प्रमुख सचिवसँग छलफल बैठक | मुख्यमन्त्री कार्यालय, सुर्खेत |
| सुर्खेतको बह्राताल गा.पा.मा वातावरण संरक्षणमा सरोकारवालाको भूमिका विषय अन्तरक्रिया कार्यक्रम | स्थानीय मानव अधिकार समुह |
| संकटग्रस्त संक्रमणकालिन न्यायः र अबको  बाटो विषयक अन्तरसंवाद कार्यक्रम | द्वन्द्व पीडित समाज लगायत विभिन्न संघसंस्थाहरु |
| कुपोषण मुक्त कर्णाली प्रदेश स्तरिय शुभारम्भ | किर्डाक नेपाल |
| अपांङ्गता भएका व्यक्तिहरुको संघ संस्थाहरुलाई क्षमता विकास सहयोग अन्तरप्रदेश विकास आदन प्रदान कार्यक्रम | अपाङ्ग जनचेतना तथा सञ्चार सेवा केन्द्र |
| एचआईभी संक्रमित महिलाहरुको अवस्था सम्बन्धमा सरोकारवाला निकायसँग छलफल | एचआईभी संक्रमित महिलाहरुको राष्ट्रिय महासंघ |
| Consultation on Fourth Cycle Reporting on Universal Periodic Review | इन्सेक |
| अपांङ्गता भएका बालबालिकाहरुको मानव अधिकार अवस्था | बाल अधिकार परिषद् |
| बेपत्ता पारिएको व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको ऐन २०७१ को बिषयमा सञ्चारकर्मी, अधिकारकर्मी र नागरिक समाजसँग अन्तरक्रिया | सहकर्मी समाज सुर्खेत |
| सामाजिक न्याय र विकास प्रक्रियामा दलित महिलाको पहुँच अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई तथा छलफल | दलित महिला संघ, सुर्खेत |
| अपांङ्गता भएका व्यक्ति सम्बन्धी राष्ट्रिय नीति सम्बन्धी अन्तर्क्रिया | राष्ट्रिय अपांङ्ग महासंघ, सुर्खेत |

| विषय बस्तु | आयोजक |
|---|---|
| कर्णाली प्रदेशमा राज्यको सेवा सुविधाहरुमा आदीवासी जनजाती अपांङ्गता भएका व्यक्ति /समुदायका महिलाहरुको पहुँच सम्बन्धी अध्ययन प्रतिवेदन सम्बन्धी  छलफल | राष्ट्रिय आदीवासी जनजाति अपाङ्ग महिला संघ, सुर्खेत |
| अपांङ्गता भएका व्यक्तिको अधिकार | अपाङ्गता भएका आदीवासी जनजातिको लागि अनुसन्धान र विकास केन्द्र |
| उपनिर्वाचन २०८१ र बालबालिकाको सवाल विषयक प्रदेश स्तरिय राजनीतिक दल तथा नागरिक समाज बिच अन्तरक्रिया कार्यक्रम | बाल अधिकारका लागि साझा अभियान |
| ILO Conference | ICTILO |
| अनुसन्धान अधिकृतहको सम्मेलन | NHRC Head Office |
| SRHR सम्बन्धी २ दिने तालिम | UNFPA |
| बार्षीक कार्ययोजना कार्यान्वयन समिक्षा कार्यक्रम | आयोग |
| बालबालिका तथा किशोर मानसिक स्वास्थ्य सम्बन्धी निर्देशिका सम्बन्धी छलफल | सिएमसी |
| शिक्षामा लगानी जिम्मेवारी कसको र कसरी | NCE Nepal |
| तेस्रो गौरव यात्रा | BDS |
| KSL Kathmandu बाट आयोगको काम, कर्तब्य र कर्णालीमा आयोगको प्रभावकारीता सम्बन्धमा स्थलगत अध्ययन गर्न आएका विद्यार्थीसँग अन्तरक्रिया कार्याक्रम | NHRC Surkhet |




जीवन, मर्यादा समानता, स्वतन्त्राको अधिकार : दिगो शान्ति र समृद्धिको आधार

# राष्ट्रिय मानव अधिकार आयोग


कर्णाली प्रदेश कार्यालय, सुर्खेत

इमेल: nhrcskt@nhrcnepal.org

वेवसाइट: www.karnali.nhrcnepal.org